CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली साहित्य र आलोचना



९१·४९०९
१४२ने

डी.पी. अधिकारी

CC-0. In Public Domain. Digitization by eGangotri

"हु इज् हु – नेपाल"

(दोश्रो संस्करण)

संशोधित र विस्तृत रूपमा छिटै प्रकाशित हुँदैछ । तसर्थ यस्मा विज्ञापन दिएर लाभ उठाउनोस् ।

प्रकाशक

काठमाण्डु स्कूल अफ् जर्नालिज्म

(अनुसन्धान तथा प्रकाशन केन्द्र)

डिल्लीबजार, काठमाडौं, पो. ब. नं. १३८१

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली साहित्य र आलोचना

चिरञ्जीवी हृदय पाण्डे ज्यूद्वारा
उपहार प्राप्त।

प्रकाशक

काठमाण्डु स्कूल अफ् जर्नालिज्म

(अनुसन्धान तथा प्रकाशन केन्द्र)

डिल्लीबजार, काठमाडौं

पो. बा. नं. १३८१

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथम संस्करण– ५०० प्रति
मङ्सीर, २०३२

सर्वाधिकार लेखकमा सुरक्षित

८९१.४९०१
अ४२नें

मूल्य रू. ५।–

S.NO. 1522

मुद्रक :–
कालिमाटी प्रिन्टिङ्ग प्रेस
कालिमाटी, (भिमसुक्तेश्वर),
काठमाडौं, नेपाल ।

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

	पाना
१. प्रकाशकको भनाई	क
२. 'नेपाली साहित्य र आलोचना'का सन्दर्भमा	घ
३. नेपाली साहित्यमा सामाजिक प्रतिनिधित्व	१
४. नेपाली उपन्यास र जनजीवन	६
५. नेपाली साहित्यमा सामाजिक चिन्तन्	११
६. हृदयचन्द्र सिंह प्रधान	२५
७. कला, जीवन र दर्शन	३२
८. गोपाल प्रसाद रिमालको नाटक "मशान" माथिको एक अध्ययन	३७
९. साहित्यमा आधुनिकतावाद के हो ?	४१
१०. प्रगतिशीलता र यथार्थता	४६
११. प्रगतिशील साहित्य र आलोचना	५१
१२. आजको एउटा कथा संग्रह	५९

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकको भनाई

सम्वत २०२८ सालमा स्थापना भएको काठमाण्डु स्कूल अफ् जर्नालिज्मले आफ्नो अस्तित्वकालदेखि गर्दै आइरहेको कार्यहरू यस स्कूलको कार्यहरू प्रति अभिरूचि राख्ने मानिसहरूबाट लुकेको छैन जस्तो हामीलाई लाग्नु अस्वाभाविक कुरा नठहर्ला । हुन त शुरूमा देशमा स्वस्थ राष्ट्रमूलक पत्रकारिताको विकास गर्नको लागि पत्रकारिताको कक्षा संचालन गर्ने उद्देश्यबाट यस स्कूल खोलिएता पनि विभिन्न कारणवश कक्षा संचालन गर्न सकिएन । यसको मुख्य कारण खास गरी विश्वविद्यालयबाट मान्यता नपाउनु नै थियो, यद्यपि यसको लागि हामीले कुनै प्रयास गर्न बाँकी राखेनौं । पछि स्कूलको मूल उद्देश्यमा केही हेरफेर गर्न बाध्य भएका हामीले स्कूललाई "अनुसन्धान एवं प्रकाशन केन्द्र" बनायौं र यसै नयाँ उद्देश्य अनुरूप श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ राज्याभिषेकको पुनीत उपलक्षमा देशको जनजीवनका विभिन्न क्षेत्रका ख्यातिप्राप्त तथा प्रतिष्ठित एवं उदाइरहेका व्यक्तिहरूको जीवनी संग्रह "Who is Who-Nepal" (1972-74) देशमा सर्वप्रथम प्रकाशित गरिएको कुरा त सर्वविदितै छ । निकट भविष्यमा यस पुस्तकको दोश्रो संस्करण प्रकाशित गरिने छ जुन बढी विस्तृत र विकसित रूपमा प्रकाशमा आउने छ ।

यता आएर विश्वविद्यालयले देशको चौतर्फी उन्नतिको निम्ति प्रमुख भूमिका खेल्न सक्ने स्वस्थ पत्रकारिताको विकासप्रति बढदो ध्यान दिन लागेको निश्चय नै एउटा स्वागत–योग्य कुरा हो । यसै कुरा अनुरूप त्रिभुवन विश्वविद्यालय र यस स्कूलका बीच हालसाल फेरि आधिकारिक रूपमा सम्पर्क कायम भई विश्वविद्यालयको मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थानबाट यस स्कूललाई "त्यस स्कूलमा अध्यापन गराइने गरेको पाठचक्रम" पठाउन भनिए बमोजिम यस स्कूलले प्रमाणपत्रस्तरको लागि तयार गरेको पाठ्यक्रम विश्वविद्यालयछेउ पेश गरेको छ र हामी त्यसको छिटो प्रत्युत्तरको प्रतिक्षामा छौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

अब प्रस्तुत प्रकाशन बारे केही शब्द "नेपाली साहित्य र आलोचना" हाम्रो देशका प्रमुख सार्वजनिक व्यक्ति एवं साहित्यिक आलोचक श्री डी. पी. अधिकारीले लेख्नु भएका केही साहित्यिक लेखहरूको संकलन हो जुन लेखहरू हामीले विभिन्न अंकका सामयिक प्रकाशनहरू —'निर्माण', 'रुकसक', 'मधु-विन्दु', 'सम्झना', 'कोपिला', 'काफल', र 'रूप–रेखा' बाट लिएका छौं । यो पुस्तक स्कूलको साहित्य सम्बन्धी विषयमा पहिलो प्रकाशन हो । नेपाली साहित्यको क्षेत्रमा आलोचनाको आफ्नै विशिष्ट स्थान रहेको र श्री अधिकारी-ज्यूको यस लेखसंग्रह नेपाली साहित्यका पाठकहरूको लागि रुचिकर नै हुनेछ भनी हामी ठान्द छौं ।

स्वयं श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव साहित्य, कला र संस्कृतिको विषयमा विशेष रूचि लिइबक्सन्छ र यी क्षेत्रहरूको विकास-को लागि मौसूफ सरकारबाट ऐतिहासिक पाइलाहरू सारिबक्सेको छ । यो कुरा मौसूफ सरकार नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको संरक्षक होइबक्सेको, मौसूफ सरकारबाट नेपाल ललित कला संस्थाको स्थापना र अध्यक्षता ग्रहण गरिबक्सेको, मौसूफ सरकार युवराजाधिराज होइबक्सदा सचित्र पत्रिका " रमझम " को सम्पादक मंडलको अध्यक्ष होइबक्सेको र मौसूफ सरकारबाट बराबर कविता उत्सव आदिको लागि विचारोत्तेजक, शिक्षाप्रद एवं मननीय विषयहरू बक्सने गरेकोबाट ज्वलन्त रूपले प्रमाणित हुन्छ । तसर्थ अध्ययन, अनुसन्धान एवं मौलिक रचनाद्वारा नेपाली साहित्य, कला र संस्कृतिलाई सुसम्पन्न बनाएर नेपाली समाजलाई विश्वको सामु अगाडि बढाउने श्री ५ महा-राजाधिराज सरकारको सदिच्छालाई साकार पार्ने काममा प्रस्तुत प्रकाशनले आफ्नो किसिमको योगदान देला भन्ने आशाबाट यो पुस्तक प्रकाशित गरिएको हो ।

अन्त्यमा देशको सर्वतोमुखी विकास विभिन्न किसिमका अनुसन्धानात्मक कार्यहरूबाट मात्र सम्भव हुने हुँदा यस स्कूल यस्ता कार्यहरूको सम्वर्धन गर्नको लागि सदैव तत्पर रहेको कुरा अवगत गराउँदै यस कार्यमा स्कूललाई सहयोग प्रदान गर्न हामी देशका तमाम बुद्धिजीवीवर्ग र सम्बन्धित एवं इच्छुक संघसंस्था-हरूसित अनुरोध गर्दछौं । साथै देशका विभिन्न क्षेत्रका लेखकवर्गसित हामी उहाँहरूका मौलिक कृति वा रचनाहरू प्रकाशित गर्न परेमा पनि हामीसंग सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक श्री डा. वासुदेव त्रिपाठीले प्रस्तुत प्रकाशन बारे आफ्नो मनतव्य दिन प्रकाशकले गरेको अनुरोध सहर्ष स्वीकार गरिदिनु भएकोमा हामी उहाँप्रति आफ्नो हार्दिक आभार प्रकट गर्दछौं ।

श्री डी.पी. अधिकारीको बल्क सहयोग स्वरूप प्रदान गर्ने "नौलो नेपाली" पाक्षिकलाई पनि हामी धन्यवाद दिन्छौं ।

अन्त्यमा रचनात्मक उद्देश्य लिएर काम गर्न अग्रसर जनस्तरमा खोलिने संघसंस्थाहरूलाई आफ्नो खुट्टामा खडा गराउन श्री ५ को सरकार प्रयत्नशील रहनु पर्ने आवश्यकताप्रति ध्यान आकर्षित गराउँदछौं किनभने संस्थागत विकास नभइकन देशको चौतर्फी विकास सम्भव छैन भन्ने कुरामा हामी विश्वस्त छौं ।

CC-0. In Public Domain. Digitization by eGangotri

'नेपाली साहित्य र आलोचना'का सन्दर्भमा

१

श्री डी०पी अधिकारीको "नेपाली साहित्य र आलोचना" नामक पुस्तक मैले आद्योपान्त पढें। यसमा उहाँद्वारा विभिन्न बखतमा लेखिएका र विविध पत्रिकामा छापिइसकेका दशवटा समालोचनात्मक रचनाको समावेश गरिएको छ।

यस पुस्तकका बारेमा केही भन्न खोज्दा मेरा संकनामा श्री अधिकारी-को साहित्यिक व्यक्तित्वको समष्टि–चित्र प्रकटहुन खोज्छ र विगत दुइ दशकको नेपाली साहित्यको विकास–प्रक्रियाका सापेक्षतामा त्यस व्यक्तित्वको निरूपण गर्ने उत्कण्ठा पनि सलबलाउँछ, तैपनि मेरो आजको प्रसङ्ग त्यो होइन र उहाँको साहित्यिक व्यक्तित्वको समष्टि चित्रकै पनि पूरापूर रेखाङ्कन मेरो आजको गन्तव्य होइन भन्ने कुरा स्पष्टै छ। अवश्यै 'माउसुली' कथा–सङ्ग्रहका कथाकार वा 'आशमाया' (२०२५) र 'धरती अझै बोल्दै छ' (२०२७) का उपन्यासकारसंग 'यथार्थवादी समालोचना (२०१७) र 'नेपाली साहित्य र आलोचना' (२०३२) का समालोचकको अन्त: संबन्ध छ, तैपनि म आज समालोचक डी०पी० अधिकारीकै सेरोफेरोको परिभ्रमण गर्न कलम समात्तै छु।

नेपाली राजनीतिका क्षेत्रमा श्री डी०पी० अधिकारीको लामो भूमिका रहेको छ र आफ्ना खास धारणाका साथ उहाँको राजनैतिक व्यक्तित्व मुखारित भएको पाइन्छ। कथाकार वा उपन्यासकार डी०पी० मा त्यो राजनैतिक व्यक्तित्व प्रतिरोपित भएको छ भन्न विश्लेषणको आश्रय लिनु पर्ला, तर डी०पी० को राजनैतिक र समालोचक व्यक्तित्वका बीचको अन्त: सम्बन्ध

CC-0. In Public Domain. Digitization by eGangotri

स्पष्टै देखापर्छ । गहिरिएर विचार गर्दा डी०पी० को राजनैतिक, स्रष्टा वा समालोचक व्यक्तित्वको निकटता स्थापित हुन्छ र वास्तवमा डी०पी० का धारणा र मान्यताकै आख्यानीकरणका चेष्टाका रूपमा उहाँका कथा र उपन्यासले काया पाएका छन् भने तिनकै प्रयोग–भूमिका रूपमा डी०पी०को साहित्यिक समालोचनाले प्राण प्राप्त गरेको छ ।

डी०पी० को वैचारिकताको आधारशिला मार्क्सवाद हो । कार्ल मार्क्स स्वयमले आफ्ना द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी मान्यताको प्रयोग साहित्यमा गरे वा नगरे पनि उनैका सहकारी एन्जेल्सदेखि यता क्रमशः मार्क्सवादका आधारमा साहित्यको सैद्धान्तिक र प्रयोगात्मक समालोचनाको प्रक्रिया बढ्दै गएको पाइन्छ । विशेषत: लेनिनको सन् १९०५ को 'दलीय सङ्गठन र साहित्य' र माओ–त्से–तुङ्गको सन् १९४२ को 'येनान टक्स' (येनान भाषण) देखि रूस र चीनका साम्यवादी आलोचनामा साहित्यलाई हतियारका रूपमा प्रयोग गरिएको कुरा अझै ताजै छ । सन् १९३५ मा पेरिसमा अन्तर्राष्ट्रिय प्रगतिशील लेखक सङ्घको स्थापनापछि युरोपमा मार्क्सवादी साहित्यिक दृष्टिकोण निकै फस्टाउन खोजेको हो भने कड्वेल, राल्फफक्स, र जर्ज लुकाचसम्म आइपुग्दा युरोपमा मार्क्सवादी साहित्य दृष्टि उत्तरोत्तर प्रौढ पनि हुँदै गएको अनुभव गरिन्छ । उपनिवेशवादको अन्तिम प्रहर लाग्न थालेदेखि यता एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका विभिन्न मुलुकहरूमा पनि मार्क्सवादी विचारधारा र साम्यवादी आन्दोलनसंगसंगै जस्तो मार्क्सवादी साहित्य–मान्यता फैलिदै आइरहेको अनुभव हुन्छ । सामाजिक विकास–प्रक्रियाको प्रसङ्गानुसार साहित्य सर्वाहारा वर्गको क्रान्तिकारी हतियार वा समाजवादी नव–निर्माणको रचनात्मक औजार ठानिए–मानिए पनि मार्क्सवादी व्यापक कार्यक्रमका सन्दर्भमा साहित्य प्रभावशाली साधनकै रूपमा स्वीकारिएको देखिन्छ । डी०पी० का सृजना र समालोचनालाई पनि यसै परिप्रेक्ष्यमा राखेर हेर्न सकिन्छ ।

सामान्यत: प्रगतिवाद वा प्रगतिशीलता मार्क्सवादको साहित्यिक अवतरणकै संज्ञाका रूपमा प्रचलित छ र स्वर्गीय हृदयचन्द्र सिंह प्रधानलाई नै नेपाली साहित्य र समालोचनाका क्षेत्रमा प्रगतिवादका प्रथम महत्त्वपूर्ण

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवक्ताको आसन दिइएको छ; वस्तुत उनी यस अग्रासनका अधिकारी पनि प्रतीत हुन्छन् । मार्क्सवाद र यसको साहित्यिक प्रयोगका सम्बन्धमा हृदयचन्द्रको पाण्डित्य र बौद्धिक वजन जे जति भए पनि हृदयचन्द्रको निष्ठा निर्विवाद रूपमा प्रगतिवादप्रति पाइन्छ र उनको प्रयोक्ता–व्यक्तित्वको ऐतिहासिक योगदान स्मरणीय रहँदै आएको छ । जे होस्, हृदयचन्द्र सिंहकै जीवनको अन्तिम दशकतिर मार्क्सवादी विचारधारामा प्रशस्त दीक्षित अनेकौं युवा–युवतिहरूले मार्क्सवादमा आधारित साहित्य–मान्यतालाई अंगाल्दै सृजना र समालोचनाका क्षेत्रमा पाइला टेकेको पाइन्छ र २००७ साल पछिको त्यस एक दशकमा प्रगतिशील लेखनको आन्दोलनले नेपाली साहित्यमा निकै नै हलचल मच्चाएको भेटिन्छ । वास्तवमा उक्त एक दशकको नेपाली साहित्यको वायुमण्डलमा प्रगतिवाद प्रवाहित हुन लागेको अनि मूलत: क्लासिकल वा रोमाण्टिक प्रवृत्तिका कैयौं प्रतिष्ठित लेखकहरूले पनि अंशत: प्रगतिवादतिर चाख राख्न खोजेको र कैयौं प्रतिभाशाली नयाँ लेखकहरूका प्रारम्भिक रचनामा प्रगतिवाद सलबलाउन लागेको अनुभव हुन्छ; उदाहरणार्थ लेखनाथ, सम वा देवकोटाका २००८–२०१६ का कतिपय रचना वा भूपि र रमेश विकलका प्रारम्भिक रचनालाई र देवीप्रसाद किसान वा गोकुलप्रसाद जोशीका सबै जसो रचनालाई लिन सकिन्छ । यो स्थिति प्रगतिवादको विजय वा परिपाकको क्षण नभई आरम्भिक हलचलको सूचक मात्र हो भन्ने कुरा स्वत: स्पष्ट छ । यसै अवधिमा नै उदाएका युवा प्रगतिशील समालोचकहरूले आत्म–अभ्यास गर्नुका साथै सैद्धान्तिक मत–मन्तव्य र प्रयोगात्मक मूल्याङ्कनका क्षेत्रमा उत्तरोत्तर पाइला चाल्दै लगेको पाइन्छ । विगत दुई दशकमा प्रगतिवादी लेखनलाई उकास्ने र फैलाउने अनि प्रगतिवादी साहित्य–मान्यतालाई स्थापित गर्ने यसै सिलसिलामा भूमिका खेल्ने कैयौं नामहरू अग्रगण्य देखिन्छन् :– गोविन्दप्रसाद लोहनी, कृष्णचन्द्र सिंह, श्यामप्रसाद शर्मा, धनुषचन्द्र गौतम, गणेशलाल सुब्बा, डी०पी० अधिकारी, आनन्ददेव भट्ट, तानासर्मा, सरिता ढकाल, भवानीप्रसाद शर्मा, गोविन्द भट्ट, टी०आर० विश्वकर्मा, वासुदेव शर्मा आदि । अवश्य नै नेपालको साम्यवादी आन्दोलनसंग प्रगतिवादी अभियानको संबन्ध रहेकै प्रतीत हुन्छ र प्रगतिवादमाथि प्रजातान्त्रिक विचारधाराका समर्थकहरूका साथै शुद्ध साहित्यका पक्षपातीहरूले पनि आक्रमण गरिरहेकै

CC-0. In Public Domain. Digitization by eGangotri

देखिन्छ; तैपनि २००७ साल पछिको व्यापक प्रगतिवादी हलचलको दशकमा समेत प्रगतिवादी साहित्य–मान्यताले केन्द्रीय प्रामाणिक व्यक्तित्वका रूपमा कुनै समालोचक व्यक्तित्वलाई प्राप्त गर्न नसकेको र अझ प्रगतिवादीहरूका बीच आपसमैं मत–मन्तव्यको भीडन्त परेको हुँदा प्रगतिवादी नेपाली साहित्यको अभियान वास्तविक तात्पर्यमा अस्तव्यस्त रहेको देखापर्छ। अझ २०१७ सालको राष्ट्रिय परिवर्तन र पञ्चायती व्यवस्थाको अभ्युदयको फलस्वरूप नेपाली राजनीतिमा आएको नयाँ दिशा र अन्तर्राष्ट्रिय साम्यवादी आन्दोलनका मतभेदहरूका सन्दर्भमा अझ ज्यादा आपसी अन्तर्विग्रह र अन्तर्विभाजनद्वारा चिरा–चिरा परेको नेपाली मार्क्सवादी चिन्तन–धाराका सन्दर्भमा प्रगतिवादी मतभेद झन चर्किनु प्रत्याशितै ठहर्छ। नेपाली प्रगतिवादी समालोचनाको यसै अन्तर्विग्रहग्रस्त परिप्रेक्ष्यमा डी.पी. को समालोचक–व्यक्तित्व विगत पुग-नपुग दुई दशकमा प्रकट हुन्छ। प्रायः प्रत्येक नेपाली प्रगतिवादी समालोचक आफ्नै व्याख्या र हेराइलाई मात्र प्रामाणिक मार्क्सवादी साहित्य–दृष्टि ठान्दछ भने त्यसैले गर्दा प्रगतिवादी समालोचनाका विकास क्रममा डी.पी. को या अन्य कुनै समालोचकको खास योगदान ठम्याउनु चाहिँ कठिन जस्तो पनि देखा पर्छ।

छिटफुट रूपमा डी.पी. को वैचारिक लेखन २०१३–०१४, सालतिरै-देखि झुल्कन्छ। मुख्यतः सरिताका नाममा लेखिएको पत्रात्मक समालोचनाबाट प्रगतिवादी साहित्यका सम्बन्धमा डी. पी. का मत–मन्तव्यको प्रकाशन–प्रक्रिया थालिन्छ र 'यथार्थवादी समालोचना' (२०१७) यसैको सङ्कलित रूप हो। सरिता ढकालले यसै 'यथार्थवादी समालोचना' लाई आधारभूत मान्यताका रूपमा स्वीकार्दै 'प्रगतिशील दृष्टिमा केही समालोचना' (२०२० ?) लेखेको पाइन्छ, परन्तु धेरैजसो प्रगतिवादी समालोचकहरू र 'यथार्थवादी समालोचना' का डी.पी. अधिकारीका बीचमा रचनात्मक सहकारिता र समझदारीभन्दा पारस्परिक खण्डन–मण्डन नै ज्यादा चलेको देखापर्छ। वस्तुतः यसको आभास डी.पी. कै यो 'साहित्य र आलोचना' नामक सङ्ग्रहभित्रका समालोचनात्मक लेखहरूको विषय वस्तुबाटै पनि प्रष्टिन्छ।

२०१७ साल पछिको दशकमा जति सलबलाएको थियो त्यसका तुलनामा २०१७ सालपछिको दशकमा साम्यवादी राजनीति जस्तै प्रगतिवादी

CC-0. In Public Domain. Digitization by eGangotri

अभियान पनि टुक्रा-टुक्रा तुल्य देखिन्छ र अझ आपसी अन्तर्विग्रह र उग्र मत-भेद नै प्रगतिवादी अभियानका शिथिलता र अस्तव्यस्तताका कारण देखा-पर्छन्। यस सन्दर्भमा कैयौं पुराना प्रगतिवादी समालोचकहरूले कलम बिसाइसके झैं, अझ बदलिए झैं र प्रगतिवादी मोर्चा समेत छोडे झैं भान हुन्छ भने शेष प्रगतिवादी समालोचकहरू पनि खास अर्थमा कमै सक्रिय छन्। अवश्यै फाट-फुट प्रगतिवादी चर्चा-परिचर्चा पढ्न पाइन्छ र केही नयाँ व्यक्तित्वहरू फूलिँदै रहेको भेटिन्छ तैपनि विगत दशकमा प्रगतिवादी नेपाली समालोचना जीवन्तभन्दा ज्यादा मतभेद-जर्जर र विकासशीलभन्दा ज्यादा विश्रान्तिशील भए झैं अनुभव हुन्छ। डी.पी. अधिकारीद्वारा प्रस्तुत यो 'साहित्य र समालोचना' कृति यही मौन प्राय परिवेषमा अझै बाँकी एकाध मुखर स्वरहरूकै श्रेणीमा सुनाउँछ र हिजोका धेरै जसो प्रगतिवादी समालोचकहरू सुस्ताएका बखत प्रगतिवादको पुरानो पुस्ताको शेष आवाज झैं सुनिन्छ। यस अर्थमा प्रगतिवादी समालोचनाका क्षेत्रमा डी.पी. को भूमिका हिजो नभए पनि आज आएर छर्लङ्गिदो छ भन्न सकिन्छ।

२

साहित्यिक मूल्याङ्कनमा मार्क्सवादको प्रयोगको तात्पर्य हो सामाजिक यथार्थको खास मान्यतामा आधारित समालोचना। पाश्चात्य समालोचना-सिद्धान्तको अनुगमबाट समाजपरक समालोचनाका क्षेत्रमा मार्क्सवादी साहित्य-चिन्तकहरूको ठूलो भूमिका रुपष्ठिन्छ भने नेपाली समालोचनाका निम्ति पनि परिपक्व र संवेदनशील प्रगतिवादी समालोचकहरूबाट प्राप्त हुने लाभ अपरि-शेष देखिन्छ। अवश्यै साहित्य भन्नु सामाजिकताकै मात्र अङ्कन होइन र साहित्यको सृजना-प्रक्रिया र कृतिमा अन्तर्निहित प्राप्तिमा समेत व्यक्तिकै अंश मानसिकता र रूपको पनि छ जति सामाजिकताको हुन सक्छ; त्यसैले समाज-परक समालोचना (मार्क्सवादी वा अ-मार्क्सवादी) बाट मात्रै साहित्यिक व्यक्तित्व वा कृतित्वको सर्वाङ्गीण विश्लेषण वा मूल्याङ्कन हुन सक्तैन भने केवल मनोविज्ञानपरकता वा रूपपरकताबाट मात्रै पनि (समाजपरक समा-लोचना बिना) साहित्यिक व्यक्तित्व र कृतित्वको सर्वाङ्गीण विश्लेषण-मूल्याङ्कन संभव देखिदैन। मार्क्सदेखि जर्ज लुकाचसम्म आइपुग्दा मार्क्सवादी

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य–समालोचनामा निरन्तर परिपक्वता थप्दै गएको छ र साहित्यको समाजपरक विश्लेषण र मूल्याङ्कनका निम्ति प्रशस्त प्रकाश प्राप्त भएको छ र यस वास्तविकतालाई स्वीकार्नै पर्छ; परन्तु वर्ग र वर्ग–मनोविज्ञानको द्वन्द्वका साथै पूर्ण मानवीय चैतन्यको पूर्ण अभिव्यञ्जनाको मान्यतासम्म आइपुगेर पनि मार्क्सवादी साहित्यचिन्तन–प्रक्रिया आँफैमा सर्व–सम्पूर्ण साहित्य–शास्त्र बनिसकेको छ भन्ने दावा चाहिं सार्थक अनुभव हुँदैन । त्यसैले समाजशास्त्रका उत्तरोत्तर उपलब्धिका साथै मनोविज्ञानका उत्तरोत्तर परिपाकशील मान्यता समेतका सहकारितामा साहित्यक रूप–तत्त्व समेतका उत्तरोत्तर स्थापना समेत अंगालेर मार्क्सवादी साहित्य–शास्त्रको गतिशील सामर्थ्यमा वृद्धि गर्ने संभावना अवश्य छ; तर मार्क्सवादी–लेनिनवादी सन्दर्भमैं हुर्कंदो समाजपरक दृष्टिबाट चाहिं साहित्यको मनोवैज्ञानिक र रूपपक्षप्रति न्याय संभाव्य देखिंदैन । जे होस्, आज नेपाली साहित्यमा आपसी अन्तर्विग्रहपूर्वक देखापरेको प्रगतिवादी समालोचना–मान्यता स्वयम्मा परिपूर्ण साहित्य–शास्त्र हुन नसके पनि नेपाली साहित्यको सामाजिकताको वर्गपरक विश्लेषण–मूल्याङ्कनका निम्ति अत्यन्त सहायक एक कोणका रूपमा चाहिं सार्थक हुन सक्ने देखिन्छ । प्रगतिवादी समालोचनाले कुनै साहित्यकार वा कृतिको सर्वाङ्गीण विश्लेषण–मूल्याङ्कनको दावी गर्नुभन्दा सामाजिक कोणकै परिपक्व प्रयोगका आधारमा साहित्यको त्यस पक्षको विश्लेषणमा केन्द्रित हुनु उपयोगी देखापर्छ र सिङ्गो साहित्यको विश्लेषण–मूल्याङ्कनका निम्ति चाहिं प्रगतिवादी समालोचकले पनि मनोवैज्ञानिक र रूपपक्षीय दृष्टि समेत फिजारेर मार्क्सवादी समाज-दृष्टिसंग यिनलाई मिलाई 'साहित्यशास्त्र' को सर्वाङ्गीणताको अन्तर्भाव गर्नैपर्छ ।

३

श्री डी.पी. अधिकारीको प्रस्तुत 'नेपाली साहित्य र आलोचना' मा परेका समालोचनात्मक रचनालाई दुई समूहमा बाँड्न सकिन्छ— (क) नेपाली साहित्यको समाजपरक वर्गीय विश्लेषण–मूल्याङ्कन सम्बन्धी, र (ख) प्रगतिवादी साहित्य–मान्यता सम्बन्धी । यस पुस्तकमा समाविष्ट समालोचनात्मक रचनाहरूका शीर्षकबाटै पनि उपर्युक्त दुई प्रकारको विभाजन स्पष्टिन्छ; जस्तै :—

CC-0. In Public Domain. Digitization by eGangotri

(क) नेपाली साहित्यको समाजपरक विश्लेषण–मूल्याङ्कन सम्बन्धी :–

१. नेपाली साहित्यमा सामाजिक प्रतिनिधित्व

२. नेपाली उपन्यास र जनजीवन

३. नेपाली साहित्यमा सामाजिक चिन्तन

द्रष्टव्य :– निम्न लिखित तीन रचनाका शीर्षकले नजनाए पनी यिनीहरूको प्राप्ति सामाजिकताकै विश्लेषण मूल्याङ्कन हो ।

१. हृदयचन्द्र सिंह प्रधान

२. गोपाल प्रसाद रिमालको नाटक 'मसान'... ...

३. आजको एउटा कथा–संग्रह ।

(ख) प्रगतिवादी साहित्य–मान्यता सम्बन्धी

१. कला, जीवन र दर्शन

२. साहित्यमा आधुनिकतावाद के हो ?

३. प्रगतिशीलता र यथार्थता

४. प्रगतिशील साहित्य र आलोचना ।

उपर्युक्त विभाजन र विवरण तथा ती रचनाभित्र पसेर हेर्दा केही निष्कर्ष निक्लन्छन् । डी.पी. का रचना समाजपरक रहेकाछन् र सामाजिक-कोणबाट वर्गीय दृष्टिकोणले नेपाली साहित्यको विश्लेषण–मूल्याङ्कन नै यिनको ध्येय रहेको छ । साहित्य–मान्यताका बारेमा पनि प्रगतिवादी समालोचक-हरूका बीचको अन्तर्विरोध यी रचनाबाट व्यक्त हुन्छ र डी.पी. को आफ्नो मत–मन्तव्यको प्रस्तुतीकरणको प्रयत्न स्पष्ट देखिन्छ । अवश्यै 'साहित्यमा आधुनिकतावाद के हो ?' मा चाहिं वि.प्र. कोइरालाको साहित्यिक दृष्टिकोण-को खण्डनको प्रयत्न छ । समष्टिमा डी.पी. आफ्ना खास मान्यता राख्दै प्रगतिवादी साहित्य मान्यताको प्रतिपादन र तिनको प्रयोगद्वारा नेपाली साहित्यको समाजपरक वर्गीय विश्लेषण–मूल्याङ्कनमा संलग्न रहेको अनुभव यस पुस्तकबाट प्राप्त हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

४

नेपाली समालोचना मूलत: दुई–तीन किसिमका अवरोधबाट पीडित छ । प्रथमत: नेपाली साहित्य सम्बन्धी वस्तुतथ्यको राम्रो खोजको अभाव र भएका वस्तुतत्थ्यकै समेत सर्वाङ्ग सूचना प्राप्त हुने र प्राप्त गर्ने प्रक्रियाको शिथिलता नेपाली समालोचनाको विकासका मार्गमा प्रबल बाधाका रुपमा रहेको छ । अर्को कुरा नेपाली समालोचना प्राय: सतहमै नाच्छ र कुनै खास विन्दुमा टेकेर त्यसको साङ्गोपाङ्ग वस्तुगत विश्लेषण गर्दै निष्कर्षमा पुग्नुभन्दा प्राय: एक लेखमै विशाल परिधिको विस्तृत विषयको विवेचना टुङ्ग्याईदिने तथा टुङ्ग्याउनु पर्ने र त्यसको फलस्वरूप कतिपय स्थापना सन्दिग्ध हुने अवस्था अझै छ । यी दुवै कुराको स्वल्प असर श्री डी.पी. अधिकारीको प्रस्तुत 'नेपाली साहित्य र आलोचना' मा पनि पाइन्छ । वास्तवमा यी दुवै कुरा नेपाली समालोचनाकै पनि साझा कमजोरीका लक्षण हुन् । साथै नेपाली समालोचनालाई रचनात्मक आकाङ्क्षाले जतिकै र अझ बढी आक्रमण–प्रत्याक्रमणको आत्म–परितोष वा परस्पर–प्रतिस्पर्धाले प्रेरणा दिने गर्दछ । यो अर्को साझा लक्षण समेत डी.पी. को यस पुस्तकमा पनि देखिन्छ ।

५

नेपाली प्रगतिवादी समालोचनाको एक चौथाई शताब्दी आयु बित्दै छ । यस अवधिमा प्रशस्त प्रगतिवादी समालोचकहरू उदाउनाका साथै हराएको र अस्ताएको पाइन्छ भने डी.पी. अधिकारी 'यथार्थवादी समालोचना' (२०१७) पछि 'नेपाली साहित्य र आलोचना' (२०३२) लिएर अझै समर–पङ्क्तिमा उभिंदै रहनु आफैंमा अर्थपूर्ण देखापर्छ । यसबाट डी.पी. को प्रगतीवादी समालोचकको अविचलताका साथै दृढताको सङ्केत प्राप्त हुन्छ । प्रस्तुत पुस्तकले मार्क्सवादी साहित्य–मान्यता र त्यसको प्रयोग–पक्षमा पाएका सफलता–विफलताका बारेमा टीका–टिप्पणी प्रगतिवादी क्याम्पभित्रबाटै ज्यादाभन्दा ज्यादै हुनै छ भने यस भूमिकामा विना–विस्तार त्यसको सङ्केतमात्र गर्नु सार्थकभन्दा बढी अनर्थक हुन जाने स्पष्टै छ । जहाँसम्म सामान्य नेपाली पाठकहरूको प्रश्न छ, उनीहरूका निम्ति यो पुस्तक नेपाली प्रगतिवादी

CC-0. In Public Domain. Digitization by eGangotri

समालोचनाका एक प्रमुख व्यक्तित्वको दृष्टिकोण र त्यसका आधारमा नेपाली साहित्यको सामाजिकता बुझ्ने अत्यन्त उपयोगी स्थलका रूपमा मूल्यवान् ठहरिने कुरा स्वत : सिद्ध छ। यस पुस्तकमा प्रतिपादित मत–मन्तव्यको मार्क्सवादी परीक्षण चाहिं मूलतः त्यही क्याम्पबाट हुने नै छ।

यस पुस्तकमा प्रयोग गरिएको भाषा र अँगालिएको शैलीका बारेमा केही भन्नु बाँकी छ। भन्न खोजेको कुरा स्पष्टसंग भन्न सक्नु श्री डी.पी. अधिकारीको लेखाइको शक्ति प्रतीत हुन्छ। सूक्ष्मतम विचारलाई र त्यसको तर्क-प्रक्रियालाई समेत सजिलो र छरितो तरिकाले प्रकट गर्ने सामर्थ्य उहाँका कलममा देखिन्छ। त्यसैले यस पुस्तकबाट प्रगतिवादी साहित्य मान्यताको सामान्य रूपरेखा, त्यसबारेमा डी.पी. को व्याख्या र यिनै आधारमा नेपाली साहित्यमा सामाजिकताको निरूपणका क्षेत्रमा विशेष उज्यालो नेपाली साहित्यका पाठकहरूलाई प्राप्त हुने देखिन्छ। म श्री डी.पी. अधिकारी जस्ता दुई दशक देखिका साधकलाई नेपाली समालोचनाका क्षेत्रमा अझ ज्यादा सक्रिय रहन आमन्त्रित गर्दछु। नेपाली साहित्यमा प्रतिबिम्बित राष्ट्रिय जीवन–धाराको विश्लेषण-मूल्याङ्कनका निम्ति प्रगतिवादी मान्यताबाट प्राप्य सकारात्मक र रचनात्मक भूमिकाका दृष्टिले उहाँको योगदान फलदायी हुन सक्ने संभावना पर्याप्त देखिन्छ।

कीर्तिपुर —वासुदेव त्रिपाठी
कार्तिक ९. २०३२

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली साहित्यमा सामाजिक प्रतिनिधित्व

२००७ साल पछि नेपाली साहित्यमा सामाजिक जीवनलाई लिएर लेख्न शुरू भयो। २००७ साल अघि साहित्यमा सामाजिक जीवनलाई देखाइन्न थियो। जीवनलाई एकांगी रूपमा मात्र पेश गरेको हुन्थ्यो। त्यसबेला धेरै प्रचार पाएको बालकृष्ण समको नाटक 'मुकुन्द–इन्दिरा' ले पनि जीवन माथिको आजको गतिशील दृष्टिकोणलाई स्वीकारेको छैन र यो नाटक नारी स्वतन्त्रताको कुरा गर्दैन, तर स्वास्नीमान्छेलाई सतित्वको कशीमा राखेर परीक्षा लिने उपायहरू सिकाउँछ। यसभित्रको एउटा पात्र भवदेवले देशभक्तिका कुरा गर्ने गरे पनि उ आधुनिक राष्ट्रिय जागरणमा बोलिरहेको हुदैंन, नेपालका सामन्ती वैभव र गौरवको प्रशंसाको गीत गाइरहेको हुन्छ। त्यतिबेला लेखिएका साहित्यिक कृतिमा देवकोटाको 'मुना मदन' मात्रले त्यसबेलाको सामाजिक स्वरूपको एउटा चरित्रलाई हेर्न सकेको छ। मदनको व्यापारको कुराले त्यतिबेला काठमाडौंमा आधुनिक व्यापारी वर्गको विकास भैसकेको देखाउँछ, जुन नेपाली व्यापारीहरूको तिब्बतको बजार भित्र पनि व्यापारी स्वार्थ गडिसकेको थियो। एउटा बेपारी (मदन) यही व्यापारी स्वार्थले मुनाको जति बिरोध हु ँदा पनि ल्हासा जान तम्सन्छ (कि मरि छाड्यो ! कि गरि छाड्यो मर्दको इरादा)। देवकोटाको 'मुना मदन' सामाजिक स्वरूपको एउटा यो चरित्रलाई देख्न सफल भईरहेको छ भने त्यहाँ समको 'मुकुन्द–इन्दिरा' को समान सामन्ती वैभवको प्रशंसा गर्नतिर पनि हुन्न। मदनको ल्हासा तर्फको प्रस्थानपछि दुइ युगल प्रेमीमा उत्पन्न प्रेम विरहको संगसंगै अन्ततिर घटित वियोगान्त जीवनलाई स्वाभाविक र हृदयस्पर्शी रूपमा उपस्थित गर्नमा मात्र यो हुन्छ।

२००७ साल पछि नेपाली साहित्य आमरूपले जनजीवनलाई लिएर बोल्न लाग्छ। तर यतिबेलाकोसाहित्य, कविता, गीत र कथाहरूद्वारा नेपाली

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन माथिको कष्ट, गरीबी, अत्याचार र शोषणको कुरा गर्ने भएपनि आफ्नो सामाजिक जीवनको भित्री चरित्र र त्यसको सम्बन्धलाई विस्त्रित र व्यापक रूपले उपस्थित गर्न सकेको हुन्न । यो कुरा एउटा उपन्यासबाट मात्र संभव थियो । यसैबेला निस्केको हृदयचन्द्र सिंह प्रधानको उपन्यास 'स्वास्नीमान्छे' देशका स्वास्नीमान्छे माथिको उत्पीडन र उनीहरूको मुक्तिको प्रश्नलाई केही विस्त्रितरूपले अध्यन गर्ने गरेर आउँछ । तर यो उपन्यास स्वास्नीमान्छे माथिको शोषणको सामन्ती सम्बन्ध र स्वरूपलाई गहिरोसंग हेर्न नसक्ने हुँदा स्वास्नीमान्छेले आफ्नो स्वतन्त्रताको लागि गर्ने संघर्षका बाटो पनि नदेख्ने हुन्छ । फेरि पनि उपन्यासको सामाजिक अध्ययनसंगको आवश्यकतालाई बुझ्ने नेपाली साहित्यकारमा पहिला हृदयचन्द्रसिंह नै थिए र स्वास्नीमान्छे माथिको शोषणलाई यति विस्त्रितरूपले प्रकाशमा ल्याएर उनीहरूको मुक्तिको प्रश्नलाई अगाडि सार्ने नेपाली साहित्यकारमा पनि पहिला हृदयचन्द्र नै थिए ।

सामाजिक जीवनमा आउने जटिलताको संगसंगै उपन्यासको विकास हुने गरेको छ । ०७ अघिपछिको तुलनामा आजको नेपाली जीवन ज्यादा जटिल र कष्टपूर्ण बनेको प्रत्येक नेपाली अनुभव गर्दछ । देशको बन्द व्यापार र अरू व्यवसाय माथि कब्जा जमाएर बसेको वैदेशिक पूंजीवाद देशको प्रगति र बिकासको बाधक बन्नुको संगसंगै नेपाली जनता माथि दिनहु महंगी लादिदिएर यहाँको आम जीवनलाई नै वर्वाद गर्न लागेको छ । सामन्तीस्वार्थ अन्तरगतका नेपालका पूँजीवादी दृष्टिकोणका नेतृत्वहरू देश र नेपाली जीवन माथिको यो वर्वादीलाई एकोहोरो हेर्न बाहेक अरू केहि गर्न समर्थ देखिएका छैनन् । देशभित्रको यो अकर्मन्यताको तल देशका शिक्षित समुदायको संगसंगै मिहिनतकश जनताको एउटा ठूलो अंगनै ऐले बिना काम र मामको भएर देशमा घुम्न लागेको छ । देशमा उत्पन्न यो स्थितिको त्यस बेला लेखिने साहित्यमा प्रभाव नपरी छोडने कुरा थिएन । यता निस्केका कतिपय नेपाली उपन्यासले यी समस्यालाई निश्चयनै दर्शाउने प्रयाश गरेका छन् । तर नेपाली जीवनमा आएको उपरोक्त जटिलता र त्यसभित्रको जीवनलाई व्यापक र गहिरोसंग अध्ययन गर्नमा भने यी उपन्यासहरू सफल रहेका छैनन् भन्ने कुरा पनि तथ्यगत छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यता लेखिएका उपन्यासमा खगेन्द्र सग्रौलाको 'चेतनाको पहिलो डाँक' देशमा जन्मन लागेका वेगारहरू र उनीहरूको विवशतालाई उपस्थित गर्नमा भएतनि यिनीहरूलाई यो विवशतामा पुऱ्याउने आजको सामाजिक चरित्रलाई व्यापक रूपमा उदघाटित गर्न असफल रहेको छ । सामाजिक जीवनको यो अध्ययनको दृष्टिमा पारिजातको 'वैंशको मान्छे' अरू ज्यादा असफल रहेको छ । सामाजिक परिवर्तन र क्रान्तिका जस्ता कुरा गर्ने उपन्यास 'वैंशको मान्छे' समाज भित्र आजको बढ्दो सामन्ती तथा वैदेशिक पूँजीवादी शोषण अन्तरगत देशको आम जीवनको संगसंगै थोरैं तलबमा बाच्ने पिउन र विद्यार्थी समुदाय माथि आइपर्ने विवशताका चरित्रहरूलाई बटुल्नमा एकदमै विफल रहेको छ । देशका शिक्षित समुदाय भित्रका विद्यार्थीहरू जो आजको देशको-आर्थिक स्थितिमा आफूलाई जैलेपनि असुरक्षित देख्ने गरिरहेका हुन्छन साथै देशको सर्वभन्दा जागरूक र संगठित हुनाको नाताले पनि विद्यार्थी समुदाय आफ्नो र देशको जीवनलाई वर्वाद गराउने देश र देश वाहिरका प्रतिक्रयावाद विरूद्धमा जैलेपनि लडाकु वनेको देशभित्रको जीवनमा देखापर्दै छ । तर पारिजातको 'वैंशको मान्छे' भित्रको विद्यार्थीमा यो कुनैपनि चरित्र देखापर्दैनन्, त्यस्तै क्रान्तिका कुरा मात्र बोलीरहेको हुन्छ । जगदिशको "लिलाम" यी दुवै उपन्यास भिन्दा भिन्दै अर्को स्वरूप लिएर उभिन आएको छ । यो उपन्यास गाउँले जीवनमा स्थापित सामन्ती शोषण र अत्याचारलाई बटुल्नमा सफल रहेपनि देशभित्र विकास गर्दो जनवादी शक्तिलाई हेर्न सक्तैन ।

नगेन्द्रराज शर्माको उपन्यास 'महापुरूष' पनि आजको एउटा छ । तर यो उपन्यास बीच-बीचमा मध्यम वर्गीय जीवनको वारेमा वोल्ने भएपनि सधैं रक्सीले वेहोस रहने एउटा जडाहाकी स्वास्नी (जून वेश्याकी छोरी छ) संगको एउटा व्यक्ति (विद्यार्थी) को रोमांसको सेरोफेरोमा नै ज्यादागरेर सीमित रहेको छ । यसैले यहाँ यो उपन्यासलाई लिएर आजको जीवनको संदर्भमा छानविन गर्ने कुरा उठ्दैन । विजयमल्लको 'अनुराधा' पनि यही दर्जामा आउने एउटा उपन्यास छ । यो उपन्यास अनमेल विवाह जस्तो प्रश्नलाई लिएर शुरू हुने भएपनि त्यसपछि अन्तसम्मको यसको सम्पूर्ण बनोट मनोरंजित-रूपमा (Fantastic) रहेको छ, तर आजको सामाजिक सन्दर्भसंग कुनै

CC-0. In Public Domain. Digitization by eGangotri

संम्वन्ध रहन सकेको छैन । हुनत विजयमल्लको 'अनुराधा' लाई सामाजिक यथार्थता भित्रको एउटा सवल उपन्यासमा देख्ने पनि यहाँ छन् । तर सामाजिक यथार्थताको वैज्ञानिक चरित्र देखि अपरिचित रहेर बोलिएका यस्ता कुराको आजको साहित्य भित्र कुनै महत्व पनि रहने होइन ।

आजका नेपाली उपन्यासको महत्व आजको सामाजिक जीवन भित्र राखेर हेरिन्छ, नकि त्यसले पाएका थोत्रा प्रशंसा भित्र राखेर हेर्ने हो । यस्ता प्रशंसा पाएका पुस्तकमा केशवराज पिंडालीको 'एकादेशको महारानी' पनि एउटा छ, जसलाई इश्वर वरालले प्रशंशा गरेर माथि–माथि पुऱ्याएका छन् । तर वास्तविकता भित्र राखेर हेर्दा त्यसमा देखाइएका सबै पात्रहरू जीवन को अनुभवमा बोल्ने प्राणी भन्दा पनि मनोरंजित जगतका यस्तै उस्तै जस्ता मात्र देखापर्दछन् । 'एकादेशको महारानी' जस्ता मनोरंजित उपन्यास लाई आजको सामाजिक जीवनसंग सम्वन्ध जोडन खोजिन्छ भने आज भोली निस्कने सबै मनोरंजित उपन्यासहरूलाई पनि सामाजिक संदर्भ भित्रकोमा मान्नु पर्ने हुन्छ ।

तर उपन्यास आजको गद्य लेखनको सर्वोच्च उपलब्धि छ । यो यसले कि आजको सामाजिक अन्तरद्वन्द र जटिलता भित्रको मान्छे आफ्नो सामाजिक तथा मानसिक स्थितिको व्यापक अध्ययनको संग संगै आजका तमाम् विषमताबाट छुटकारा पाउने उपायहरू पनि आज निस्कने उपन्यासहरूमा हेर्न चाहन्छ । आदि समस्या र चरित्रहरूको उपन्यासमा जति सरलतासाथ अध्ययन हुन सक्छ साहित्यका अरू विधाबाट यो संभव छैन । यस दृष्टिमा नेपाली उपन्यासहरू ऐले धेरै नै पछि छन्–लाग्छ, रुन, रुवाउन मात्र जानेका छन् । 'रने' उपन्यास लेख्नेले यो कतिसम्म सोचे उनले उपन्यास भित्र दिएको समाधानले देशका गाउँघरका समस्याहरू यता कतिसम्म आफै समाधान भए ? तब उनले उपन्यास भित्र गाउँघरका जनताको गरीवी, दरिद्रता र विवशतालाई एकोहोरो बटुल्नको के अर्थ भयो जबकि उनी त्यसको समाधानमा समाजले हिड्ने उसको आफ्नो वाटो अथवा चरित्रहरू देखाउन सक्दैनन् ? उपन्यास देशका समस्याहरूको एउटा टिपोट मात्र होइन, नत यो उपदेश पत्र हो । सामाजिक परिवर्तनको महान उद्देश्यमा परिलक्षित उपन्यास समाज भित्रको विषमता र अन्य समस्याहरूलाई वटुल्नको संगसंगै त्यसको कारण र

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसको समाधानको बाटोमा हिड्ने ती तमाम् संघर्षीय चरित्रलाई पनि समक्षमा ल्याएर उपस्थित गराउने गर्दछ ।

तब के 'वंशको मान्छे' भित्रको विद्यार्थीले सामाजिक विषमताबाट छुटकारा पाउने बाटो देखाएको छ ? विद्यार्थी शाहुलाई घाँटी निमोठेर मारेपछि भन्छ 'मैले युद्ध गरिदिए मैले क्रान्तिको घोषणा गरें' । उपन्यासको विद्यार्थी क्रान्ति सम्बन्धमा कति ठूलो भ्रम भित्र बसेर बोल्ने गर्दछ –सामाजिक सम्बन्ध भित्रका उत्पादक वर्गको व्यापक संगठन र संघर्षको अभावमा सामाजिक क्रान्तिको कुरा एउटा कोरा कल्पना मात्र छ भन्ने उसले बुझ्ने कुरा थियो । राष्ट्र भनेको कागजमा बनाइएको नक्सा, अथवा ढुङ्गा माटो होइन, जनता हो, भनेर परिचय दिने विद्यार्थीले देशभित्रका बहुसख्यक जनता गरीब, दरीद्र र विवश हुने कारण के हो र समाधानको बाटो के हो त्यो पनि उसले जानेको हुनु पर्ने । विद्यार्थी स्वयम आफै पनि बेगार छ र यो बेगारीपनको कारण के हो उसलाई थाहा हुन्न । सामाजिक सम्बन्ध र त्यसको परिणामको सम्बन्धमा यति अज्ञान रहेको विद्यार्थी फेरी पनि क्रान्तिको घोषणा गर्ने कुरा गर्छ भने यो एउटा मनोरंजित कुरा भन्दा अरौ के हुनसक्छ ! !

क्रान्तिका कुरा गर्ने नेपाली उपन्यासहरू प्रायः सबै शहर बजारका दुइ चारजनालाई नै लिएर बोल्नेगरेका पाइन्छन्–नेपाली क्रान्तिका मुख्य शक्ति शहरदेखि टाढाटाढाका गाउँघरमा तथा पहाडका कुनाकाप्चामा बस्छन् भन्ने कुरा यिनीहरूले सके बुझेका छैनन् ।

सामाजिक जीवन भित्र बसेर बोल्न छोज्ने यता निस्केका उपन्यासहरूलाई लिएर हामीले यहाँ छानविन गर्यौं । कुरा प्रष्ट छ नेपाली उपन्यास राष्ट्रिय जीवनलाई व्यापक रूपमा बोकेर सफलतासाथ नउभिएसम्म आजको नेपाली जनजीवनलाई स्वस्थ आदर्शवान र बलिष्ट बनाउन सकिने छैन । देशको जनजीवनमा आज छाएको अनैतिकता आदर्श शून्यता र दासत्व मनोवृतिबाट जनतालाई माथि उठाउनमा आज निस्कने सफल उपन्यासको ठूलो भूमिका रहन्छ भन्ने कुरामा कुनै शंका छैन ।

("निर्माण", वर्ष–२, अंक ४ बाट साभार)

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली उपन्यास र जनजीवन

यता नेपाली भाषामा निकै उपन्यासहरू लेखिन लागेका छन् । उपन्यासप्रतिको चाखले सामाजिक जागरुकतालाई पनि देखाउने गर्दछ । उपन्यास समाजको व्यापक अध्ययन गर्ने भएकाले समाजको यसप्रति चाख बढ्नु स्वाभाविक छ । तर सामाजिक जीवनलाई ध्यानमा राखेर लेखिएका नेपाली उपन्यासहरू भने एक दर्जन भन्दा बेसी नहोलान् सामाजिक जीवनलाई आधार बनाएर भरमार उपन्यासहरू तदमात्र लेखिएका छन जब ठूला ठूला आर्थिक उथलपुथलहरू हुन शुरुगरेकाछन् । सामाजिक जीवनलाई सफल रूपले अध्ययन गर्ने महान उपन्यासहरू पनि यतिवेला नै विश्वका देशहरूमा देखापरेका छन् । यसको माने नेपालमा सफल र महान उपन्यासहरू निस्कनु पहिले त्यही पृष्ठभूमि चाहियो भन्न चाहेको होइन र पनि नेपाली लेखहरूमा आफ्नो देश र समाजको व्यापक र गहिरोसंग अध्ययन गर्नपट्टि हुट्-हुटीको नितान्त अभाव रहेको स्पष्ट देखापर्न लागेको छ । यसको कारण जे पनि होस् तर नेपाली साहित्यको आम विकासमा यसको नराम्रो प्रतिकृया पर्न गएको छ । जनजीवनलाई प्रधानता दिएर लेखिएका उपन्यासहरूमा समेत स्थिरता देखा नपर्नु यसको एउटा उदाहरण छ । मेरा पहिलेका लेखहरूमा केही नेपाली उपन्यासलाई मैले यस दृष्टिमा हेर्ने खोजेको छु, यहाँ पनि म अरू केही उपन्यासलाई लिएर छानविन गर्न लागेको छुँ ।

भरखरै पारिजातद्वारा लिखित एउटा नेपाली उपन्यास 'बैंसको मान्छे' प्रकाशमा आएको छ । मातृभूमि✯को पुस्तक परिचयको स्तम्भ द्वारा टी आर. विश्वकर्माले यसलाई नेपाली लोक जीवनको एउटा सशक्त उपन्यास हो भनेर परिचय दिएका छन् । मलाई लाग्छ विश्वकर्माजी यहाँ पनि औपन्यासिक

✯(वर्ष ५: अङ्क ४७)

CC-0. In Public Domain. Digitization by eGangotri

कलालाई हेर्नमा भन्दा यसको विचार पक्षलाई मात्र हेरेर त्यो निर्णय दिन हतारिएका छन् । यहाँ कला भन्नुको तात्पर्य उपन्यास भित्र निर्माण गरिने चरित्रलाई लिएर छ । उपन्यासमा व्यक्त विचारहरू लेखकले लिएको खास उद्देश्यलाई डोऱ्याउने दृष्टिकोण मात्र छन् । लेखक आफूले प्रस्तुत गरेको उक्त उद्देश्यलाई सवल र सफल गराउनमा यत्नशील हुँदाहुँदै पनि साहित्यिक सृजनाको सिलसिलामा लेखकले आफुलाई सकेसम्म एउटा समीक्षकको रूपमा राख्न सक्नु पर्दछ–जसबाट सृजनात्मक सरलतामा कहीं पनि आघात पर्न नजाओस् ।

पिउन र विद्यार्थी, उपन्यासका प्रमुख पात्रहरू, आजको वर्गीय समाज-भित्रको शोषण र त्यसको परिणामस्वरूप समाजमा उत्पन्न हुंदो क्रान्तिकारी भावनाको प्रतिनिधि चरित्रको रूपमा उभ्याइएका छन् । पिउन र विद्यार्थी दुवै आजको नेपाली निम्न-मध्यम वर्गीय परिवारभित्रका प्रतिनिधिका रूपमा छन्–एउटा असी रूपियाँ तलब खाने पिउन र अर्को चाहिं तरूनी आमाको मेह-नतको कमाई खाएर हिड्ने विना कामको अल्लारे आइ.ए. फेल ठिटो छ । म्या-ट्रिक फेल थोरैं तलबमा जीवन निर्वाह गर्न बाध्य पियन देशका आजका निम्न-कर्म-चारीहरूले बेहोर्नु परेको हीनता र दयनियतालाई देखाउन आएको छ । तर यो बाध्यताभित्रको पियनको संघर्षमय (बाँच्नको लागि संघर्ष) जीवनको व्यापक चरित्र चित्रणलाई भने उपन्यासले समेट्न सकेको छैन, बेसी विद्यार्थीको बयानै छ पियनको अवस्थाको सम्बन्धमा । फेरी विद्यार्थी समाज भित्रको को हो ? उ आवारा पनि होइन, यति जागरूक व्यक्ति आवरा बन्न सक्तैन । आवारागिरी पनि पुंजीवादभित्रकै बाध्यता हो । त्यो बाध्यताभित्रको जीवन विद्यार्थीको व्यवहारबाट प्रकट हुँदैन । उ कतै कामको खोजीमानै हिंडेको देखिन्न । उ ड्राइभरीको पेशालाई हीनताको दृष्टिले हेर्छ । ड्राइभरी सिक्ने आमाले भन्दा उ आफ्नो योग्यता मुताबिकको सम्मानको नोकरीको कुरा गर्छ, तर कुनै प्रकारको नोकरीको प्रयासमा पनि रहेको एउटै दृश्य देखा पर्दैन, फेरिपनि कथा अगाडि बढ्दै जान्छ विद्यार्थीको एकोहोरो बयानबाट-बीच-बीचमा नयाँ-नयाँ घटना पनि थपिन आउँछन्, लाटी, श्यामो र हवल्दार अप्रसां-गिक तरीकाले–उसरी नै विलीन पनि हुन्छन् । तब फेरि विद्यार्थी को हो ? यो

CC-0. In Public Domain. Digitization by eGangotri

समाजभित्रको कुनै पनि चरित्र होइन, सिर्फ उपन्यासभित्रको कथानकको दर्शन गर्न राखिएको एउटा कोही ।

यहाँ पनि उही कुरा उठ्छ युगबोध (क्रान्ति) को संदेश सुनाउने उपन्यास आजको आफ्नो समाज अथवा आफूले उपस्थित गरेको नेपाली निम्न-मध्यम वर्गीय जीवनको आजको कठोरता र बाध्यताको व्यापक स्वरूपलाई हेर्न असमर्थ छ । आदि चरित्रहरूको व्यापक अध्ययनको अभावमा लाग्छ बिना छाला र मासुका जीवलाई जवर्जस्ती उभ्याइएको छ । यो प्रयासमा जगदीश-को उपन्यास 'लीलाम' धेरै सफल पाइन्छ — निम्न वर्गीय जनताको जीवन र उत्तराधिकी सामन्ती शोषणको विशाल चरित्र चित्रण गर्नमा यसले पाएको सफलता अनौठो छ । तर यतातिरको यति ठूलो सफलताको बावजूद यो उपन्यास 'वैंसको मान्छे' को समान एउटा संदेश लिएर हिंड्न सकेको छैन । यो उपन्यासको विफलता यही छ । बिना संदेश (लक्ष) का कोरा चित्रण-हरूले मात्र भरिएका साहित्यिक कृतिहरू बिना प्राणका सपाट चित्रहरू समान छन् जसको आफ्नो भन्ने कुरा केही छैन । 'लीलाम' उपन्यास एउटा यस्तै छ । तालुदारको फेलफामबाट घरबारी लीलाम हुन लागेको खबरले त्रस्त एउटा गरीब परिवारको मनोस्थितिको एकोहोरो चरित्र चित्रणले भरिएको उपन्यास छ यो । घरबारी लीलाम हुने खबरले वहादुरे सेतीको पोई, छोरा-छोरीको बाउ तथा उपन्यासको प्रमुख पात्र र परिवारका अरुहरूको त्रसित मनोस्थितिको एकोहोरो चित्रण मात्र उपन्यासले वटुल्ने काम गरेको छ । वहादुरे, उस्की स्वास्नी र छोरीहरू कुनै पनि तालुदारको जालफेलको विरुद्ध घरबारी बचाउने उपाय पट्टि संघर्षशील देखिन्नन्, आफुमाथि आइपर्ने दुर्दशा-लाई संझेर एकोहोरो अलाप विलाप गर्नमा मात्र हुन्छन् ।

औपन्यासिक कला, गद्य लेखनको आजको सर्वोच्च उपलब्धी, सामाजिक सम्बन्ध अथवा स्थितिको माथि-माथिबाट सरसरी फोटो लिने मात्र गर्दैन, तर सामाजिक परिवर्तन भित्रको त्यो संघर्षशील मान्छे (वर्ग) लाई खोजेर चुस्ततासाथ बाहिर प्रकाशमा ल्याउने गर्दछ, जो आफ्नो अस्तित्वको लागि निरन्तर समाजभित्र संघर्ष गर्दोछ र जुन संघर्षको परिणामस्वरूप समाज-मा परिवर्तन देखा पार्ने गर्दछ । मान्छे स्वभावत सधैं आफ्नो अस्तित्वको

CC-0. In Public Domain. Digitization by eGangotri

संघर्षमा कटिबद्ध रहदैं आएकोछ —मान्छेको यो संघर्ष (वर्गीय संघर्ष) सर्वदा एकै रूपमा पनि चल्ने होइन, त्यहाँको वर्गीय चेतनामा यो निर्भर गर्ने कुरा छ। बहादुरे शुरूदेखि अन्तसम्म लीलाम्नबाट घरवारीलाई उम्काउने जुक्तिमा कृपा-शील रहेको पाइन्न। अन्ततिर गएर बहादुरेलाई हातमा खुकुरी थमाइन्छ —यस्तोलाग्छ उपन्यासको गुह्य कुरा यसैमा छ जो सबैबाट शुरूदेखिन् लुकाईएको थियो। तर जुर्मुरिदैं खुकुरी हातमा लिने बहादुरे फेरि बेपत्ता हुन्छ —अन्तसम्मै बेपत्ता। बहादुरेले खुकुरी पक्रनुको उपन्यासको कथा-नकसंग विशेष सम्बन्ध थियो भन्ने कुरा यहाँ देखाउन चाहेको पनि होइन, र यदि बहादुरे अन्ततिर आएर मारकाटतिर अग्रसर भएको भएपनि उपन्यासमा कुनै नयाँ जीवन भर्न सक्ने कुरा थिएन। त्यस्तालाई भने यो उपन्यास क्रान्तिकारी देखिने थियो होला यदि बहादुरले खुकुरी लिएर जथाभावी हान-मार गर्दै हिंडेको भए। 'आशमाया' उपन्यासलाई कतिले आशमायाले खुकुरी उठाएकाले मनपराएका छन्—उपन्यासले देखाउन खोजेको समस्या र त्यसको सृजनाप्रति भने तिनीहरू एकदमै अज्ञात छन्। तर 'धरती अझै बोल्दैछ' उपन्यासले कतै खुकुरी बोक्ने नगरेको हुनाले तिनीहरूलाई उपन्यास शुरूदेखिनै पलायन गरेको देखा पऱ्यो। कति अज्ञानी छन् तिनीहरू जो औपन्यासिक कलालाई यति सस्तो आँखाले हेर्ने गर्दछन्।

विगत दुइ दशकभित्र भारतमा केही यस्ता उपन्यासहरू प्रकाशमा आएका छन् जसलाई देखाएर त्यहाँ को साहित्य गौरव गर्दछ। यसमा फणिन्द्रनाथ रेणुको 'मैला आँचल' यसपालका 'फुठासच' अज्ञयको 'शेखर एक जीवनी' विभूति भुषण बन्धोपाध्यायको 'पथेर पांचाली' र शंकरको 'चौरंगी' प्रमुख छन्। रविन्द्रको विश्वप्रसिद्ध उपन्यास 'गोरा' र प्रेमचन्दको 'गोदान' पछि सशक्त रूपमा भारतमा देखापरेका उपन्यासहरू यिनै छन्। यी उपन्यास-मा कतिको निस्कर्षसंग सहमत हुन सकिन्न पनि–फेरिपनि भारतेली जनजीवन-माथिको सामन्ती तथा पूंजीवादी शोषण र त्यसको परिणामस्वरूप भारतेली समाजभित्र दिनहुँ उत्पन्न हुँदो नयाँ–नयाँ अन्तरद्वन्द र जनताका संघर्षशील भावना र बिद्रोहकाजिउँदा चित्रणहरू बोकेका छन् भने त्यहीं भारतेली जीवन-मा उत्पन्न हुंदो वैचारीक बाहुल्यता र गहनताका तस्वीरहरू समेत छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

टी. आर. विश्वकर्माको शब्दमा 'बँसको मान्छे' को पिउनले देशबोध युगबोध गरेको छ। तर क्रान्तिको ठाडो नारा लगाउँदैमा युगबोध जनाउने होइन र गोर्की, लु–स्यूनले आपना रचनाहरूमा ठाडो नारा मात्र बोकेर आएका थिएनन्। युगबोध साहित्य त्यो हो जसले एउटा युगभित्रको मानव समाज-लाई उसका तमाम संस्कार र अन्य अन्तरद्वान्दका तसवीर संगसंगै त्यो उत्प्रेरित मानव (वर्ग) लाई पनि जिउँदो रूपमा साम्नेमा ल्याउन सक्नेछ जो तिनै अन्तरद्वान्दभित्रबाट सामाजिक परिवर्तनको महान संघर्षमा कटिबद्ध छ। हाम्रो देशका लाखौंलाख जनताको भोक, गरीबी र दासताको कारणमा देशमा व्यवस्थित सामन्तवाद छ, जो गाउँले जनताको परिश्रमको हिस्सेदार बन्नुको संगसंगै अनेकौं जालझेल रचेर गाउँले गरीबहरूलाई सताही रहेका हुन्छन्। अर्को शत्रुमा देशभित्र कायम वैदेशिक पुँजीवादी शोषण छ जो नेपाली जनता-माथि दिनहुं महँगीको भार लादिदिएर बर्बादीतिर धकेल्दै लैजानको संगसंगै देशको बन्दव्यापारमाथि कब्जा गरेर देशको प्रगतिलाई नै रोक्न पुगेको छ। यी भित्र र बाहिरका शोषणकारीहरूको विरुद्धको संघर्षमा संलग्न मान्छे (वर्गीय मान्छे) को व्यापक चरित्रलाई प्रकाशमा ल्याउन सक्ने उपन्यासनै आजको युगबोधक हो र महान साहित्य पनि।

("सकसक", वर्ष–२, अंक ३ बाट साभार)

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली साहित्यमा सामाजिक चिन्तन्

एकपल्ट कुरै कुरामा नेपालका एकजना विद्वानलाई मैले भने नेपालका बुद्धिजीविमा राष्ट्रिय चिन्तनको विकास भएको छैन । उनी मेरो भनाईमा सहमत भएनन् । तर मेरो के विश्वास छ भने नेपालका बुद्धिजीविहरूको आज सम्मको सोचाईलाई लिएर कसैले पनि इमान्दारीसाथ अध्ययन गऱ्यो भने अर्को निर्णयमा पुग्ने छैन ।

राष्ट्रिय चिन्तन देश र समाजलाई हेर्ने आजको एक वैज्ञानिक दृष्टि-कोण छ । अर्थात शोषणको गुलामी तथा अर्ध–गुलामीमा आधारित सामन्ती समाजमा श्रम विभाजन जति साधारण थियो व्यक्ति व्यक्तिको आपसी सम्बन्ध पनि सिधा र आपसको थियो भने पूँजीवादको आगमनले त्यो आपसको सम्बन्धलाई लोप गराएर त्यहाँ मनुष्य बीचको सम्बन्धलाई आपसी नाफा र वस्तु किनबेचको स्थानमा ल्याएर उभ्याई दियो । मान्छे–मान्छे बीचमा स्थापित यो नयाँ सम्बन्धले गर्दा के भयो अघिको समाजलाई सहस्र अंगमा फुटाएर प्रत्येकलाई आपनो अस्तित्वको लागि एकले अर्को संग जुध्ने बनाइ-दियो । यस स्थितिमा मान्छे आपनो अस्तित्वलाई यति खतरामा देख्न लाग्छ उ आफ्नो बचावटको लागि एउटा निरन्तरको संघर्षमा तानिन लाग्छ । यसरी जब वर्गीय रुपमा जुझारू शक्तिहरूलाई मिलाएर नयाँ समाजको निर्माण भयो यो नयाँ समाज भित्रका व्यक्तिको स्थिति, मनोभाव र अरू चरित्रमा समेत उत्पन्न नयाँ–नयाँ प्रतिक्रियालाई क्रमवद्ध रूपले अध्ययन गर्नको लागि नयाँ दृष्टिकोणको विकास हुँदै आयो ।

अठारवीं तथा उन्नाइशवीं शदीमा यूरोपका कतिपय देशमा जन्मेको पूँजीवाद त्यहीं सीमित रहेन । विश्वका अरूहरू आपना अधिनस्थ देशहरूमा समेत इनीहरू आफ्ना मिल कारखानामा बनेका माल लिएर बेच्न पुगे ।

CC-0. In Public Domain. Digitization by eGangotri

बृटिश साम्राज्यवादको अधिनस्थ देश भारत पनि यो शदीको शुरुमै साम्राज्य-वादको बजारमा परिणत भैसकेको थियो । भारतीय भूमिमा आएको पूँजी-वादी व्यापारको प्रसारको प्रभावबाट नेपाल अछूता रहन सकेन; काठमाण्डौ र नेपालका प्रमुख तराई क्षेत्रहरू विस्तारै भारत स्थित बृटिश साम्राज्यवादी बजारका केन्द्रहरू बन्दै आए । यता नेपालका सामन्तहरू पनि भारतीय पूँजीवादी बजारलाई ध्यानमा राखेर तराईमा कृषि उत्पादन गर्न शुरू गर्छन ।

यूरोपेली आर्थिक जीवनमा आएको परिवर्तनको संगै त्यहाँ विकास भएको मनुष्यको जीवनलाई हेर्ने वैज्ञानिक दृष्टिकोण संग नेपालका बुद्धिजीवि-हरू भने यो शदीको धेरै पछिसम्म परिचित रहन सकेका छैनन् । अर्थात मान्छेको जीवनलाई समग्रमा राखेर तिनीहरू बीच स्थापित आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई हेर्ने दृष्टिकोण संग नेपालका बुद्धिजीविहरू परिचित रहन सकेनन् । मान्छेलाई उसको समाजबाट छुट्टै पारेर उसको एउटा को अथवा एउटा परिवारको सुख दु:खको कथा मात्र सुनाउने गर्थे । सन् १९३० पछि लेखिएका बालकृष्ण समका 'मुटुको व्यथा', 'मुकुन्द इन्दिरा' र 'अन्धवेग' यी सबै नाटकहरू सामाजिक आम सम्बन्ध र प्रभावबाट छुट्टै एउटा-एउटा परिवारको आफ्नै–आफ्नै निजी व्यथा मात्र सुनाउने गर्छन् । त्यसैले यी लेखकहरू छिमेकी भारत लगायत अन्तर्राष्ट्रिय जगतमा उत्पन्न अनेकौं आर्थिक, सामाजिक तथा सांस्कृतिक घटनाहरूको परिणाम स्वरूप यता नेपाल-को सामाजिक जीवनमा समेत देखा पर्न थालेका नयाँ–नयाँ चरित्रलाई समेत गाँसेर मान्छेको जीवनलाई हेर्न जान्दैनथे । त्यस समयका लेखमा देवकोटाको 'मुना मदन' एउटाले मात्र समाज भित्र प्रवेश गर्दो एउटा नयाँ चरित्रलाई देख्न सकेको छ । मुना र मदन यी दुइ युगल प्रेमीहरूको प्रेमको सृजनामा यहाँ एउटा बेपारी (मदन व्यापारको लागि ल्हासा जान्छ) लाई सामेल गर्नुले के प्रष्ट गर्छ भने त्यतिवेला आफ्नो समाज भित्र प्रवेश गर्दो एउटा नयाँ वर्गलाई देवकोटाले देखेका थिए र त्यसलाई यथावत आफ्नो एउटा रचनामा देखाउने काम सम्म गरे । तर त्यतिं वेलाका कति लेखक आफूसंगको यो नयाँ दृष्टि-कोणको अभावमा समाजमा देखा पर्दा यस्ता नयाँ चरित्र माथि एकै चोटि हमला गर्न पुगेका छन् । मुकुन्द इन्दिरा यसको राम्रो उदाहरण छ । मुकुन्द-

CC-0. In Public Domain. Digitization by eGangotri

लाई रंडीवाज र रक्स्याहा वनाएर उभ्याउने र उता इन्दिरालाई सतीको आदर्शमा देखाएर मुकुन्द (आधुनिकतावाद) लाई पराजय गराउने यस्ता स्वाँड पनि रचिएका छन् । साच्चोमा मुकुन्दको कलकत्ताको भेष नयाँ प्रगतिशील सभ्यता थिएन । त्यो पूँजीवादी विकृतिको एउटा रूपमात्र थियो । मुकुन्द-लाई त्यो विकृतिवाट बचाउने वहानामा काठमाण्डौ ल्याएर इन्दिराको सतित्वको परख गर्ने एउटा ठुलो स्वाँगे खेल खेलिन्छ । यहाँ स्वाँगे भनेर किन भनेको भने यथार्थ जीवनमा देखापर्न लागेका यी परिवर्तनका लक्षणहरू-लाई यस्तो किसिमले पराजय गराउदैंमा विलिन हुने कुरा थिएन, वरू लेखकले त्यस सत्यलाई चिनेर छुट्याउने कुरा थियो ।

वृटिश साम्राज्यवादको एउटा ठूलो वेपार केन्द्रमा विकसित कलकत्ता त्यतिवेला हिन्दूमत (जातिवाद र कुंठावाद) विरोधी ब्रह्मसमाजीहरूको केन्द्रस्थल हुनको संगसंगै अंग्रेज साम्राज्यवाद विरोधी भारतका स्वतन्त्रप्रेमीहरू-को आन्दोलनको स्थल पनि बनेको थियो । कलकत्ता पढन गएको मुकुन्दको यी आन्दोलनकारीसंग भेट नभई रंडीवाज र रक्स्याहासंग मात्र भेट गराइनले लेखकको आधुनिक सभ्यता सम्वन्धी त्यतिवेलाको मध्ययुगी समझलाई प्रष्ट्या-उँछ । यो कुरा यदुनाथ खनालले[1] पनि त्यसवेला बुझ्न सकेका थिएनन् । उनले पनि त्यतिबेलाको कलकत्तालाई यसरी हेरेका थिए त्यहाँ गएपछि कोही पनि भ्रष्ट भै हाल्छ । उनको दृष्टिमा भारतका युवकहरू समेत भ्रष्ट थिए जसको मुकुन्दको समान इन्दिरा जस्ती सती सावित्री नारी द्वारा उपचार हुन आवश्यक थियो । खनालले त्यतिवेलाको कलकत्तालाई सामुन्नेमा राखेर मुकुन्दको त्यो भेषलाई जाच्ने सानो प्रयाश पनि गर्नेनन् । नारीलाई वधु-शिक्षाको पाठ घोकाएर वस्ने सामन्तीसंस्कार अन्तरगतकाहरू नारी स्वतन्त्रता-को कुरालाई समेत वेश्या वृद्धिको रूपमा देख्ने गर्दथे ।

पुराना लेखकमा हृदयचन्द्रसिंह प्रधान नै एउटा थिए जो आफू वसेको सामन्ती समाज, उसका घृणित व्यवहार र अन्य मान्यताहरूलाई देख्नको संगसंगै त्यो समाज र त्यसका मान्यतालाई विरोध गरेर त्यो समाजमै आमूल

[1] समालोचनाका सिद्धान्त

CC-0. In Public Domain. Digitization by eGangotri

परिवर्तन ल्याउन चाहनेहरूलाई पनि देख्दथे । उपन्यास 'स्वास्नीमान्छे' नाटकमा 'मरूभूमिको लेखक', 'उनको मुराद', 'नायब राइटर' र उनका अरू रचना सबै '०७ सालको क्रान्ति पछिका देशका स्वास्नीमान्छे, लेखक र कर्मचारीहरूको विद्रोहलाई इमान्दारीसाथ बटुलेकाछन् । तर हृदयचन्द्रसिंह आफ्नो समाज र त्यहाँ नयाँ भावनामा उठ्दा मान्छेलाई चिन्न सक्ने भएपनि उनी त्यो उठ्दो नयाँ भावना पछाडिको भित्री सम्बन्ध र त्यसको परिणामको सम्बन्धमा भने अज्ञात थिए । त्यसैले हामी के देख्छौं भने उनका विद्रोहहरू सामाजिक सम्बन्धको बारेमा व्यापक सोचाईमा हिंडेका नभई संकिर्ण दायरामा बोल्ने र ब्यवहार गर्ने मात्र गर्छन् ।

२००७ साल तिर इश्वर बराल[2] नेपालमा लेखिएका साहित्यिक कृतिहरूलाई लिएर अध्ययन गर्न लाग्छन् । तर बराल त्यतिबेलाका लेखकलाई सामाजिक अध्ययनको दृष्टिमा राखेर हेर्दैनन्, बरू उनको भनाई कस्तो रह्यो भने 'लेखकको काम लेख्ने भएकोले आफू खुसी उ कुनै कुरा लेख्छ' । उनी आफुसंगको यो दृष्टिले गर्दा प्रत्येक रचनालाई संवेदनशीलता, हृदयस्पर्शी तथा मर्मस्पर्शी जस्ता शब्दले यता उतीबाट बोलाउने बाहेक रचनालाई उसको आफ्नो सामाजिक संदर्भमा राखेर हेर्ने यस्ता काम गर्दैनन् । त्यसपछि आज सम्मको नेपाली साहित्यलाई सम्पूर्ण रूपमा अध्ययन गर्न रत्न ध्वज जोशी 'आधुनिक नेपाली साहित्यको झल्का' भन्ने ठूलो पुस्तक लिएर उभिएकाछन् । तर आधुनिक युगभित्रका नेपाली बुद्धिजीविहरूमा रहेको आफ्नो राष्ट्र समाज र जीवनलाई हेर्ने दृष्टिकोण माथि छानविन गर्न बसेका जोशी आधुनिक युगको प्रश्नलाई लिएर आफै अन्योलमा पर्छन् । आधुनिक युगको शुरूवातका दिनलाई लिएर मत भिन्नता देखापर्न सके पनि युगको निर्धारण भने त्यो समयको उत्पादन प्रणालीले गर्दछ जसको आधारमा त्यहाँको सामाजिक सम्बन्ध समेत बनेको हुन्छ । त्यस अर्थ धार्मिक सोचाईबाट उत्रेर मान्छेको जीवनलाई लिएर सोच्ने, लेख्ने चलन सं० १९९० साल देखि नेपालमा शुरू भएको भएपनि त्यस समयका कुनै पनि लेखकले आफ्नो युगलाई देख्न सकेका थिएनन् । एउटा युगको एउटा मान्छेलाई चिन्नकोलागि उसको जीवनलाई निरन्तर प्रभावित गर्ने

2 झयालबाट

CC-0. In Public Domain. Digitization by eGangotri

उसको वरिपरिको आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई पनि समक्षमा ल्याउन सक्नु पर्दछ। रत्नध्वज जोशीले देखाएका समका नाटक मुटुको व्यथा, मुकुन्द इन्दिरा र अन्धवेग कुनै पनि उपरोक्त चरित्र सहितको आजको आफ्नो युगलाई देखाउदैनन्। जोशी साहित्यको समाजसंगको सम्बन्ध माथि एकातिरवाट जोर दिने गर्छन् तापनि उनी कुनैपनि लेखकको सृजना र दृष्टिकोणलाई उसको सामाजिक संदर्भमा राखेर नापतौल गर्न सक्दैनन्। यसले गर्दा उनी आफैपनि समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक अन्तरद्वन्दको कुन स्थितिमा उभिएर अरू बुद्धिजीविको दृष्टिकोणको परख गर्दछन् त्यो पनि प्रष्टिदैन। लेखकहरूको सिधा नामावली कुनै कुरा होइन।

त्यस्तै हृदय चन्द्रको उपन्यास 'स्वास्नी मान्छे' को अध्ययन गर्न लाग्दा पनि जोशी ज्यादै अन्यौलमा परेका पाइन्छन्। उपन्यास 'स्वास्नीमान्छे' देशको कुन सामाजिक तथा आर्थिक स्थितिमा लेखिएको थियो, यसले आफ्नो समयका समाज भित्रका क्रियाशील शक्तिहरूलाई कतिसम्म स्पष्टताको साथ हेर्न सकेको छ आलोचनाको आँखाले खोज्ने कुरा छ। तर जोशी यी कुरा हेर्न सट्टा सरसताको कुरा गरेर उपन्यासलाई हल्का पारेर पन्छ्याउँछन्।

नेपालीमा राष्ट्रिय चिन्तनको बिकासको प्रश्न माथि चर्चा गर्दै आनन्द देव भट्टले[3] 'राष्ट्रिय चिन्तनधारा र लेखनाथ' भन्ने एउटा लेखमा केही दृष्टान्तहरू उपस्थित गरेकाछन्। आजको नेपाली लेखनमा राष्ट्रिय चिन्तन-को छाप हुनु पर्छ भन्ने भट्टको भनाई एकदमै सही छ। र राष्ट्रिय भावना राष्ट्रिय चिन्तनको विकासकोलागि आधार हो भन्ने कुरा पनि सत्य छ। तर देश भित्रको व्यापारी स्वार्थले बाहिरको बलियो पूंजीवादको विरुद्धमा देशको पूंजीपतिले पहिला–पहिला राष्ट्रियताको नारा उठाउने भएपनि देशभित्र उनीहरूको जति–जति विकास हुँदै जान्छ उनीहरू आफै बाहिरका पूंजीपतिसंग मिलेर देशभित्र शोषण गर्न लाग्छन् जसले गर्दा समाजभित्र अनेकौं प्रकारका आर्थिक संकट र द्वन्दहरू देखा पर्न लाग्छन्। यो उत्पन्न स्थितिमा मान्छे आफ्नो र समाजको अस्तित्वकोलागि सोच्न वाध्य बन्छन्।

---

[3] भानुको लेखनाथ विशेषाङ्क

CC-0. In Public Domain. Digitization by eGangotri

यदि राष्ट्रिय चिन्तनको विकासकोलागि यी दुई ऐतिहासिक अवस्था छन् भने तब भट्टजी कुन रुपले भक्ति थापा, अमर सिंह, वलभद्र र अरुहरूमा राष्ट्रिय चिन्तनको विकास भएको देखछन् ? शोषणको अर्ध गुलामी व्यवस्थाका युद्धप्रेमी यी सामन्ती सरदारहरू माथि देखाइएका कुनैपनि अवस्थाका सोचाई अन्तरगत साम्राज्यवादी अंग्रेजसंग लड्न गएकाछन् भन्नु एकदमै वास्तविकता बाहिरको कुरा हुन्छ। पछि बलभद्रले देश त्यागेर पंजावी फौजमा दाखिल हुन पुगेकोले पनि यिनीहरूको चरित्रलाई धेरै प्रष्ट गर्छ।

सामाजिक चेतनाको पहिलो शिक्षास्थ वर्गीय भावनाको जागरण छ। सामन्तवाद विरुद्धको लडाईमा पूंजीपतिहरू पहिले वर्गीय भावना अन्तरगत एकमा संगठित बनेकाछन्। तर जब पूंजीवादी बजारको विकासले मनुष्यको श्रम समेत किनबेचको चीज बन्दछ श्रमिकहरू आपनो रक्षाकोलागि वर्गीय स्वार्थ अन्तरगत एउटा ठूलो समुदायमा संगठित हुन लाग्छन्। आज यो वर्गीय भावना राष्ट्रिय घेरालाई समेत नाघेर अन्तर्राष्ट्रिय एकताको भावनामा वोल्न लागेको छ। अतः मान्छेले अन्तर्राष्ट्रिय आधारमा यति विशालरूपमा मितेरीको भावना वनाउन सक्छ भन्ने सोचाईसम्म पनि उनीहरूमा आउन सक्ने कुरा थिएन।

भानुभक्त पनि आपनो समयको त्यो भन्दा भिन्न सामाजिक स्थितिमा थिए भन्न सकिन्न। धार्मिक प्रेरणावाट 'धिक्कार हो मकन वस्नु नराखी कीर्ति' भन्ने भानुभक्तको यस्ता केही हरपलाई लिएर उनलाई आधुनिक राष्ट्रिय चेतनाको जागरूकमा देखाउन ऐले होडा होड चल्दैछ। यो त झन् भानुभक्त माथि अन्याय गर्नु हो। किन भने भानुभक्तको महानताको परिचय पनि उनले आपनो समयको समाजवाट पाएका प्रेरणाको आधारलाई नै हेरेर छ। निःसन्देह उनको समयका कतिपय सामाजिक चरित्रहरू ऐले पनि मौजुद होलान्, तर कति यस्ता आर्थिक, सामाजिक तथा सांस्कृतिक चरित्रहरू पनि यता थपिन आएकाछन्। यसले गर्दा आजको सामाजिक जीवनलाई अध्ययन गर्दा हामीले यी नयाँ रूप चरित्रहरूलाई समेत ध्यानमा लिन जरूरी पर्छ, जुन चरित्रहरू भानुभक्तको समाजमा जन्मे कै थिएनन्।

CC-0. In Public Domain. Digitization by eGangotri

भानुभक्त सोचाईको धार्मिक कालमै थिए। उनले पश्चिमी साम्राज्यवादको एशियाका देशहरू नेपाल लगायतमा भइरहेको हस्तक्षेप र अतिक्रमणलाई देख्ने र सुन्ने मौका पाएका भएपनि साम्राज्यवादी बजारको प्रसार र प्रवेशले नेपालको मध्ययुगी सामन्ती अर्थ व्यवस्थामा पारेको प्रभावलाई देख्न पाएका थिएनन्। किनभने भानुभक्तको समय पश्चिमी साम्राज्यवादको विश्वका देशमाथिको अतिक्रमणको युग थियो, बैंक–पूँजीको राज शुरू भैसकेको थिएन। संगसंगै मनुष्य जीवनलाई उसको सामाजिक संवर्धना राखेर हेर्ने यूरोपमा विकसित आजको वैज्ञानिक दृष्टिकोणसंग पनि उनी परिचित हुन पाएका थिएनन्। उनको समयमा वैज्ञानिक दृष्टिकोणका शिक्षा र पुस्तक पत्र–पत्रिकाहरू नेपालमा प्रवेश गर्न शुरू भैसकेका थिएनन्।

यो हाम्रो दुर्भाग्य हो, यदि हाम्रो समाजलाई व्यापक रूपले अध्ययन गर्ने त्यस्ता कुनै ग्रन्थ हामीसंग ऐलै पनि छैनन् भने। यसरी हेर्दा नेपाली बुद्धिजीवी ऐलेसम्म हृदयचन्द्र सिंहले छोडेको ठाउँमा छन्–त्यहाँबाट अगाडि बढ्न सकेका छैनन्–भावना (Sentiment) मा मात्र बोल्ने गर्दछन्। यो के को संकट हो? नेपालका एउटा प्रमुख लेखक कृष्णचन्द्र सिंह प्रधानको भनाई सुन्नोस्। उनी आफ्नो बारेमा यसरी भन्छन्[4] 'तर कृष्णचन्द्र जसको लेखक एउटा भ्रम हो र जो सधैं बाचेको स्वाङ गर्छ; जसको लेखक उ आफैंमा जीवित छैन र जो सधैं एक आग्रह, एक अनुरोध, एक अनुनय र एक आडम्बरध्वजको सास फेरेर बाच्ने प्रयत्न गरिरहन्छ–यो हाँकले भन्छ उ आफू पर्यापनि होइन।' अब अर्को एउटा लेखक गोविन्द प्रसाद लोहनीको आफ्नो बयान सुन्नोस्। उनी भन्छन्[5] 'नूरनिधि (गोविन्द प्रसाद लोहनी–ले) नोकरशाही यन्त्रकालागि बनेको मानिस होइन। उ मुलतः एक विचारक हो। बाँकी २०।२५ वर्ष स्वतन्त्र जीवन बिताउन र प्रसस्त लेख्न र छपाउन उसलाई बराबर तर्कना आउँछ उसले साहस गरे अहिले पनित जागिर छोडेर अरु धेरैले गरे झैं जीविका उपार्जनको नयाँ बाटो लिन सक्छ। उसले स्वीकार गरोस वा नगरोस उ जागिर तर्फबाट प्राप्त गरेको आर्थिक, सामाजिक टेक अप गुमाउन चाहन्न।'

---

4 5 रूपरेखाको लेखकांक

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका एक समयका ख्यातिप्राप्त लेखक तथा देशका विचारक यता आफ्नो बुद्धिको मृत्यु भएको, कोही जीवनको अर्कोबाटो हिडन लागेको आफैं कायल हुदैंछन। तर के ले यिनीहरू यता यसरी खुल्लेआम कायल हुन लागेकाछन् ? कृष्णचन्द्र भन्छन् उनी चार भन्ज्याङ भित्र सीमावद्ध भएका छन्। तर कृष्णचन्द्र मात्र होइन आजका प्रत्येक नेपाली बुद्धिजीवि सानो घेराभै सीमित छन्। चिन्तन सामाजिक अध्ययन संगको एक प्रकृया भएकोले समाजलाई अध्ययन गर्ने उसमा चाख नबढे सम्म राष्ट्रिय चिन्तन पनि उसमा विकास हुन सक्दैन। यो दुर्भाग्य हो आफ्नो समाजलाई व्यापक रूपले अध्ययन गर्ने उत्साह ऐलेका नेपाली बुद्धिजीविसंग छैन। यता जतिपनि आफ्नो सामाजिक जीवनलाई अध्ययन गर्ने प्रयाशका लेखकहरू देखा पर्दैछन तिनीहरू सफलरहेका छैनन्। खगेन्द्र संग्रौलाको उपन्यास 'चेतनाको पहिलो डाँक' र पारिजातको 'वैंसको मान्छे' यताका प्रकाशन छन। तर यी उपन्यासपनि आजको समाज भित्रको मान्छेलाई आजको सामाजिक विभिन्न प्रतिकृया स्वरूप उसको जीवन र राष्ट्रमा पर्ने प्रभावलाई सफलतासाथ अध्ययन गर्न सक्नेमा छैनन्।

यी दुवै लेखकले देशमा ठूलो संख्यामा फैलिन लागेका वेगारहरूलाई देखेकाछन्। तर यी वेगारले देशभित्र काम पाउन नसक्नुको कारण के हो सके त्यो बुझेका छैनन् (?) किनभने यी दुवै लेखक हाम्रो देशको बन्दव्यापारमा कब्जा जमाएर बसेको वैदेशिक पूँजीपतिहरू देशको कूना–कूनामा स्वतन्त्रपूर्वक घुसेर मनपरीसंग शोषण गर्दै आफूले कमाएको नाफा समेत विना रोकटोक वाहिर ओसार्ने गरेर देशको ढुकुटीलाई रित्तो पार्ने गरेको यिनीहरू देख्दैनन्। यो स्थितिमा विदेशी फैशन र शौखका सामानलाई देशभित्र वेसरी हुल्ने छुट दिएर भंसारबाट आएको रकमले उद्योगहरू खडा गरेर आजका वेगारहरूलाई काम दिने भनेर दिनरात सुनाउने गरेको प्रचार यिनीहरूले पनि सुन्नु पर्ने। तर काम खोज्दै हिडने शहरका शिक्षित मात्र आजका बेगार होइनन्, तर गाउँ आज वेगारीको झन प्रत्यक्ष शिकार हुन लागेको छ। यता भएका सर्वेक्षण मुताविक नेपालका पहाडी र तराई दुवै क्षेत्रमा ७७ लाख वढी मान्छे गरीवीको रेखा तल वस्छन र चाँडै १२।१३ लाख मान्छेलाई काम दिन नसके नेपाल यिनै बेगारहरूले घेरिदैं एउटा विपत्तिमा पुग्न सक्ने छ।

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँले जीवनलाई देखाउने यस्ता ग्रन्थको आज हामीलाई सारै खाँचो छ, जसको अध्ययन विना हाम्रो चिन्तनमा व्यापकता आउन सक्दैन। देशको सर्वत्र भागमा फैलिएर बसेको यो जनसमुदाय ऐले पनि अनेकौं अन्ध विश्वास र कुरितिको भित्रबाट आफ्नो र देशको भाग्यलाई हेर्दैछन् – मानो देशमा घटेका कुनै घटनासंग उनीहरूलाई सरोकार छैन। देशका सामन्ती जाली फटाहाका शोषणका दिनरात शिकार बनेका यो गाउँलेहरू देशको वर्तमान र भविष्यका आत्मा छन्। तुलसी राम कुँवरले नेपालका यी गाउँलेहरूको एउटा ठूलो फिलिस्त तैयार गरेको छ। तर हामीलाई ऐले हाम्रागाउँलेहरूको यस्ता साधारण आकांक्षाको फिलिस्तमात्र चाहिएको होइन, तर आजको युगभित्रका यी मान्छेको आकांक्षाको संगै आफू बसेको समाजलाई बदल्न चाहने उनीहरूका जुझारू चरित्र सहितको जिम्दो रूपमा बोल्ने यस्ता लेखन चाहिएको छ। तुलसी राम कुँवरले 'रने' मा उपस्थित गरेका गाउँलेहरू साधारण किसिमका आकांक्षा राख्ने भएपनि प्रेरणा नभएका छन्। कुँवरको 'रने' को तुलनामा जगदिशको 'लीलाम' ले गाउँले जीवनलाई हाडमासु सहित उभ्याउन सकेको छ यद्यपि यिनीहरूमा सास भने भर्न सकेको छैन।

यस्तै गाउँलेहरू तारानाथको 'ओझेल पर्दा' पनि हामीलाई देखाउने गर्छ — शहर बजारमा देखिने भन्दा भिन्दै सरल, अबोध तर आतंगी स्वभावका मान्छेहरू। तर तारानाथले यी गाउँलेहरूलाई एउटा खास सामाजिक सम्बन्धमा बान्धै उनीहरूमा प्रेरणा भरेर जिम्दो रूपमा बोलाउन सकेका छैनन्– अरूको टेवामा उभ्याइएका मात्र छन् यिनीहरू। तारानाथको समाज सम्बन्धी अध्ययन यसमा जति प्रष्टसंग देखा परेको छ अरू कतै यसरी देखा परेको थिएन। एउटा कैदीले दिएको बयानमा देखा पर्ने यी गाउँलेहरूलाई तारानाथले भावना सहित उभ्याएर स्वतन्त्रतापूर्वक आपसमा मेलजोल गर्दै जिन्दगीका कुरा गर्न सक्ने मान्छे बनाउन सकेका छैनन्। यसले गर्दा तारानाथले उपस्थित गरेका यी मान्छेहरू नत आफू बसेको समाजको परिचय दिन सक्छन् न आफ्ना भावनालाई नै देखाउन सक्छन— मानो यी सबै कैदीनै छन कसैको बयानमा मात्र आउने जाने गर्छन। यसबाट यो पनि प्रष्ट हुन्छ तारानाथ आफ्नो समाजलाई चिन्दैनन्, यसका कारणहरूलाई बुझ्दैनन् र यसको समा-

CC-0. In Public Domain. Digitization by eGangotri

धान पनि देख्दैनन् । त्यसैले उनी उपन्यासको आम व्यवहार देखि आफूलाई तटस्थ भएको सुनाउँछन । उपन्यासमा पात्रहरूको संयोजन गर्ने, उनीहरूलाई दृष्टि दिने लेखक हुने हुनाले तद्अनुसारको चरित्र निर्माण गर्ने अधिकार पनि लेखकलाई छ । साङ्गे र टलक बहादुर तारानाथले संयोजन गरेका सामाजिक दृष्टिलाई बोकेर हिंडेका गाउँले छैनन्, एउटा कैदीले दिएको बयानमा देखा परेका गाउँलेहरूछन् जसको समाज र परिवारको कुनै पत्तो छैन । यस्तो स्थितिमा तारानाथ तिनीहरूको चरित्र निर्माणमा चाहेर पनि हस्तक्षेप गर्न सक्दैनथे ।

तारानाथको संगसंगै यसमा मन्तव्य लेख्ने लैर्नामिह वाङ्गदेल पनि उस्तै गल्ती दृष्टि लिन पुगेकाछन् । पोर्ट्रेटमा खेल्ने वाङ्गदेललाई थाहा हुनुपर्छ उनले कोरेको मान्छेलाई आफूले चाहेमुताविक बोलाउनकोलागि उनले त्यसको चारैतिर (Back ground) त्यही अनुकूलको प्राकृतिक र अन्य वातावरणको सृजना गर्नु पर्दछ । उसको चारैतिरको बातावरण (Back ground) को अभावमा उनको क्यानभास भित्रको चित्र निश्चित मनोभाव प्रकट गर्न सक्ने हुन्न । त्यसोभए वाङ्गदेल आफ्नो नालीबेली (सामाजिक सम्बन्ध) विनाका साङ्गे, टलक बहादुर र सर्गेलाई उनीहरूको स्वाभाविक चरित्र र सोचाईमा कसरी हुर्केको देख्न पुगे ? टयाम्के मेलामा आतंकी रूपमा देखापर्ने साङ्गे, सर्गे र उसका अरु साथीहरूको पारिवारिक तथा सामाजिक सम्बन्ध एक ठाउँमा पनि कतै देखा पर्दैन, तव कस्तो सामाजिक तथा सांस्कृतिक परंपराले उनीहरु साराका सारा यस्ता आतंकी बन्न पुगे ? उनीहरूलाई यसरी आतंकी बनाउने त्यो सामाजिक परंपरा र सम्बन्धलाई प्रकाशमा नल्याए सम्म त्यसको समाधान पनि हुन सक्ने कुरा छैन । तारानाथ र मन्तव्य लेखक वाङ्गदेल सामाजिक सम्बन्ध सम्बन्धी उपरोक्त अध्ययनमा जागरूकरहेका निश्चय पनि देखिन्नन् ।

भारतको हिन्दी साहित्यमा त्यहाँको आजको गाउँले जीवनलाई व्यापक रूपले अध्ययन गर्ने उपन्यास 'मैला आँचल' को प्रकाशनले त्यहाँका बुद्धिजीवीलाई गाउँतिर हेर्नकोलागि एउटा प्रेरणा जगाई दिएको छ । आज हामीलाई पनि आफ्नो गाउँले जीवनलाई उसका आफ्ना अन्तरद्वन्द सहितको उपन्यासको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशनले नेपाली साहित्यलाई धनी बनाउने मात्र होइन की नेपाली समाज र राष्ट्रिय जीवनलाई लिएर सोच्न चाहने प्रत्येकको दृष्टिमा एउटा नयाँ आयाम थप्ने छ ।

हृदयचन्द्र सिंहको 'स्वास्नीमान्छे' आफ्नो समाजको भित्री सम्बन्ध र त्यसको परिणामलाई हेर्न नसक्ने हुँदा–हुंदै पनि यो उपन्यास पढनेले के अनुभव गर्छ भने त्यहाँ भित्रका प्रत्येक पात्र एउटा आदर्शको लागि हिडिरहेकाछन्— एउटा आदर्शकोलागि बोलिरहेछन । एउट आदर्शकोलागि सांस फेर्दैछन् । उपन्यासका लेखक समाजमा परिवर्तनको यति ठूलो प्रेरणा लिएर लेख्न बसेका-छन् मानो उनी त्यही उद्देश्यकोलागि बाचेका थिए ।

यहाँ फर्की–फर्की पछाडि हेर्न खोजिएको अर्थ हाम्रो आजको वर्तमान-लाई संचालन गर्नकोलागि हो । कतिपल्ट यस्तो पनि भैदिन्छ भूतको प्रेरणा बिना वर्तमान संचालित नहुने भैदिन्छ । त्यसोभए पनि भूतलाई जाच्ने वर्त-मानको आफ्नै आँखा हुन्छ । त्यसैले पछाडि फर्कनुको अर्थ मदनमणि दीक्षितले संझे मुताबिक आनन्दकोलागि मात्र होइन । मदनमणिले यता आफ्नो संस्मरण प्रकाशित गरेका छन् । देशका एक प्रमुख पत्रकार भएकाले उनको प्रकाशित संस्मरण प्रति चाख जानु स्वाभाविक छ । यस्ता संस्मरणहरू यदि त्यस समयको सामाजिक जीवनलाई उद्घाटन गर्ने उद्देश्यमा लेखिएकाछन् भने आजको समाजलाई लाभदाई साबित हुन्छन । नत्रभने वर्तमानसंगको सम्बन्ध-को अभावमा यस्ता ऐतिहासिक आनन्दको आजको समाजलाई कुनैरत छैन । हावार्ड फाष्टको 'स्पाटकस' दुइहजार वर्ष अगाडि एथेन्सको स्पार्टा टापुमा भएको दाशहरूको बिद्रोहलाई लिएर लेखिएको उपन्यास छ । तर दुइहजार वर्ष अगाडिको यो घटनालाई यसरी उपस्थित गरेको छ लाग्छ आजको सामा-जिक संदर्भसंग सम्बन्ध राख्ने हिजो आजको कुरा छ । रोमाँरोलाको आफ्नो आत्मजीवनमा आधारित जा क्रिस्टोफे (Jean Christophe) बिशवीं शदीको आरम्भको युरोपको सामाजिक जीवनलाई उपस्थित गर्नको संगै एउटा सुखी र आदर्शवान समाजकोलागि लडन उत्प्रेरित गर्दछ, जहाँ पुगेर मान्छेहरू बुद्धि, विवेक, भावना र ब्यवहारमा समान बन्न सकुन । हिन्दीका लेखक अज्ञयको आफ्नो आत्मकथामा आधारित 'शेखर एक जीवनी' पनि एउटा यस्तै

CC-0. In Public Domain. Digitization by eGangotri

छ। अज्ञयको यो जीवनी भारतको ४०।५० वर्षको विगत सामाजिक जीवनलाई उसको आफ्ना भावनाको साथै उस भित्रको द्वन्द र कतिपय महत्वपूर्ण घटनाहरूलाई समेत यसरी उपस्थित गरिएको छ लाग्छ यो अज्ञयको जीवनी नभएर विगत भारतीय सामाजिक जीवनको बोल्दो जाग्दो एउटा कुनै कुरा छ। र अरू महापुरुषहरूका जतिपनि यस्ता संस्मरण अथवा आत्मकथा पढिन्छन् ती व्यक्तिगत जिन्दगीका व्यथा वा मनोरंजनका कुरा गर्ने नभई आफ्नो समयको समाजलाई दर्शाउनको संगसंगै समाज भित्रका ती कारण र घटनाहरूलाई समेत देखाउंछन् जसले उनीहरूलाई प्रभावित पारेर महान आदर्शकोलागि मात्र लश्रने यस्ता उद्देश्यमा उनीहरूलाई अगाडि–अगाडि बढाउदैं ल्यायो।

तर मदनमणिको संस्मरण 'हाम्रा ती दिन' हाम्रा विगत जीवनलाई उपस्थित गर्दैन, एउटा परिवारलाई उसको आफ्नो पारिवारिक सेरोफेरोमै राखेर हेर्ने काम मात्र गर्छ। यसमा एउटी कमारी मालतीको नालीवेली सम्म राम्रो संग प्रस्तुत हुन सकेको छ। तर मणि परिवारको काठमाण्डौ र वनारस बीचको दौडवाजी एउटा मनोरंजित रुपमा मात्र देखाइएको छ। दूविनवाट दर्वारलाई हेर्दा साधारण नागरिकको सर्वश्व हरण गर्ने त्यस समयका शासक राणाहरूको हुकूमशाही व्यवहारको संगै त्यस समयका मान्छे, समाज र उनीहरूका भावनालाई समेत उपस्थित गराइनु पर्ने कुरा छन्।

मान्छे मात्र होइन उसको समाज समेत क्षण क्षणमा विकास गरिरहेको हुन्छ—पहिलेको भन्दा माथिल्लो अर्को व्यवस्थामा। त्यहाँको शासक वर्गको चाहनु र नचाहनुले त्यो समाजको गति रोकिने होइन, समाज कस्तै क्रूर र वलवान शासकलाई पनि कुल्चिएर आफ्नो विकासको बाटो हिडदै आएको छ। आफ्नो लोग्ने र बच्चावाट छुटचाएर अन्यत्रै बेचिएकी कमारी मालतीले अर्को नोकरसंग लसपस गर्दा उसलाई दलिनमा कुण्डाएर पच्चिस कोर्रा लगाउने यस्ता सामन्ती व्यवहारमा अढेको राणाहरूको हुकूमत समेत हेर्दा–हेर्दै ढलेर गयो। तर त्यो व्यवस्था त्यहाँ भित्रको कुन अन्तरविरोध र शक्तिले गर्दा ढलेर गयो त्यो अवस्थालाई लिएर आज लेखिने कुनै पनि लेखौटमा आजका पाठकहरू हेर्न

CC-0. In Public Domain. Digitization by eGangotri

चाहन्छन् । नत्र भने व्यक्तिगत व्यवहारमा सीमित यस्ता आत्मकथाको समाजसंग के सरोकार (?)

यहाँ म अर्को एउटा यस्तै संस्मरणको उल्लेख गर्छु । बी०पी० कोइरालाले आफ्ना पिता कृष्ण प्रसाद कोइरालाको संस्मरण लेख्दा केही रमाइला कुरा देखाएकाछन् । पिताजी[6] (कृष्णप्रसाद) लाई एकपल्ट बाटामा हिडिरहेको बेला एउटा ध्वनिले व्यक्तिगत स्वार्थलाई छोडेर समाजसेवामा लाग्नलाई भन्यो । संस्मरण लेखकको भनाई मुताबिक त्यो ध्वनि कृष्ण प्रसादको आफ्नै 'अन्तस्करण' बाट निस्केको थियो । त्यसपछि कृष्ण प्रसाद सामाजिक कार्यमा अरू सक्रिय हुन्छन् । तर यस्ता भनाई माथि आज कतिसम्म विश्वास हुन सक्छ ? कृष्ण प्रसादलाई समाज सेवामा प्रोत्साहित गराउने कारणमा यदि उनले त्यतिबेला भारतको कलकत्तामा चलेको बृटिश विरोधी आन्दोलनसंग संपर्क राखेका थिए भने यता देशभित्रका अरू त्यस्ता कारण पनि हुन सक्छन जसले उनलाई प्रेरित गरेको हुनुपर्छ । नेपालमा त्यतिबेला कमारा कमारी राख्ने चलन छदं थियो । कमाराकमारीको प्रथा भएको नेपाली समाज निश्चयनै कलकत्ताका स्वतन्त्रताप्रेमी मान्छेहरूको सम्पर्कमा रहेको कृष्ण प्रसादलाई पोल्दो हो । मात्रहोइन, राणाहरू र उनीहरूका सामन्त सरदारहरूले त्यतिबेलाका आम नागरिकहरू प्रति गरेको अमानुसिक र घृणित व्यवहार समेतले कृष्ण प्रसाद कोइरालाको भावनालाई विद्रोही गराएको हुनुपर्छ । तर पिताजीका संस्मरण लेखक बी०पी० कोइरालाले त्यतिबेलाको आफ्नो देशभित्रको त्यो पक्षलाई प्रकाशमा ल्याएका छैनन् । बी०पी० कोइरालाको आजको लेखनमा यी कुरा देखा नपर्नु खट्किने कुरा छ । त्यो सामाजिक वस्तुस्थितिलाई उपस्थित नगराई पिताजीमा उब्जेको विद्रोही भावनालाई 'अन्तस्करण' को संज्ञा दिएर यसलाई रहस्यपूर्ण रूपमा देखाउन खोज्नु झन् खट्किने कुरा छ । बी०पी० कोइरालाका आजका लेखनमा अन्तस्करण सम्बन्धी यस्ता रहस्यात्मक वर्णन भन्दा पनि आफ्ना समाजका ठूला–ठूला अनुभवहरू हेर्न खोजिइन्छ । मान्छे यद्यपि विगत जीवनलाई वर्तमान बाहिरको संझेर चाँडो बिर्सनमा हुन्छन, तर जब वर्तमान कठोर भएर आउछ मान्छे पछि फर्केर

---

6 अक्षरः वर्ष १ः अंक–१

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना विगत अनुभवहरूलाई हेर्न लाग्छ। महान व्यक्तिहरूको संस्मरण पढनुको अर्थ यिनै अनुभवलाई हेर्न हो।

अब यस्तो लाग्छ नेपालका बुद्धिजीवीहरूसंग अरू अगाडि लेख्ने तथा बोल्ने कुनै कुरा छैन, या त कृष्णचन्द्र प्रधानले भने मुताविक यहाँको बुद्धिजीविको जिन्दगी[7] किलामा ठोकिएको छ। तर देशका आजका हाम्रा महान बुद्धिजीवी तिनै हुन जसले आजको हाम्रो देश र समाजलाई प्राण र गति दिन सक्नेछन्।

("मधुविन्दु", वर्ष १, अंक १ बाट साभार)

---

7 रूपरेखाको लेखकांक

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयचन्द्र सिंह प्रधान

नेपाली लेखकमा हृदयचन्द्र सिंह प्रधान नै पहिला व्यक्ति हुन जसले आफ्नो समाज र राष्ट्रलाई लिएर साहित्यिक रचना भित्र अध्ययन तथा चिन्तन गर्ने परंपराको शुरूवात गरेका हुन् । तर हृदयचन्द्रका लेखहरूलाई लिएर व्यापक रूपले अध्ययन गर्ने काम भने ऐलेसम्म भएको छैन । यसको अर्थ हो ऐलेसम्म बुद्धिको केन्द्रस्थल रहेको काठमाण्डौंका संकिर्णवादीहरूको शिकार मा हृदयचन्द्र पनि परेकाछन् । वाहिरको बुद्धिलाई अस्वीकार गर्ने यस्ता व्यवहारको संगै शक्तिमा रहेकाको समर्थन पाउने लोभमा यिनीहरू अर्को कस्तै काम पनि गर्दै आएकाछन् । हृदयचन्द्रको देनलाई हलुका पारेर देखाउने पनि ऐले तिनीहरूनैछन् जो जानी–जानी आजको सामाजिक पृष्ठभूमिमा रहनसक्ने उनको प्रगतिशील भूमिकालाई धमिल्याउने गर्दैछन् । यी व्यवहारहरू निश्चयनै आजको राष्ट्रको स्वस्थ बौद्धिक विकासको विरूद्धमाछन् । यस्ता संकिर्ण दृष्टि राख्ने बुद्धिजीवीहरू पहिले–पहिले यूरोपमा पनि देखापरेका थिए । कुनै नयाँ-कुरा अमेरीकी विद्वानले पत्ता लगाएकोछ भने आफ्नै जातिवाट गएको भए पनि वाहिरको संझेर यूरोपेलीहरू त्यो खोजीको उल्लेख सम्म गर्दैनथे । तर चुपचाप उसको खोजीलाई भने अपनाउदं जान्थे ।

हृदयचन्द्रले राणाहरूको पारिवारिक हुकूमी शासनलाई देखेका थिए र उनीहरूद्वारा स्थापित सामन्ती समाजलाई पनि । आफुले देखेको तथा अनुभव गरेको त्यो समाजलाई आफ्ना रचनामा अध्ययन गर्न उनी जति पनि जागरूक रहेका पाइन्छन् उनका समयका अरू कुनै पनि त्यसरी जागरूक रहेका पाइन्नन् । तर उनको त्यो अध्ययनमा के कुराको कमी देखापर्छ भने उनी आफु वसेको त्यो समाजका मान्छेलाई उनीहरूको भावना सहित देख्न सक्ने भएर पनि त्यो समाजको वर्गीय आधारलाई भने देख्न सक्दैनन् । शोषणको अर्ध गुलामी व्यवस्थामा आधारित सामन्ती व्यवस्था भित्रका शोषक वर्गहरू

CC-0. In Public Domain. Digitization by eGangotri

आम जनता प्रति जहाँ पनि क्रूर र दमनकारी रूपमा रहेकाछन् । हृदयचन्द्रले सामन्ती वर्गीय शोषणमा आधारित त्यो युगलाई उसका तमाम् व्यवहार सहित हेर्न सकेका छैनन् ।

उदाहरणमा उनका उपन्यास 'एक चिहान' र 'स्वास्नी मान्छे' यद्यपि आफ्नो समयका मान्छेको गरीबी, दुःखको साथै विद्रोही भावनालाई पनि देख्दछन् तर त्यो दुःखको सामाजिक कारण र त्यसको समाधानका सही उपाय पनि देख्दैनन् । उनको उपन्यास 'एक चिहान' ले एउटा गरीब नेपाली किसानको परिवारलाई हाम्रो समक्ष उपस्थित गर्दछ, जो वर्ष भरीको परिश्रम पछि पनि भोकै र नाङ्गै रहने गर्दछ । प्रत्येक आउने फसल पछि आफ्नो परिवारका हरेकलाई भरपेट खान र एकसरो लगाउने बनाउन सक्ने आशामा हिंडेको किसानको एउटा परिवार हर सालको निराशा पछि पनि फेरि उस्तै नयाँ–नयाँ आशा बनाउदैं आएको हुन्छ । अन्तमा यस्तै आशामा हिंडेको किसानको त्यो परिवार एउटा ठूलो वर्षा पछिको बाढीले खेतबारी सहित बगेर नष्ट हुन्छ ।

सामन्ती व्यवस्था भित्रको सबै भन्दा बेसी उत्पीडित वर्ग किसानहरूको दयनियस्थितिलाई उनी राम्रोसंग हेर्न सक्ने भएपनि उनीहरूलाई यो उत्पीडन-को स्थितिमा राख्ने सामन्तहरूको शोषणको वर्गीय चरित्रलाई व्यापक रूपमा हेर्न सक्दैनन् । यसले गर्दा सामन्तहरूसंग वर्गीय रूपमा २००७ साल पछि संघर्ष गर्न उठेका किसानहरूलाई पनि हेर्न सक्तैनन्, बरू किसानको दुखित परिवारलाई मराएर सबैको सहानुभूति लिने उपायतिर लागेका छन । 'स्वास्नी मान्छे' पनि यस्तै प्रकारको एउटा उपन्यास हो । यसका प्रत्येक पात्रहरू एउटा युगको भावना बोकेर बोलिरहेका भएपनि त्यही युगलाई (सामन्ती सम्बन्ध र चरित्रलाई) देख्न सक्तैनन् जसले गर्दा उनी स्वास्नी-मान्छेहरूको मुक्तिको बाटो पनि देख्न नसक्ने हुन्छन् । दुर्भाग्य ! सामाजिक परिवर्तन अथवा क्रान्तिको त्यति ठूलो आदर्श लिएर हिंडेका हृदयचन्द्रमा आफ्नो समाज भित्रका वर्गहरू र उनीहरूको आम चरित्रहरूको सम्बन्धमा स्पष्टता रहन सक्तैन !

CC-0. In Public Domain. Digitization by eGangotri

फेरिपनि हृदयचन्द्र यस्तो स्थितिमा जन्मेर हुर्किए जतिवेला उनको देश बाहिरी संसारको प्रभावबाट विलकुलै अलग राखिएको थियो। नेपालमा त्यतिवेला आधुनिक शिक्षादीक्षाका पुस्तक पत्रपत्रिका लगायत दैनिक समाचार पत्र पढ्नमा पनि साधारण नागरिकमाथि रोकथियो। त्यस्तो स्थितिमा पनि हृदयचन्द्रले आफ्नो राष्ट्र लगायत अन्तर्राष्ट्रिय जगतमा त्यतिवेला घटने घटना-हरू प्रति एउटा गहिरो समझ लिनसकेका पाइन्छन्। उनले यो पनि राम्रो-संग बुझेका थिए आफ्नो देश र जनताको प्रगति र उत्थानकोलागि देश भित्रकाजनता बीच आपसमा प्रेम र सद्भावना उत्पन्न गराउन अनिवार्यछ। उनी यो पनि जान्दथे प्रत्येक एकतन्त्रिय शासन आफ्नो स्थायित्वकोलागि जातीय विद्धेष जगाउने गर्दछ। उनले राणाहरूको हुकूमी शासनमा अनुभव गरेको यो कुरालाई नेपाल भन्ने एउटा लेखमा राम्रोसंग देखाएकाछन्। उनले देश-भित्रका जातिहरूको बीचएकताको प्रश्नलाई कति ठूलो महत्व दिएका थिए भन्ने कुरा उनको उपन्यास ‘एक चिहान’ ले पनि देखाउँछ। ज्यापु किसान-को त्यो परिवार जुन पछि गएर बाढीले नष्ट हुनपुग्छ, त्यस परिवारका छोराहरू राई र तामाङनीसंग विहागर्न पुगेकाछन् भने छोरालाई चाहिं तराईभाषी कुनै मधेशेलाई विवाहमा दिन पुगेकाछन्। त्यतिवेला हृदयचन्द्रनै एउटाथिए जसले नेपालमा जातिहरूको बीच सद्भावनाको प्रश्नलाई बुझेर प्रकाशमा ल्याएका थिए। उनी एउटा सुन्दर योजनाबाट अन्तरजातीय बीच विवाहद्वारा सद्भाव-ना र प्रेमको वातावरण तैयार गर्न तम्सन्छन्। देश र समाजको प्रगति र एकताकोलागि मरी मेट्ने कति ठूलो व्यक्ति नेपालीले नचिन्दैमा गुमायो। तर फेरिपनि हृदयचन्द्रले देशका विभिन्न जाति र भाषाभाषी ग्रुप बीच एकता र सदभावना सृजना गर्ने जुन परंपरा छोडेर गएकाछन् उनका यी पवित्र कार्यलाई आगाडि वढाउने काम आजकाहरूको हो।

तर तिनीहरू जो हृदयचन्द्रलाई प्रथमकोटिको रचना दिन सकेनन् भनेर भन्दछन् त्यो उनमा भाषाशैलीको अभावले हो भन्ने भनाई छ। [1]भाषाशैलीको कमी देखाएर हृदयचन्द्र कथा, उपन्यास, कविता तथा नाटक लेख्ने प्रतिभा

---

1 रत्नध्वज जोशी–आधुनिक नेपाली साहित्यको झलक र साहित्यसमीक्षा

CC-0. In Public Domain. Digitization by eGangotri

आम जनता प्रति जहाँ पनि क्रूर र दमनकारी रूपमा रहेकाछन् । हृदयचन्द्रले सामन्ती वर्गीय शोषणमा आधारित त्यो युगलाई उसका तमाम् व्यवहार सहित हेर्न सकेका छैनन् ।

उदाहरणमा उनका उपन्यास 'एक चिहान' र 'स्वास्नी मान्छे' यद्यपि आफ्नो समयका मान्छेको गरीवी, दुःखको साथै विद्रोही भावनालाई पनि देख्दछन् तर त्यो दुःखको सामाजिक कारण र त्यसको समाधानका सही उपाय पनि देख्दैनन् । उनको उपन्यास 'एक चिहान' ले एउटा गरीव नेपाली किसानको परिवारलाई हाम्रो समक्ष उपस्थित गर्दछ, जो वर्ष भरीको परिश्रम पछि पनि भोकै र नाङ्गै रहने गर्दछ । प्रत्येक आउने फसल पछि आफ्नो परिवारका हरेकलाई भरपेट खान र एकसरो लगाउने बनाउन सक्ने आशामा हिंडेको किसानको एउटा परिवार हर सालको निराशा पछि पनि फेरि उस्तै नयाँ–नयाँ आशा बनाउदैं आएको हुन्छ । अन्तमा यस्तै आशामा हिंडेको किसानको त्यो परिवार एउटा ठूलो वर्षा पछिको बाढीले खेतबारी सहित बगेर नष्ट हुन्छ ।

सामन्ती व्यवस्था भित्रको सबै भन्दा बेसी उत्पीडित वर्ग किसानहरूको दयनियस्थितिलाई उनी राम्रोसंग हेर्न सक्ने भएपनि उनीहरूलाई यो उत्पीडन-को स्थितिमा राख्ने सामन्तहरूको शोषणको वर्गीय चरित्रलाई व्यापक रूपमा हेर्न सक्दैनन् । यसले गर्दा सामन्तहरूसंग वर्गीय रूपमा २००७ साल पछि संघर्ष गर्न उठेका किसानहरूलाई पनि हेर्न सक्तैनन्, बरू किसानको दुखित परिवारलाई मराएर सबैको सहानुभूति लिने उपायतिर लागेका छन । 'स्वास्नी मान्छे' पनि यस्तै प्रकारको एउटा उपन्यास हो । यसका प्रत्येक पात्रहरू एउटा युगको भावना बोकेर बोलिरहेका भएपनि त्यही युगलाई (सामन्ती सम्बन्ध र चरित्रलाई) देख्न सक्तैनन् जसले गर्दा उनी स्वास्नी-मान्छेहरूको मुक्तिको बाटो पनि देख्न नसक्ने हुन्छन् । दुर्भाग्य ! सामाजिक परिवर्तन अथवा क्रान्तिको त्यति ठूलो आदर्श लिएर हिंडेका हृदयचन्द्रमा आफ्नो समाज भित्रका वर्गहरू र उनीहरूको आम चरित्रहरूको सम्बन्धमा स्पष्टता रहन सक्तैन !

CC-0. In Public Domain. Digitization by eGangotri

फेरिपनि हृदयचन्द्र यस्तो स्थितिमा जन्मेर हुर्किए जतिवेला उनको देश बाहिरी संसारको प्रभावबाट बिलकुलै अलग राखिएको थियो। नेपालमा त्यतिवेला आधुनिक शिक्षादीक्षाका पुस्तक पत्रपत्रिका लगायत दैनिक समाचार पत्र पढ्नमा पनि साधारण नागरिकमाथि रोकथियो। त्यस्तो स्थितिमा पनि हृदयचन्द्रले आफ्नो राष्ट्र लगायत अन्तर्राष्ट्रिय जगतमा त्यतिवेला घटने घटना-हरू प्रति एउटा गहिरो समझ लिनसकेका पाइन्छन्। उनले यो पनि राम्रो-संग बुझेका थिए आफ्नो देश र जनताको प्रगति र उत्थानकोलागि देश भित्रकाजनता बीच आपसमा प्रेम र सद्भावना उत्पन्न गराउन अनिवार्यछ। उनी यो पनि जान्दथे प्रत्येक एकतन्त्रिय शासन आफ्नो स्थायित्वकोलागि जातीय विद्वेष जगाउने गर्दछ। उनले राणाहरूको हुकूमी शासनमा अनुभव गरेको यो कुरालाई नेपाल भन्ने एउटा लेखमा राम्रोसंग देखाएकाछन्। उनले देश-भित्रका जातिहरूको बीचएकताको प्रश्नलाई कति ठूलो महत्व दिएका थिए भन्ने कुरा उनको उपन्यास 'एक चिहान' ले पनि देखाउँछ। ज्यापु किसान-को त्यो परिवार जुन पछि गएर बाढीले नष्ट हुनपुग्छ, त्यस परिवारका छोराहरू राई र तामाङ्नीसंग विहागर्न पुगेकाछन् भने छोरालाई चाहिं तराईभाषी कुनै मधेशेलाई विवाहमा दिन पुगेकाछन्। त्यतिवेला हृदयचन्द्रनै एउटाथिए जसले नेपालमा जातिहरूको बीच सद्भावनाको प्रश्नलाई बुझेर प्रकाशमा ल्याएका थिए। उनी एउटा सुन्दर योजनाबाट अन्तरजातीय बीच विबाहद्वारा सद्भाव-ना र प्रेमको वातावरण तैयार गर्न तम्सन्छन्। देश र समाजको प्रगति र एकताकोलागि मरी मेट्ने कति ठूलो व्यक्ति नेपालीले नचिन्दैमा गुमायो। तर फेरिपनि हृदयचन्द्रले देशका विभिन्न जाति र भाषाभाषी ग्रुप बीच एकता र सदभावना सृजना गर्ने जुन परंपरा छोडेर गएकाछन् उनका यी पवित्र कार्यलाई आगाडि बढाउने काम आजकाहरूको हो।

तर तिनीहरू जो हृदयचन्द्रलाई प्रथमकोटिको रचना दिन सकेनन् भनेर भन्दछन् त्यो उनमा भाषाशैलीको अभावले हो भन्ने भनाई छ।[1]भाषाशैलीको कमी देखाएर हृदयचन्द्र कथा, उपन्यास, कविता तथा नाटक लेख्ने प्रतिभा

1 रत्नध्वज जोशी–आधुनिक नेपाली साहित्यको झलक र साहित्यसमीक्षा

CC-0. In Public Domain. Digitization by eGangotri

नभएका भन्ने देखाईएकोछ । त्यसो भए के साहित्यिक सृजनालाई परख गर्ने मापदण्ड भाषाशैलीनै हो ? तर विश्वमा आज महान ठहरिएका रचनाहरू भाषाशैलीको दृष्टिमा होइन कि उसले आपनो समयको आपनो समाजलाई गहिरिएर हेर्न सकेको दृष्टिलाई लिएर छ । यदि साहित्यिक कृतिलाई हेर्ने मापदण्ड उसको सामाजिक जीवन हो भने ऐले हृदयचन्द्रको रचनाको मुल्यांकन पनि उनले आपनो समयको समाजलाई गरेको अध्ययनमा राखेर गरिन्छ नकि उसको शैलीलाई हेरेर । यसरीहेर्दा आजका प्रत्येकले योमान्नु पर्दछ हृदय-चन्द्रको समयमा उनलाई छोडेर (साहित्य भित्र मात्र होईन) आपनो समाज र जनताको प्रगतिको कुरा लिएर यति गहरिएर साच्ने अर्को कोही देखिन्न । हो, हृदयचन्द्रले आपनो समयको समाजलाई कतिसम्म सफलतासाथ हेर्न सके आज-का बुद्धिजीवीले जाच्ने कुरा छ । तर हृदयचन्द्रको तिनीहरुसंगभने तुलना हुनसक्तैन जसलेजीवनलाई सामाजिक पृष्ठभूमिमा राखेर हेर्ननै जानेका थिएनन् ।

माथिपनि भनिसकिएको छ हृदयचन्द्रमा सामाजिक जीवनलाई वैज्ञा-निक तरिकाले हेर्ने दृष्टिकोणको विकास हुँनसकेको थिएन । तर यो उनको प्रतिभाको दोष भन्दा पनि उनले आपनो समयमा आफ्नो शिक्षादीक्षाकोलागि पाउन सकेको सुबिधा संगको कुरा थियो । यसअर्थमा रत्नध्वज जोशी[2] 'नेपाल-मा हृदयचन्द्र सिंह प्रधानको जीवन कालमा, उनको जस्तो परिस्थितिमा बालकृष्णसमजीलाई जस्तै अध्ययन र अभ्यासगर्ने मौका सबैलाई नमिल्नु आश्चर्य होइन' भनेर ठीकै भन्दछन् । हृदयचन्द्र जस्ता साधारण रैतीलाई राणाकालमा बालकृष्ण समको समान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतको बारेमा ज्ञान राख्नकोलागि सुविधा पाउनु असम्भव थियो । फेरिपनि हृदय-चन्द्रले आपनो एकादशी भन्ने एउटा लेखमा नेपाल लगायत संसारका विभिन्न भागमा आधुनिक साम्राज्यवादी बजारको फैलावार त्यसले नेपाल जस्ता पछौटे देशको आर्थिक जीवनमा ल्याएको बर्वादी र संकटलाई सफलता साथ हेर्न सकेकाछन् । तर यहाँ छक्कपर्ने कुरा के छ भने उनी जति सफलतासाथ नेपाल भित्र पूँजीवादी बजारको प्रवेश र त्यसको परिणाम स्वरूप देशको आर्थिक

2 साहित्य समीक्षा

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनमा उत्पन्न र संकट, महामारी र अत्याचारलाई देख्दछन् उसरी नै उनी सामन्ती वर्गीय सम्बन्ध तलको शोषण र अन्य व्यवहारलाई भने हेर्न सक्तैनन् । यसैले गर्दा उनी सामन्ति समाजभित्र दासत्वको स्थितिमा रहेका स्वास्नी मान्छेलाई देख्न सक्ने भए पनि उनीहरूको मुक्तिकोलागि त्यो सामन्ती सम्बन्ध र संस्कार संग लडनुपर्ने कुरादेख्नु सक्तै नथे जसले गर्दा उनी स्वास्नी मान्छेलाई लोग्ने मान्छेसंग भिडाउन पुगेकाछन् । त्यसरीनै पूँजीवादी वजार अन्तरगत उत्पन्न संकट र महामारीबाट मुक्तहुने सही उपाय उनी देख्दैनन् उपवास-गरेर व्यापारले ल्याएको महंगी र वेगारीसंग लडने कुरा सोच्नपुगेका छन् ।

हृदयचन्द्रले २००७ सालको क्रान्ति पहिलेसम्म ज्यादागरेर लेख र निबन्धहरूनै लेखेकाछन् । उनी समाजको प्रत्येक पक्षमालेख्न पुगेकाछन्, लाग्छ उनी एउटा ठूलो विचारक पनि थिए । हुनत एउटा साहित्यकार एउटा विचारक पनि हो । उनकालेख❀ 'ठूलो एकादशी', 'लामखुट्टे', 'मुसालाई वेद पढाउने धुनमा', 'म त्यसै मर्दिन' हेर्दा उनले आफ्नो समाजलाई सबैपक्षबाट गहिरिएर हेर्न खोजेकाछन् । त्यस समयका अर्को कुनै नेपाली बुद्धिजीवी देखिन्नन् जसले आफ्नो समाजलाई लिएर यसरी चौतर्फी अध्ययन गर्न खोजेको होस । २००७ साल अघिका हृदयचन्द्रका लेखहरू नपढि उनको विशालता-संग परिचय पनि हुन सक्तैन ।

२००७ साल पछि हृदयचन्द्र उपन्यास, नाटकहरू लेख्न लाग्छन् । २००७ साल अघि उनले आफ्नो समाजको सम्बन्धमा पाएको ज्ञान र अनुभव-लाई उपन्यासार नाटकमार्फत व्यक्त गर्न शुरू गर्छन् । तर समाजको वर्गीय चरित्र र त्यसको परिणामको सम्बन्धमा स्पष्ट नरहेकाले उनले उपस्थित गरेका संघर्षीहरू कोही आतंगी बनेका हुन्छन् त कोही मरेर सहानुभूति लिनेतिर हुन्छन् । अंग्रेज नाटक कार बरनार्डशा पनि एउटा यस्ता नाटककार हुन् जो समाज भित्रका धेरै कुरा जानेर पनि त्यसको समाधान भने देख्दैनन् । तर शा र हृदयचन्द्रमा के फरक छ भने शा सामाजिक जीवन भित्रका अन्तरद्वन्द र चरित्रहरूलाई मसिनो र गहिरोसंग हेर्न सक्छन् भने हृदयचन्द्र समाजभित्र भोक, गरीबी र दरिद्रतालाई देख्छन्, त्यसको कारण शा को समान बुझ्दैनन् ।

❀जुँघा र सीस रूपियाँको नोटमा संकलित

CC-0. In Public Domain. Digitization by eGangotri

तर दुबै समाजमा देखापरेका आदि समस्याहरूको समाधानको सवालमा भने अस्पष्ट रहेकाछन् । यसदृष्टिमा हिन्दी साहित्यका प्रेमचन्द हृदयचन्द्रसंग धेरै कुराले मिल्दछन् । यसरी हेर्दा नेपाली साहित्यमा हृदयचन्द्र त्यही रूपमा देखापर्छन् जुनरूपमा भारतको हिन्दी साहित्यमा त्यहाँका प्रेमचन्द देखापरेका-छन् । यद्यपि प्रेमचन्दका रचनाहरू आफ्नो समयको समाजका उत्पीडनलाई बटुल्नमा जति व्यापक बनेकाछन् हृदयचन्द्रका रचना त्यति व्यापक रहेका छैनन् । फेरि पनि उनका रचनाले आफ्ना समयका मान्छेका भावनालाई भने इमान्दारी साथ बटुलेकाछन् । यदि मानव जीवनलाई सही ढङ्गले उध्याएर हेर्नमा प्रेमचन्दका रचनालाई धेरै सफलता मिलेको छैन भने हृदयचन्द्रको स्थिति त्यस्तै रहेकोछ । तर दुबै लेखक आ–आफ्नो समाज प्रति सधैं इमान्दार रहेकाछन् ।

बरनार्ड शा अथवा प्रेमचन्द्रसंग यहाँ हृदयचन्द्रको तुलना गरिएको कतिले अचाक्ली ठहराउन सकनेछन् । तर नेपाली दुईहजार साल अघिपछि-को नेपालको अन्धकारमय स्थितिलाई सामुन्नेमा राखेर त्यतिबेला हृदयचन्द्रमा विकसित आफ्नो समाज र विश्वलाई हेर्ने दृष्टिकोणलाई लिएर हेरेमा आफै धेरै साफ हुनसकनेछ । त्यो त आजकाहरूले पत्ता लगाउने कुराछ हृदयचन्द्रको देनलाई किन ऐलेसम्म हलुका पारेर देखाउदैं ल्याइयो ? जतिबेला नेपालका अरू लेखकहरू युवक युवतीले प्रेममा पाएका धोका अथवा सौता सौताको कलहलाई लिएर लेख्ने गर्दैं थिए भने त्यतिबेला हृदयचन्द्रले मान्छेको जीवन लाई समाज र राष्ट्र भित्र राखेर हेर्ने आँखा बनाइसकेका थिए । २००७ साल अघि लेखिएका उनका लेख 'ठूलो एकादशी', 'मूसालाई वेद पढाउने धुनमा', 'म त्यसै मर्दिन', 'लामखुट्टे' र '२००७ साल तिरको नेपाल र नेपाली भाषामा राष्ट्रियता'* भन्ने लेख हेरेमा उनमा रहेको समाज र जीवनलाई हेर्ने बौद्धिक विलक्षणताको साथै देश र जनता प्रतिको उनको भक्ति समेत स्पष्ट हुनेछ । उनका उपन्यासको साथै एकांकी नाटकमा 'मरूभूमिको लेखक' 'नाइब राईटर' र उनको मुरादले आफ्ना देशका जनताका विभिन्न अंग र राष्ट्रको समस्या र सवाललाई गहिरोसंग हेर्न सकेकाछन् । यद्यपि यी रचनाका निष्कर्षदेखि

*अफशोस

CC-0. In Public Domain. Digitization by eGangotri

हामी संतुष्ट हुदैनौ, आज लाग्नेछ समाज भित्रका धेरै कुरा र कारणहरू उनी देख्दैनन् तथा जान्दैनन् । फेरि पनि नेपाली साहित्यको इतिहास र परंपरालाई उज्यालो पारेर आजका हामीलाई प्रेरणा दिनेमा हृदयचन्द्र एउटा हुन् भन्ने कुरामा हामी गौरवशाली छौं ।

(धेरै छोटो समयमा मैले यो लेख तैयार गर्नु पर्‍यो । त्यसैले यसले हृदयचन्द्रको साहित्यको पूर्ण अध्ययनगर्न सकेको छ जस्तो मलाई लागेको छैन । उनका अरू कति प्रकाशित तथा अप्रकाशित रचनाहरू होलान् । उनको सम्पूर्ण रचनाको जानकारीमा उनको देनलाई लिएर यो भन्दा पनि व्यापक अध्ययन हुन सक्छ –लेखक)

("सस्कृना", वर्ष–५, अंक ११ बाट साभार)

CC-0. In Public Domain. Digitization by eGangotri

कला, जीवन र दर्शन

कला, जीवन र दर्शनको एक अर्कोसंग कस्तो सम्वन्ध रहनु पर्दछ नेपाली साहित्यका आलोचक कृष्णचन्द्रसिंह प्रधानले यता चर्चा शुरू गर्नु भएको छ। 'दर्शन, विज्ञान र साहित्य★ भन्ने लेखमा वहाँ के भन्नु हुन्छ भने साहित्य सम्वन्धी मतहरू खास साहित्यकै होइनन, विभिन्न दर्शन र सिद्धान्त-हरूवाट प्रेरित मतहरू छन् ती। ती सैद्धान्तिक मतहरूलाई पर सारेमा त्यहाँ शुद्ध साहित्य रहन्छ, साहित्यिक अभिव्यक्ति मात्रा यी मतहरू साहित्यमा प्रयोग हुँदै आएका भएपनि साहित्य यी मतको स्वरूपभित्र व्यक्तित्व विहिन हुने गर्दैन। प्रधानजी यहाँ मार्क्सवादी दृष्टिकोण माथि चर्चा गर्दै भन्नुहुन्छ यो दृष्टिकोण समाज परख भएकोले यसले खण्डित जीवनलाई मात्र साहित्यमा उद्‌घाटन गर्ने गर्दछ। प्रधानजीको मतमा साहित्य जीवनलाई सम्पूर्णतामा उभ्याउनकोलागि मार्क्सवादकोसंगै फ्राइडवादी दृष्टिलाई पनि अपनाउनु पर्दछ– यी दुवै मतको सम्मिश्रणमा बाह्य र आन्तरिक दुवैको प्रभाव पर्ने हुँदा जीवन-लाई सम्पूर्णतामा साहित्यमा उद्‌घाटन गर्न सकिने छ।

छोटकरीमा भन्दा प्रधानजीको यो लेख शव्दजाल भित्र लुकेर साहित्य-को आजको प्रगतिवादी आन्दोलनलाई बराल्न आएकोछ। यस्ता भ्रमात्मक लेखको भित्री स्वरूपलाई समयमै प्रकाशमा ल्याइदिने गर्नु पर्दछ जसवाट प्रगतिवादी आन्दोलनमा प्रतिकूल प्रभाव पर्न नपाओस्। आजको प्रगतिवादी आन्दोलन एउटा सानो स्वार्थको मात्र कुरा गर्ने नभई सारा राष्ट्रीय स्वार्थको साथै तमाम देशवासीको आकांक्षा र मनोभावको नेतृत्वकारी भूमिका छ भन्ने इतिहासले स्वीकारेको सत्य छ। साहित्यलाई मनोरंजन र यौनको व्याख्या गर्ने एउटा साधन सम्झनेहरू आज अनेकौं शव्दजाल भित्र लुकेर साहित्यको प्रगतिवादी आन्दोलनलाई जहीं कहीं बराल्नमा मात्र छन् भन्ने सबैले बुझेको कुरा छ।

★निर्माण [वर्ष २ अंक १]

CC-0. In Public Domain. Digitization by eGangotri

अव हामी यहाँ एउटा–एउटा गरेर प्रधानजीको भनाईलाई हेर्दै जाउँ,– जीवनको अध्ययनको अभावमा साहित्यिक अभिव्यक्ति भन्ने के कुरा हो ? त्यो अभिव्यक्तिको कुनै स्वरूप प्रधानजी हाम्रो समक्ष उपस्थित गर्न सक्नु हुन्छ ? जीवन स्वयमै एउटा दर्शन छ–जीवनको अध्ययनदेखि अलगै रहेर मान्छेले दर्शनको निर्माण गरेन, न विज्ञानकै । जीवनका घटनाबाट नै जीवनको अध्ययन र विकासकोलागि मान्छेले दर्शन र विज्ञानको निर्माण गऱ्यो । जीवन-को अध्ययनको सिलसिलामा निर्मित ती सिद्धान्तहरू जीवनकै अनुभवबाट सच्याइदै पनि ल्याइएका छन् ।

बाह्य जगतको सम्पर्कको अभावमा मानवीय संवेदना अथवा कुनै अभिव्यक्ति संभव छैन, छ भने पनि त्यो अर्थ विनाको लाटो उत्तेजना छ । मानवीय संवेदना बाह्य जगत (आफु बसेको समाज लगायत) लाई देखेर नै हुने गर्दछ, जुन संवेदनाको संगसंगै उ त्यो जगतलाई बदल्ने उपाय तिर पनि संलग्न रहन लाग्छ । यहींवाट मान्छे आफ्नो दर्शन र विज्ञानको निर्माण गर्ने गर्दै आएकोछ । मान्छेले आफ्नो यो दर्शनको निर्माण गर्दा जैले पनि आफू र आफू बसेको समाजवाट पाएका जीवन सम्वन्धी अनुभवलाई नै ध्यानमा राखेको छ । समाज र उसको अनुभवदेखि वाहिर वसेर प्रधानजीले सोचेमुताविक प्रतिपादित सिद्धान्त अनुसार समाजको गठन हुने होइन, तर समाजको गठन, उसको गति र विकास उसको आफ्नै नियम अनुसार हुने गर्दछ, जून नियम-हरूलाई जान्न मान्छे संधै प्रयत्नमा रह्यो । मनुष्यको आदिम अवस्थालाई छोडेर, त्यसपछि गठित मानव समाज वर्गीय रूपमा विभाजित रहेर विस्थापित आर्थिक व्यवस्था माथिको प्रभूत्वकोलागि लगातार विरोधी वर्गहरूको आपस-मा संघर्ष चल्दै आएको छ र जून वर्ग संघर्षको परिणामस्वरूप समाजमा परिवर्तन हुने गर्दै आएकोछ भन्ने कुरा मार्क्सले पत्ता लगाए । मार्क्सको यो खोजी त्यस पछिका घटनाले दिन प्रतिदिन यसलाई अरू सत्य सावित गर्दै ल्याएको छ ।

प्रधानजी यी कुरामा अज्ञात हुनुहुन्छ भन्ने कुरा छैन, तर ऐले वहाँ जानीजानी सत्यलाई तोडफोड गरेर उभ्याउन लाग्नु भएको छ । वहाँ मार्क्सवादी दृष्टिकोणलाई फ्राइड संगसंगै दाँजेर भन्नु हुन्छ दुवै दृष्टिकोणको

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मिश्रणबाट जीवनलाई सम्पूर्णतामा हेर्न सकिन्छ । तर फ्राइड त मानव मस्तिष्कलाई उसको यौन व्यवहारको आधारमा मात्र राखेर जाँच्ने कुरा गर्दछ–जबकि मार्क्सबाद मानिसको मस्तिष्कलाई वाह्य जगतको प्रभाव अन्तरगत आउने चिन्तन प्रकृयामा मान्ने गर्दछ । फेरि फ्राइड मान्छेका अन्य तमाम सामाजिक व्यवहारको प्रभाव वाहिर उसको यौनलाई सम्झेर त्यसको मात्र एक्लो साहित्यमा अध्ययन गर्ने कुरा भन्छ । अब प्रधानजी कसरी मार्क्सवाद र फ्राइडको अन्तर मनवाला दृष्टिलाई एकमा सम्मिश्रण गराएर जीवनलाई अध्ययन गर्ने कुरा भन्नु हुन्छ ?

प्रधानजी वडो वठयाईंसाथ आजको प्रगतिशील आन्दोलनको समक्ष मार्क्सवादी दृष्टिकोणलाई तोडफोड गरेर राख्न लाग्नु भएकोछ । वहाँ भन्नु हुन्छ फ्राइडको अन्तरमनलाई हेर्ने दृष्टिकोणको अभावमा व्यक्तिको सामाजिक दायित्वमा मात्र जीवन खण्डित रूपमा उद्घाटित हुने गर्दछ । तर वहाँ जून अन्तरचेतना अथवा मनको खोजीमा हुनुहुन्छ मान्छेका अरू व्यवहारको प्रभाव-बाट अछूता रहेको त्यो मन (यौन) लाई ऐलेसम्म कसैले भेट्न सकेको छैन । तर जीव माथिको आजसम्मको अनेकौं परीक्षणवाट प्रमाणित भएको छ मानव मस्तिष्क वाह्य जगतको प्रभाव अन्तरगतको एक चिन्तन प्रकृया छ, जसका व्यवहारको अध्ययन गर्न वाह्य प्रकृतिको संगसंगै उसको समाजलाई पनि ध्यानमा लिन जरूरी पर्छ । त्यसअर्थ साहित्यमा मानव मस्तिष्कको अध्ययन गर्ने प्रकृयामा मार्क्सवाद प्रधानजीले सोचे अनुसारको त्यो 'अन्तरमन' को खोजीको पछि नलागी आफ्नो समाज र वाह्य जगतको सम्पर्कमा प्रतिकृया जनाउने त्यस्तो मनको उद्घाटन गर्ने गर्दछ जून मानसिक व्यवहारलाई मान्छे बुझ्न र अध्ययन गर्न सक्दछन् । साहित्य भित्रको यस प्रकारको अध्ययनलाई प्रधानजी 'खण्डित जीवन' को उद्घाटन भन्न सक्नु हुन्छ भने नेपाली साहित्यमा आज मानिएका कतिपय प्रमुख रचनाहरूलाई वहाँ ऐले कसरी परख गर्नु हुन्छ ?

देवकोटाको 'मुनामदन' लाई नै यहाँ लिउँ । २००७ साल अघि लेखिएको यो रचना प्रधानजीले भने मुताविक अन्तरमनको एकोहोरी अध्ययन नभएर त्यतिवेलाको काठमाडौं स्थित व्यवसायिक वर्ग भित्रको मदनको व्यापार-

CC-0. In Public Domain. Digitization by eGangotri

कोलागि ल्हासा तर्फको यात्रा वर्णन र मदनको टाढाको प्रस्थानले उसकी प्रेमीका मुनामा पैदा गराएका विरह चित्रणहरूले भरिएका छन् । यो रचना मुना र मदन दुई युगल प्रेमीहरूको विरहलाई हृदयस्पर्शी रूपमा उपस्थित गर्न सफल रहेको छ भने त्यस बेलाको सामाजिक सन्दर्भ भित्रको एउटा जीवन र त्यसका केही सवाललाई समेत उभ्याउन सकेकोछ । प्रेमीहरूको प्रेम विरहको सुन्दर वर्णन भित्रबाट त्यति बेलाको एउटा जीवनलाई यथार्थ रूपमा चिन्हाउन सक्नुनै यो रचनाको सफलताको रहस्य छ ।

सामाजिक दायित्वमा लेखिने रचनाहरूले खण्डित जीवनलाई मात्र उद्घाटित गरेका हुन्छन् भन्ने एकदमै असत्य कुरा छ । सामाजिक दायित्वमा लेखिने कतिपय रचना असफल रहेका छन् भने तिनीहरूले आजको सामाजिक जीवन भित्र उत्पन्न हुंदो आजको वर्गीय अन्तरद्वन्द र त्यो अन्तरद्वन्दको परिणाम स्वरूप मान्छेको मानसिक तथा अन्य व्यवहार र चरित्रमा पर्ने प्रतिक्रयालाई मसिनोसंग अध्ययन गर्न नसक्नुलेछ, नकि प्रधानजीले सम्झे मुताविक सामाजिक दायित्वलाई स्वीकार गर्दा हो । उदाहरणमा अब हामी आज लेखिएको एउटा रचनालाई यहाँ हेरौं–खगेन्द्र संग्रौलाको उपन्यास 'चेतनाको पहिलो डाक' लाईनै लिउँ । उपन्यास भित्रको अमृतमान एउटा यस्तो पात्र छ, जो आफ्नो गरीबी, दरिद्रता र विवशतालाई राम्रोसंग महशूश गर्दछ, तर उसले भोगेको त्यो दरिद्रताको कारण के हो जान्दैन । जागिर दिन्छु भनेर पछि नदिने हाकिमलाई नै सबै कुरा सम्झेर गाली गर्दै रहन्छ । अमृतमान मजदूर अथवा किसान वर्गबाट आएको व्यक्ति होइन म्याट्रिक पास, काम नपाएर त्यसै अल्लारिएर हिडनेहरू मध्येको एउटा छ । काम नपाएर त्यसै अल्लारिएर हिडने देशमा आज एउटा अमृतमान मात्र होइन, यस्ता बेगार पढे लेखेकाहरूको ऐले देशमा एउटा ठूलो जमातनै तयार भइसकेको छ । सरकार यी पढे लेखेकालाई काम दिन सक्तैन, किनभने यी पढे लेखेकालाई काम दिनको लागि नयाँ उद्योग, इलम खडा गर्न सरकारसंग पैसा छैन । बरू यो बेगारी रोक्ने सजिलो उपाय देखेर सरकार एकोहोरो शिक्षा नियन्त्रण गर्न तिर लागेकोछ । तर देश भित्र कायम वैदेशिक पूँजीवादी खुल्ला लुटलाई खतम गरेर विदेशी बेपारी र ठूला–ठूला सामन्तको हातमा रहेको पूँजी समेतलाई उद्योगमा

CC-0. In Public Domain. Digitization by eGangotri

परिचालन गर्न वाध्य नगराएसम्म उद्योगकोलागि देशमा पूँजी जम्मा हुन सक्दैन भन्ने प्रष्ट कुरा छ। यता तिरको यो कदमलाई छोडेर देश विकासका थोत्रा नारा र वैदेशिक सहयोगबाट मात्र देशमा उद्योग उठ्दैन भन्ने आजका व्यक्तिले नबुझेको कुरा छैन। तर विदेशी व्यापारी र ठूला-ठूला सामन्तको हातमा रहेको पूँजीलाई उद्योगमा संचालन गराउने कुरामा आजका व्यक्ति सबै कुराले असमर्थ सिद्ध भैसकेका छन। यति मात्र होइन, दिनहुँ बढ्दो वैदेशिक पूँजीवादी लुट र बाहिरबाट ओसारिएको महंगीले गर्दा नेपाली जीवन अरू बर्वाद भएर देशमा एउटा ठूलो संख्यामा बेगारहरू खडा हुन गइरहेका छन्। शिक्षा माथिको नियन्त्रणले पनि यी बेगार बढ्नबाट रोकिने छैनन्।

'चेतनाको पहिलो डाँक' को बेगार अमृतमानको नोकरीको खोजीले देश भित्रका यी विभिन्न वर्ग र उनीहरूको व्यवहार फलस्वरूप देशका जनता र आम जीवन माथि परेको आदि उपरोक्त प्रतिक्रियाहरूलाई उपन्यासले व्यापक रूपमा उदंग्याउन सकेन, यो यस उपन्यासको आफ्नै कमजोरी छ; नकि समाज परख प्रगतिवादी दृष्टिकोणको। फेरि पनि यो उपन्यासले देशमा उत्पन्न शिक्षित बेगारको जल्दो समस्या प्रति प्रगतिशील साहित्यको ध्यानलाई आकृष्ट गराउने काम गरेको छ। जबकि कति यस्ता पनि छन् जो नेपालमा प्रगतिवादी साहित्यनै छैन भनेर पनि बोल्दछन-कति ठूलो अहं लिएर पारिजात प्रगतिवादी आन्दोलन भित्र प्रवेश गर्दछिन् (?)

प्रधानजी ! कुनै दिन यस्तो पनि थियो तपाईं र म एउटा बेन्चमा बसेर साहित्यको प्रगतिवादी आन्दोलनको सम्बन्धमा सोच्ने विचारने गर्थ्यौं, संयोगको कुरा हो ! ऐले तपाई कहाँ ? म कहाँ ? वाध्यतावश म ऐले तपाईका आजका बिपरित मतको खण्डन गर्न लागेको छु।

फेरि पनि देशका प्रबुद्ध बुद्धिजीवीहरूको अवपतन भएको देख्दा आँखाबाट आँशु झर्दैनै !!

("निर्माण" वर्ष-२, अंक-१ बाट साभार)

(बिराटनगर ५-४-३०)

CC-0. In Public Domain. Digitization by eGangotri

गोपाल प्रसाद रिमालको नाटक "मशान" माथिको एक अध्ययन

गोपाल प्रसाद रिमाल नाटकबाटै प्रसिद्ध भएकाले उनका नाटकसंग चिनारी गर्नु नै यहाँ विशेष आवश्यक देखिन्छ। रिमालका दुइटा नाटकमा 'मशान' लाईनै धेरै सफल र यथार्थिक ठहराएको छ। यो नाटक १९ वीं शदीका नर्वेका नाटककार इवशनको विश्वप्रसिद्ध नाटक 'ए डोल हाउस' बाट नकल गरिएको हो भन्ने कुरा पनि छ। इवशनको 'ए डोल हाउस' को समान 'मशान' नाटकमा पनि एउटी स्वास्नीमान्छे पोइबाट अगाध प्रेम पाउँदा पाउँदै पनि आफुलाई उसको एउटा खेलौना जस्तो मात्र देखी पोईलाई त्याग्ने अवस्थामा पुग्छे। तर दुवै नाटकका स्वास्नीमान्छेहरूका लोग्नेलाई त्याग्ने निर्णयको दृष्टिकोणलाई हेर्ने हो भने त्यसमा ठूलो अन्तर पाइन्छ—'डोल हाउस' की स्वास्नीमान्छे लोग्ने बराबरको स्वास्नीको हकको कुरा गर्छेभने 'मशान' की स्वास्नीमान्छे ओखतीबाट आफुलाई सन्तान विहिनको बनाएकोमा पतिलाई घृणा गर्छे र त्याग्छे।

नाटकमा सामाजिक जीवनलाई देखाउने पहिलो यूरोपेली नाटककारमा नर्वेका लेखक इवशन नै थिए। इवशनका नाटकहरू स्वास्नीमान्छेको स्वतन्त्रताको सवाललाई नै लिएर बोल्ने गरेका छन्, 'डोल हाउस' उनको सबैभन्दा सफल नाटक छ। इवशनको नाटकहरूको प्रेरणा मै अंग्रेज नाटककार जर्ज वर्नर्डशाले सामाजिक जीवनलाई लिएर नाटक लेख्न शुरू गरेका छन्। इवशनको 'डोल हाउस' को देखासिकी शाले पनि स्वास्नीमान्छेको स्वतन्त्रता-को सवाललाई लिएर नाटक 'क्यान्डिडा' लेखेका थिए। त्यतिबेलाको यूरोपेली स्वास्नीमान्छेहरूको स्वतन्त्रताको दृष्टिले शाको 'क्यान्डिडा' इवशनको 'डोल हाउस' भन्दा धेरै सफल र सवल रहेको छ। त्यसपछिका शाका प्रायसबै नाटकहरू समाज भित्रका एउटा न एउटा कूरीति अथवा अत्याचारको

CC-0. In Public Domain. Digitization by eGangotri

बिरोधमा व्यङ्ग गर्ने गरेर आएका छन् । यद्यपि शा आफ्नो समयको समाज भित्रको कुरीति, शोषण र अत्याचारको आफ्ना रचनाद्वारा बिरोध गर्दैरहेका भएपनि यसको समाधानको सम्बन्धमा उनी कहिले पनि स्पष्टरहन सकेनन् । फेरिपनि आजको अंग्रेजी साहित्यलाई धनी बनाउनमा शाको ठूलो देन रहेको छ । शानै पहिला लेखक हुन जसले सामाजिक जीवनको अध्ययन पछि अंग्रेजी साहित्यलाई डो-याएका थिए ।

गोपाल प्रसाद रिमाल नाटक लेख्ने सीपमा निपुण देखिएपनि उनका नाटकले देशको सामाजिक जीवनको मर्मलाई अपनाउन सकेका छैनन् । सामाजिक यथार्थता जीवनलाई कोरारूपले फोर्नेमात्र गर्दैन, तर समाज भित्रको आपसी सम्बन्धमा आइरहने परिवर्तनलाई प्रकाशमा ल्याउने गर्दछ । रिमालको नाटक 'मशान' ले यो कुनैकुरा हेर्न सकेको छैन— दुइटी सौताहरू पोई र छोराको प्रेम र स्नेह पाउने द्वन्दमा उल्झेकाको चित्रण गर्दछ । लोग्नेको धेरै माया पाएकी स्वास्नी (युवती) सन्तान बिनाकी बाझी भएकीले लोग्नेलाई अर्की स्वास्नी ल्याउन वाध्य गराउँछे, जसबाट पछि एउटा छोरो जन्मिन्छ । तर छोरो पाउने दुलहीले लोग्नेको प्यार पनि पाउंदिन र छोरामाथिको स्नेह पनि । उ सौता माथि डाह गर्नलाग्छे— लोग्नेको प्रेम उसैमाथि भएकोले र भरखरै जन्मेको बच्चामाथि पनि सौतालेनै अधिकार जमाएकीले । तर लोग्नेको प्यार पाउने युवतीलाई पछि थाहा हुन्छ उसले लोग्नेको धेरै प्यार पाएकी भएपनि उसलाई ओखतीबाट निसन्तान गराएको थियो, त्यतिबेला उ आफूमाथि ठूलो अत्याचार भएको संझी लोग्नेलाई त्याग्ने निर्णयमा पुग्छे र घर छोडेर बाहिर हिड्छे ।

यहाँ हेर्ने कुरा के छ भने युवतीले जुन आधारलाई लिएर लोग्नेलाई त्याग्न पुगी त्यसले स्वास्नीमान्छेहरू माथि स्थापित सामन्ती दुराचार र अनैतिक व्यवहारको विरूद्ध स्वतन्त्रताकोलागि स्वास्नीमान्छेले वोल्ने समस्यालाई उदङ्ग्याउँदैन । गर्भनिरोध गराएको थाहा पाएपछि लोग्नेलाई अन्यायी संझेर त्याग्ने युवतीका व्यवहार स्वाङ्ग छन् र नकल बाजी छ । इवशनको 'डोल हाउस' की स्वास्नी आफ्नो लोग्नेको प्राणको रक्षाकोलागि झूट र फरेवी काम पनि गर्न पुगेकी हुन्छे, तर त्यही झूट पछि खुल्न लाग्दा उसको लोग्ने

CC-0. In Public Domain. Digitization by eGangotri

उसलाई बचाउनको सट्टा आफ्नो प्रतिष्ठाको नाममा तिरस्कार नै गर्न लाग्छ, त्यतिबेला स्वास्नी आफूलाई लोग्नेको एउटा खेलौना जस्तो मात्र संझी आफ्नो व्यक्तित्व अथवा मनुष्यत्वको मैले स्वतन्त्र भएर अलग्गै निर्माण गर्नु पर्ने रहेछ भन्ने संझी लोग्नेलाई त्याग्न पुगेकी छे। तर 'डोल हाउस' कै प्रेरणामा लेखिएको वर्नर्डशाको नाटक 'क्यान्डिडा' की स्वास्नी आफ्नो लोग्ने र युवक प्रेमीको बीचमा आफूलाई राखेर दुईमा एउटालाई फेरि छान्ने स्वतन्त्रतासम्म लिन पुगेकी छे। 'क्यान्डिडा' को लोग्ने त्यो स्वतन्त्रता स्वास्नीलाई दिन बाध्य बन्दछ। बीशवी शदीको प्रारम्भ तिर यूरोपमा स्वास्नीमान्छेहरू पुरूषको बराबर अधिकारमा आइसकेका थिएनन्, त्यसैले यी नाटकले त्यतिबेला यूरोपमा ज्यादै स्वागत पाएका थिए।

तर रिमालको 'मशान' की युवतीको पतिगृह त्यागले नेपाली नारीहरू-को स्वतन्त्रता सम्बन्धी कुनै समस्यालाई पनि उदङ्ग्याउँदैन, गर्भ निरोधको कार्यलाई अन्याय संझी पतिगृह त्याग्ने अथवा नेपालका नारीको स्वतन्त्रताको सवालसंग यसलाई गास्न खोज्नु एउटा स्वाङ्ग मात्र छ र एउटा नकल। यो प्रश्न 'मशान' की एउटी युवती संगको कुरा छ र उसैमा यो सीमित पनि छ; नेपालका आजका अथवा हिजोको आम नारीमाथिको उत्पीडनसंगको सम्बन्धित कुरा छैन यो।

यूरोपमा नाटकको विकास सामाजिक सुधारका समस्याहरूलाई लिएर भएको छ। उपन्यासको पूर्ण विकास हुनु पहिले सामाजिक कूरीति र अन्यायका सवालहरूलाई जनसमक्ष ल्याउनमा नाटक नै प्रभावकारी आधार मानिन्थ्यो। यो शदीको शुरूदेखि ४० सम्म जर्ज वर्नर्ड शाका नाटक यूरोपमा ज्यादै प्रभावकारी रूपमा रहेका छन्, जसका रचनाहरू एउटा इङ्गल्याण्डमा मात्र होइन सारा यूरोपमै चाखको साथ पढ्ने गरिन्थ्यो। उनका सारा नाटक-हरू सामाजिक कूरीति र अन्यायको विरूद्धमा बोल्ने गर्दछन्।

तर नेपालमा नाटक लेखन कार्य एउटा कोरा देखासिखीमा आएको छ। २००७ साल अघि नेपालमा लेखिएका कुनैपनि नेपाली नाटकले यूरोपेली नाटकको समान सामाजिक सुधारको स्वरूपलाई देख्न अथवा अपनाउन सकेका

CC-0. In Public Domain. Digitization by eGangotri

छैनन्, बरू सामन्ती पछौटेपन र अन्धकारलाईनै समर्थन गर्ने गरेर आएका छन् । यूरोपेली नाटकहरू जब त्यहाँ 'डोल हाउस' र 'क्यान्डिडा' जस्ता रचनाहरू मार्फत नारी स्वतन्त्रताको प्रश्नलाई अगाडि बढाइरहेका हुन्छन् भने नेपालमा धेरै पछि ४० तिर लेखिएका नाटकहरू (मुकुन्द इन्दिरा जस्ता) नारीको सतित्वको प्रश्न उठाई स्वास्नीमान्छेको हजार परीक्षालिने शिक्षा तैयार गर्न लागेका हुन्छन् । यो हेराईमा '०७ साल पहिलेका नेपाली साहित्यिक रचनामा देवकोटाको 'मुनामदन' एउटा छ जुन त्यसबेलाको समाज-को एउटा तसवीरलाई लिएर बोल्ने गर्छ । 'मुना र मदन' दुइ युगल प्रेमी-हरूको वार्तालाप र विरह भित्र त्यतिबेलाको काठमाण्डौ स्थित मध्यम वर्गीय परिवारको स्थितिको संगसंगै त्यहाँको सामाजिक सम्बन्धलाई आज हाम्रो समक्ष उभ्याउन सकेको छ । तर रिमालको 'मशान' त्यसवेलाको वर्गीय कुनै सम्बन्ध र त्यसको चरित्र अथवा गतिलाई 'मुनामदन' को समान उपस्थित गर्न सफलरहेको छैन, बरू एउटी बाझी आइमाईको मनोस्थितिमा पर्ने आघात सम्बन्धी अध्ययनको सानो सेरोफेरोमा सीमित रहेको छ । सौतालाई प्रेम नदिने तथा आफुलाई बाझी बनाउने आदि आरोप लगाएर पतिगृह छोड्ने आदि सबै कुरा स्वाङ्ग छन् ।

("कोपिला" बाट साभार)

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्यमा आधुनिकतावाद के हो ?

आधुनिकतावाद बारे विश्वेश्वर प्रसाद कोइरालाज्यूले भारतको प्रयाग-मा सम्पन्न परिमल रजत जयन्तीमा बोल्नु भएको वहाँको भाषणलाई नेपाली पाठकको लागि पनि 'आधुनिकतावाद-शैली परिवर्तनको आन्दोलन' को नाउँमा प्रकाशित गरिएको छ। यसमा राजनीति र कलाको स्वरूपमाथि चर्चा गरिएको छ—साहित्यमा जुन आधुनिकतावाद भनिन्छ त्यो शैली परिवर्तनको आन्दोलन मात्र हो भन्ने कुरा देखाइएको छ। राजनीति र कलाको सम्बन्ध-मा एउटालाई अर्कोको अन्तरविरोधीमा देखाइएको छ—पहिलेको प्रवृति संगठनात्मक हो भने अर्को व्यक्तिवादी र अराजकतावादी छ।

नेपाली साहित्यभित्र आदि सवालहरूलाई लिएर छलफल नभएका होइनन्, धेरैपल्ट अनेकौं शीर्षकमा, तर कोइरालाज्यूका साहित्य सम्बन्धी धारणाहरू भने पहिलोपल्ट प्रष्टसंग बाहिर आउन सकेका छन्। विषयवस्तुको आधुनिकतावादको प्रश्नमा कोइरालाज्यू ज्ञानको क्षेत्रमा भइरहने नयाँ—नयाँ आविष्कारलाई कलाकृतिमा समावेश गर्नुपर्छ भन्ने कुरा भन्नुहुन्छ, तर त्यो ज्ञान फ्रायडवाद सम्बन्धी मात्र हो, जुन फ्रायडवाद सांस्कृतिक तथा कलात्मक परंपराको एउटा अंग बनिसकेको छ भन्ने कुरा छ !

यस्तो लाग्छ कोइरालाज्यू नेपाली साहित्य भित्र ऐले जबरजस्ती एउटा भ्रम तैयार गर्न लाग्नु भएको छ। प्रथमत साहित्यमा आधुनिकतावाद शिल्पमा परिवर्तनको लागि आन्दोलन हो भन्ने कुरा गरेर साहित्यको शिल्प र विषय-वस्तुलाई दुई स्वतन्त्र अस्तित्वमा राखेर पारख गर्ने कुरा वहाँ भन्नु हुन्छ। तर के शिल्पलाई विषयवस्तु देखि छुट्टै राखेर पारख गर्न सकिन्छ र ? यस्को अर्थ साहित्यिक शिल्पको सम्बन्ध भाषासंग मात्र रहने भयो। यदि यस्तै हो भने साहित्यिक सृजनामा भाषा र विषय वस्तु (Imaginative

C59.8909
अ 82नै
Acc No 1522

CC-0. In Public Domain. Digitization by eGangotri

Thought) को बीचमा कसरी तादात्म्य कायम हुन्छ ? भाषा विज्ञानको सम्बन्ध शब्द भण्डारसंग मात्र छ–शब्दको उत्पत्ति, विकास र वाक्य निर्माणमा शब्दहरूको प्रयोगको विशेषतालाई लिएर अध्ययन गर्ने गर्दछ । यदि बिम्ब (Image) लाई पर पंछाएर यिनै शब्दहरूको खास प्रकारको जमघट मात्रले शिल्पको निर्माण हुने हो भने साहित्यिक सौन्दर्यता र यसको विशेष चरित्रको अध्ययन भन्ने कुरा असम्भव हुने भयो ।

तर यहाँ बुझ्ने कुरा के छ भने साहित्यिक सृजना गर्दा शब्दहरू साधारण शब्दहरूको रूपमा निर्माण हुने गर्दैनन्, तर लेखक को कल्पना (Imaginative Thought) लाई व्यक्त गर्ने माध्यमको रूपमा आएका हुन्छन् ! यथार्थमा साहित्यिक सृजनामा लेखकको कल्पना र शब्दको बीचमा सधैं द्वन्द उत्पन्न हुने गरेको हुन्छ — लेखक आफ्ना भावनाहरूलाई शब्दमा ढाल्ने, शब्दको छनोट गर्ने गर्छ । तर साधारणतया लेखकको भावनाले शब्दमाथि शासन गरेको हुन्छ, शब्द लेखकलाई पछ्याइरहेका हुन्छन् । उपमा र प्रतीक समेत साहित्यिक सृजनामा व्यक्त लेखकका भावनालाई सुन्दर, आकर्षक र संवेदनशील पार्ने उद्देश्यमै प्रयोग हुने गरेका हुन्छन् ।

साहित्यिक सृजनामा लेखकको कल्पना र भाषाको बीचमा यति घनिष्टता हुन्छ साहित्यिक कला (Image) को अध्ययन भाषालाई पन्छाएर संभव छैन । साहित्यिक शिल्पको निर्माण पनि सृजनात्मक कल्पना र भाषा बीचको यही द्वन्द भित्रबाट हुने गर्दछ—लेखकको सृजनात्मक दृष्टिकोण, कल्पना, (Image) र भाषा बीचको द्वन्दबाट । भाषालाई यो दृष्य (Image) बाट छुट्याइएमा त्यहाँ साहित्यिक शिल्प भन्ने कुराको निर्माण हुन सक्ने छैन—उपमा अथवा प्रतीक आदिको प्रयोग समेत निरर्थक बन्नेछ ।

अर्को कुरा छ, कोइरालाज्यू आफ्नो त्यही लेखमा साहित्यको आधुनिकवादले ज्ञानको क्षेत्रमा भइरहने नयाँ–नयाँ आविष्कारहरूलाई कलाकृतिमा समावेश गर्दै जानुपर्छ भन्ने कुरा पनि गर्न पुग्नु भएको छ । कोइरालाज्यूका यी भ्रमात्मक तर्कहरूलाई कसले बुझ्न सक्ला ? यदि शिल्प भाषासंगको मात्र कुरा हो र विषयवस्तु देखि छुट्टै को यसको स्वतन्त्र अस्तित्व छ भने साहित्यिक सृजनामा ज्ञानका नयाँ–नयाँ कुराहरू आफै (भाषाको माध्यम

CC-0. In Public Domain. Digitization by eGangotri

बिजा) कसरी व्यक्त हुन सक्छन ? तर यी कुनै कुरा होइनन्, जुन कुरा माथि भनिसकेको छ। भाषा विषयवस्तुलाई व्यक्त गर्ने माध्यम मात्र बन्दछ— अर्थात जीवन सम्बन्धी नयाँ-नयाँ अनुभवलाई व्यक्त गर्ने माध्यम। तर कोइरालाज्यू साहित्यको विषयवस्तुको ठाउँमा जीवन भन्ने शब्द प्रयोग गर्न मन्जूर हुनुहुन्न — वहाँ भन्नुहुन्छ भौतिक शास्त्र, रसायन शास्त्र जीव विज्ञानका आविष्कार र मनस्तत्वका प्रक्रियाहरू सम्बन्धी नयाँ-नयाँ बिचारले मान्छेको ज्ञानलाई विस्तृत पारेको छ भने त्यसको सिधा सम्वन्ध फ्रायडवादसंग छ, र आधुनिकवादको अर्थ फ्रायडवाद सम्बन्धी ज्ञानलाई साहित्यमा अभिव्यक्ति दिनुमानै छ। वहाँको भनाइमा फ्रायडवादनै अब मनुष्यको सांस्कृतिक तथा कलात्मक परंपराको एउटा अंग बनिसकेको छ, त्यसैले यस ज्ञानप्रतिको आफ्नो बोधलाई जो साहित्यमा प्रकट गर्छ त्यो नै आधुनिकवाद हो।

अब कोइरालाज्यूकै कुरालाई मानेर हिंड्दा पनि यदि साहित्यको विषयवस्तुको प्रश्न फ्रायडको यौन सम्बन्धी ज्ञाननै आजको साहित्यको आधुनिकवादको प्रश्न हो भने, यौन जुन मनुष्यभित्रको एउटा लाटो (Unadopted Biological Urges) छ, यसलाई सामाजिक सम्बन्ध बाहिर राखेर कसरी यसको नयाँ-नयाँ प्रयोग हुन सक्छ ? यौनको नयाँ-नयाँ प्रयोग भन्नुको अर्थ यसको परिवर्तन चरित्रलाई स्वीकार गर्नु छ, किन भने त्यही वस्तुको नयाँ-नयाँ प्रयोग हुन सक्छ जुन बराबर बदलिने गरिरहेको हुन्छ। तर कोइरालाज्यू यो स्वीकार गर्न मन्जूर हुनुहुन्न। फ्रायड पनि व्यक्तिलाई यसरी नै अध्ययन गर्नमा थियो, तर उसलाई व्यक्तिका चरित्रहरूमा बराबर देखा पर्ने परिवर्तनको व्याख्या गर्नमा भने सधैं धौ... ...धौ पर्थ्यो। फ्रायड व्यक्तिको चरित्रमा देखा पर्ने आदि परिवर्तनमाथि नबोली एउटा यौन प्रवृत्तिलाई मात्र लिएर जबरजस्तीसंग एकोहोरो निष्कर्ष निकाल्न पुगेको थियो। आजका फ्रायडवादी कोइरालाज्यूलाई पनि आदि प्रश्नको जवाफ दिन ऐले मुस्किल परेको छ। उदाहरणकोलागि कोइरालाज्यूले आफ्नो उपन्यास 'सुम्निमा' मा आदि जंगली अवस्थाकी एउटी नाङ्गी युवतीलाई जति सजिलोसंग प्रदर्शित गर्न सक्नु भएको छ 'तीनघुम्ती' की आजकी नारी इन्द्रमायालाई भने उसको मुखबाट यौन स्वतन्त्रताको भाषण दिलाउन पनि लेखकले आजको

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक सम्वन्धको (पीताम्वरको गिरफ्तारी पछि आर्थिक अवस्थामा परेकी इन्द्रमायाको सहयोगी बनेर आएको रमेश पछि गएर उसलाई आत्मसमर्पण गर्न वाध्य गराउँछ—उसको चरित्र लेखनकोलागि। रमेशको दवावको समक्ष इन्द्रमाया मानसिक द्वन्दमा पर्छे—नैतिकता र उसको विवशताको द्वन्द्वमा। पशुपति धाउने नयाँ काम पनि उसको आफ्नो आत्मशुद्धिलाई लिएरनै छ।) सेरोफेरो घुम्नै परेको छ।

आखिर यी सबै के कुरा हुन्?

यसको अर्थ हो यौन मान्छेका अरू व्यवहार र सम्वन्धहरूसंग सम्मिश्रित भएर एउटा यस्तो संस्कृतिको निर्माण गर्छ जसले मानव समाजलाई एकमा सुसंगठित गराएर स्वस्थ विकासमा हिडाइरहेको हुन्छ। कोइरालाज्यूले सोचे झैं यौनले मात्र मानव संस्कृतिको निर्माण गर्दैन। साहित्य यही संस्कृति भित्रको मान्छे र उसको समाज संगको सम्बन्धको अध्ययन गर्ने गर्छ, जहाँ मान्छे र उसको समाज संगको सम्वन्ध कतिपय कारणले गर्दा निरन्तर परिवर्तन भइरहने गरेको हुन्छ। यस अर्थमा आधुनिक साहित्य त्यो हो जुन साहित्य मान्छे र समाज संगको उसको सम्वन्धमा आइरहेको त्यो परिवर्तनलाई हेर्न सक्नेछ। जीवनलाई पंछाएर साहित्यिक नयाँ–नयाँ प्रयोगको कुरा एउटा भ्रम मात्र हो। त्यस्तै मान्छेका प्रेरणाहरूमा एउटा कुनैको छुट्टै अध्ययन गर्न खोज्ने साहित्य पनि रस बिनाको एकोहोरो प्रलाप र नारावाजी मात्र हो।

अतएव साहित्यिक शिल्प सामाजिक जीवनको यही आपसी सह–सम्वन्धलाई उद्‌घाटन गर्ने कार्यसंग सम्बन्धित छ, र लेखक स्वतन्त्र छ भने यो सम्वन्धलाई उद्‌घाटन गर्ने अथवा विषयवस्तुलाई विशिष्ट ढङ्गले प्रस्तुत गर्ने कार्यमा मात्र। किनभने समकालीन लेखकहरूमा पनि कुनै एउटा विषयवस्तुलाई उपस्थित गर्दा भिन्दा–भिन्दै दृष्यवाट प्रस्तुत गरेका पाइन्छन्। तर लेखकसंग रहने यो स्वतन्त्रता साहित्यिक कृतिमा जीवनलाई हेर्ने सर्वमान्य मापदण्ड भन्दा वाहिर जान सक्तैन। तर कोइरालाज्यू साहित्यिक कृतिको सर्वमान्य मापदण्ड हुन सक्तैन भन्ने कुरा सुनाउनु हुन्छ—अर्थात साहित्यभित्र जीवन सम्बन्धी अध्ययन वीचको एकता अथवा समानतालाई वहाँ मान्नु हुन्न। साहित्यले व्यक्तिको—उसको प्रेरणाहरूको सामाजिक सम्वन्धवाट छुट्टै राखेर

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययन गर्नु पर्छ, व्यक्तिका प्रेरणाहरू अराजकतावादी तथा नियम मर्यादाबाट मुक्त छन् भन्ने कुरा कोइरालाज्यू भन्नुहुन्छ। यसरी वहाँ सामाजिक जीवनको अध्ययनलाई अस्वीकार गरेर लेखकलाई अराजकतावादी बनाउन चाहनुहुन्छ– लेखकको मनखुसी जीवनलाई नाङ्गो र छाडा बनाएर साहित्यमा उभ्याउने अराजकतावादी। त्तसैले कोइरालाज्यू आफ्नो लेखमा जताततै लेखकहरूलाई अराजकतावादी बन्ने सल्लाह दिन पुग्नु भएको छ।

मनोवैज्ञानिक कथाकारको नाउँमा कहलिनु भएका कोइरालाज्यूले बुझ्ने कुरा के छ भने–मनोविज्ञानका नाउँमा मान्छेलाई उसको बाह्य वातावरण र समाजबाट छुट्टै राखेर जसरी वहाँ व्यक्तिको अध्ययन गर्न खोज्नु हुन्छ त्यो वहाँको एउटा भ्रम मात्र हो। उपनिषद कालका आध्यात्मिक साहित्यहरू एकप्रकार यसरी नै बाह्य संसार र उसको समाजबाट छुट्टै राखेर व्यक्तिलाई उसको अन्तरमन (आत्मा) को खोजीको कुरा सिकाउने गर्थे भने आजका फ्रायडवादी कोइरालाज्यू पनि उही कुरा नयाँ भाषामा व्यक्तिलाई उसरीनै उसको समाजबाट छुट्टै राखेर उसको मनोविज्ञानको अध्ययन गर्ने कुरा गर्नु हुन्छ।

कोइरालाज्यू सुनाउनुहुन्छ वहाँ राजनीति र कला दुवै पक्षबाट जीवनलाई चिन्न चाहनु हुन्छ—तर वहाँ दुबैलाई एक अर्काको अन्तरविरोधमा देख्नु हुन्छ। वहाँको दृष्टिमा राजनीति सामाजिक परिवर्तन, नियम र मर्यादाहरूको अध्ययन गर्छ भने साहित्य व्यक्तिको यौन उत्तेजनाको मात्र। तर व्यक्ति जो त्यही समाजभित्रको एउटा छ र जसका आम चरित्रहरू सामाजिक परिवर्तन तल प्रभावित हुने गर्छन भने व्यक्तिको यौन चाहिं समाजका आदि प्रभावबाट अछुतै रहेको हुन्छ भन्ने कुरा कोइरालाज्यू भन्नुहुन्छ। यसैले कोइरालाज्यू साहित्यको मापदण्ड हुन्छ भन्ने कुरा मान्नुहुन्न-मापदण्ड माने पछि साहित्यभित्र बोल्ने व्यक्तिलाई सामाजिक प्रतिनिधि र उसको चरित्रलाई परिवर्तनीय रूपमा वहाँले स्वीकार्नु पर्छ। तर वहाँ साहित्य भित्र यस्तो यौनलाई देखाउने कुरा गर्नु हुन्छ–जो सामाजिक परिवर्तनको प्रभाव देखि अछुता रहेको होस (!)

यो एउटा भ्रम भन्दा बेसी के हुन सक्छ !

("सकसक", वर्ष–१, अंक–३ बाट साभार)

CC-0. In Public Domain. Digitization by eGangotri

प्रगतिशीलता र यथार्थता

प्रगतिशीलता र यथार्थता बीचको समझलाई लिएर धेरैले गल्ती गरेको पाइन्छ। प्रगतिशील साहित्यको पक्षमा बोल्ने र लेख्नेहरू बीच यी कुरा स्पष्ट नहुनु धेरै दुःख मान्नेकुरा छ। प्रगतिशील साहित्यको पक्षमा रहेर लेख्ने आजका नयाँहरूले पनि प्रगतिशीलताको वास्तविक स्वरूपसंग परिचय लिन नसकेमा नेपाली साहित्यलाई नयाँ बाटोमा डोर्याउन सक्ने छैनन् जसरी पहिलेकाहरू भ्रममा परेका थिए। प्रगतिशीलताको सम्बन्धमा जतिसुकै प्रचार रहेको भएपनि यता त्यस्ता प्रभावकारी रचनाहरू (प्रगतिशील पक्षका) प्रकाशमा आउन सकेका छैनन्। यो केले ? यो सम्बन्धमा प्रगतिशील पक्षले धेरै सोचविचार गर्नु परेको छ।

"...प्रगतिको बाटो नदेख्नेहरूले प्रगतिको मुहान पनि पैल्याउन सक्तैनन्"[1] —वासुदेव शर्मा ठीकै भन्नु हुन्छ। प्रगतिशील साहित्यको फाटमा रहेकाहरूले पहिला प्रगतिशीलता के हो ? यथार्थवादसंग यसको के सम्बन्ध छ र नेपाली प्रगतिशील साहित्यको सम्बन्धमा यसको सर्वमान्य भनाई के छ, —यी कुराहरू आजको प्रगतिशील साहित्यले पहिला आफै स्पष्ट हुनु पर्दछ। तब मात्र नेपाली साहित्यको प्रगतिको गतिलाई ठम्याउन सकिने छ। फेरि कसै-कसैले साहित्यको प्रगतिशील दृष्टिकोणलाई[2] मार्क्सवाददेखि छुट्टैको अस्तित्वमा हेर्ने कुरा पनि गरेको पाइन्छ।

प्रगतिवादी दृष्टिकोण समाजमा परिवर्तन चाहने एउटा कोरा समझ छैन, तर सामाजिक सम्बन्धमा निरन्तर भै रहने परिवर्तनका भित्री कारणहरू-को अध्ययन गर्ने दृष्टिकोण छ। सामाजिक सम्बन्धमा परिवर्तन ल्याइरहने

---

1 (निर्माण वर्ष-१, अङ्क-१,)

2 (बसन्त थापा-नौलो नेपालीः वर्ष-३ अङ्क-१)

CC-0. In Public Domain. Digitization by eGangotri

यी कारणहरूको सम्बन्ध विशेष कालको उत्पादनसंग सम्बन्धित खास प्रकारका वर्गहरूको आपसी संघर्षले गर्दा छ भन्ने कुरा मार्क्सले नै पहिलोपल्ट विश्वका सामु राखे। अतः सामाजिक यथार्थताको मार्क्सवादी अध्ययनबाट मात्र प्रगतिवादी दृष्टिकोणको निर्माण हुने भएकाले प्रगतिवादलाई मार्क्सवादबाट छुट्टै राखेर अध्ययन गर्न सकिने कुरा पनि छैन। यस्तै 'सक्–सक्' पत्रिकामा समदर्शीको नाममा लेख्ने व्यक्ति[3] प्रगतिवाद र यथार्थवाद बीचको सम्बन्धलाई बुझ्न नसकी एउटै अर्थमा बोल्न पुगेकाछन्। यसै सन्दर्भमा लेखिएको मेरो एउटा हरफलाई उठाएर उनी अर्थ निकाल्न खोज्छन्, तर प्रगतिवाद र यथार्थवाद बीचको सम्बन्धको अज्ञान्ताले गर्दा उनी त्यसको अर्थ बुझ्न सक्दैनन्। वस्तुतः प्रगतिशील दृष्टिकोण सामाजिक अन्तरद्वन्दको परिणामस्वरूप सामाजिक सम्बन्धमा आउने परिवर्तनसंगको दृष्टिकोण भए पनि आजको साहित्यको अध्ययनमा यसले आफ्नो त्यस दृष्टिकोणलाई विशेषरूपले व्यापक बनाएको हुन्छ। त्यो व्यापकता के हो भने एक समयको एउटा कुनै सामाजिक अवरोधको विरुद्धमा बोल्ने एउटा साहित्यिक रचनालाई पनि, यद्यपि सामाजिक यथार्थतामा त्यो सफल रहेको नहोस्, त्यसलाई प्रगतिशीलताको फाँटमा लिने गरिन्छ। उदाहरणको लागि समको 'चिसो चूल्हो' लाई हामी यहाँ लिन सक्छौं। 'चिसो–चूल्होको' कथाको बनौट सामाजिक यथार्थतासंग मेल खान सक्ने छैन, फेरि पनि अन्तर जातीय प्रेमको सवाललाई प्रकाशमा ल्याइदिएकोले प्रगतिवादी फाँटमा त्यो रचनालाई लिइन्छ। त्यसैले प्रगतिशील पक्षका प्रत्येक रचनाहरू यथार्थता भित्र आउन सक्छन भन्ने कुरा छैन–तर यथार्थिक रचनाहरू स्वतः प्रगतिशील पनि छन्। समदर्शीको नाममा लेख्ने व्यक्ति प्रगतिवाद र यथार्थवाद बीचको यस सम्बन्धलाई बुझ्न नसके पछि त्यहाँ बेसरी प्रगतिवादका कुरा गरेर आफूलाई त्यसै भित्र लुकाउन पुगेकाछन्। प्रगतिशील साहित्यको परिचय उनी "……पाठकको मथिंगल थर्काउनु पर्छ……मुटु हल्लाउनु पर्छ……" भन्ने अर्थ विनाका अस्पष्ट नाराबाट दिन खोज्छन्। जासूसी उपन्यास पढदा उनले पाएको प्रभाव भन्दा यो अरू केही होइन।

---

[3] (सक् सक्ः वर्ष २, अङ्क–२)

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई लाग्छ समदर्शीको नाममा लेख्ने व्यक्तिका आदि भनाई प्रगतिवादी साहित्यले अपनाउने कला सम्बन्धमा हुन सक्छ, यहाँ गलत अर्थमा प्रयोग भएको होइ (?) त्यसो भए साहित्यिक कला के हो ? कला विषय वस्तुलाई रोचक र आकर्षक रूपमा उपस्थित गर्ने उपाय (टेकनिक) मात्र होइन, सही अर्थमा कला सत्यलाई चिन्ने माध्यम छ। मान्छे अनेकौं संघर्ष र विफलता पछि नै आफ्नो सफलताको बाटो पैल्याउने गर्दछ र समाजमा उसले पाउने सफलता एकलोमा रहेर होइन उसकै समान वर्गीय अथवा अन्य समान प्रकारको दृष्टिकोण राख्ने समुहसंग सम्मिलित भएर मात्र सफलता पाउन सक्छ भन्ने कुरा पनि मान्छे अनेकौं संघर्ष पछिनै थाहा पाउने गर्दछ। उपरोक्त संघर्ष भित्रको मानवीय चरित्रको साहित्य भित्र सफल अध्ययन नै साहित्यिक सौन्दर्य अथवा सफल कला ठहरिन्छ। मानव चरित्र सम्बन्धी उपरोक्त अध्ययनलाई राम्रोसंग नहेर्ने साहित्य जतिसुकै क्रान्तिकारी भावनाको भए पनि प्रभावकारी बन्न सक्दैन, बरू ठाडो नारामा बोलेको समान देखा पर्दछ।

खगेन्द्र संग्रौलाको 'चेतनाको पहिलो डाँक' क्रान्तिकारी दृष्टिमा लेखिएको एउटा उपन्यास छ — तर यस भित्रको एउटा प्रमुख पात्र अमृतमानलाई यति अस्वाभाविक रूपमा उभ्याइएको छ उसका व्यवहार र बोलाईहरू जीवनको कठोर संघर्षबाट निस्केका भान हुदैनन्। म्याट्रिक पास, निम्न मध्यम वर्गीय परिवारको अमृतमान अड्डाको हाकिमबाट पाएको नोकरीको आश्वासनले परिवारलाई सुखले पाल्ने कल्पनामा हुन्छ—सागपातको सानो पसलको आम्दानीबाट परिवारको निर्वाह गरिरहेकी लिलू, उसकी स्वास्नीलाई सुखी बनाउने कल्पनामा हुन्छ, तर पछि हाकिमले छक्याएको रहेछ भन्ने थाहा भएपछि धेरै निराश भएर हाकिमलाई गाली गर्न लाग्छ र गाली गर्दै रहन्छ। तर अमृतमानको नोकरीको खोजीका कुरा र उसका अरू व्यवहारले आजको नेपाली मध्यमवर्गीय जीवन माथिको शोषण तथा यसको बर्बादीको व्यापक चरित्रलाई उदङ्ग्याउँदैन। छक्याउने हाकिमलाई शोषणकारी मानेर अमृतमान हाकिमलाईनै गालीगरिरहेको हुन्छ। उपन्यासको प्रवेश पनि ज्यादै सस्तो दृश्य (गोकर्णको घटना) बाट भएको छ, जस्ले गर्दा पुस्तकका धेरै पाता यस्तै सस्ता कुराले भरिएकाछन। उपन्यास सामाजिक परिवर्तनको महान उद्देश्यलाई लिएर हिडने भएकाले यसले आफले प्रस्तुत गरेका उद्देश्य अनुकूलका

CC-0. In Public Domain. Digitization by eGangotri

चरित्रहरूको हरसंभव सम्बन्धहरूलाई समेत उठाएर क्रयाशील गराउने गर्दछ। तर गजब के मा छ भने क्रान्तिको उद्देश्यमा लेखिएको उपन्यास शुरूदेखिन अन्तसम्म मध्यम वर्गीय घेरामै सीमित रहनु क्रान्ति सम्बन्धी कति ठूलो भ्रम (Myth) छ।

नेपाली मध्यम वर्गीय जीवनलाई देखाउने उद्देश्यमा लेखिएको अर्को एउटा उपन्यास नगेन्द्रराज शर्माको 'महापुरूष' लाई पनि हामी यहाँ हेरौं। पुस्तकको अन्तिम भागतिर श्याम बिक्रमको लाशको वरिपरि उभिएर प्रतिक्रया जनाउनेहरूलाई समेत श्याम विक्रमकै प्रतिरूपमा लेखकले देखाउन खोज्नुले यो मध्यम वर्गीय जीवनलाई लिएर लेखिएको हो भन्ने स्पष्ट हुन्छ। तर उपन्यास पढदा शुरूदेखिन उपन्यासको प्रधान प्रात्र, श्याम बिक्रम कतैपनि नेपाली मध्यम वर्गीय जीवनलाई प्रर्दशित गर्दै हिडेको देखा पर्दैन, वरू राणा परिवारको एक पल्टको धनी व्यक्ति श्यामविक्रम, रक्सीले बिग्रेको एउटा व्यक्तिको कथा छ। एक पल्टको शासक राणा परिवार भित्रको व्यक्ति श्यामविक्रम पछि रक्सीले बर्वाद भएर खान न पिउनको हुंदा पनि नयाँ परिस्थितिलाई स्वीकार्न मान्दैन —आफ्नो बाबुको कोठेलाई अन्तर्वार्ता लिने कुर्सीमा बसेको देख्दा उसलाई ग्लानी हुन्छ, नरास्रो लाग्छ।

कति ठूलो दुर्भाग्य? नेपालका मध्यमवर्गीय परिवारबाट आएका लेखकहरू आफ्नो वर्गीय जीवनलाई समेत सफल रूपमा हेर्न सक्दैनन्। एक समयको शासक राणा रक्सीले यता बर्वाद हुन लागेकाको जीवनलाई हेरेर आजको मध्यम वर्गीय जीवनलाई चिन्न सकिने कुरा छैन। नेपालको आजको मध्यमवर्गीय जीवन श्यामबिक्रमको समान रक्सीले वर्वाद हुन लागेको होइन, तर देशमा कुनै किसिमको वन्दोवस्त नभएकोले धेरैजसो बिना काम र मामका भै सकेकाछन् भने रहेबचेका पनि दिनहुं वढदो वैदेशिक पूँजीवादी लुटको तल आफ्नो वर्वादी देख्न लागि सकेकाछन्।

सामन्ती मध्यमवर्ग मर्ने वर्ग भएकोले यो मर्छ नै औद्योगिकरणकोसंगै —तर नेपाल त औद्योगिकरणको बाटोमा छैन। तव केले मार्दछ सामन्ती मध्यम वर्गलाई यहाँ? वेगारीको समाधान नयाँ उद्योग इलमद्वारा अरू ठाउँमा समाधान गरिन्छ भने हामीकहाँ परिवार नियोजन र शिक्षा नियन्त्रण-द्वारा–कति ठूलो विडम्बना छ यहाँ। तर कुनै लेखक यो वर्गको आजको

CC-0. In Public Domain. Digitization by eGangotri

तडपनको इतिहासलाई बोकेर हिडने त्यस्तो उपन्यास तयार गर्ने प्रयासमा देखिदैंनन्, जस भित्र आजको मध्यम वर्ग आफ्नो समाधानको आधार पनि हेर्न चाहन्छ ।

'यतिको फुलवारी' (परिवार डाइजेष्ट–पूर्णाङ्क–८) को पुस्तक परिचयले समेत 'महापुरूष' उपन्यासले आफैं स्वीकार गरेको नेपाली मध्यम वर्गीय जीवनलाई देखाउने यसको उद्देश्यलाई हेर्न सकेको छैन । उपन्यासका अन्तका "...सर्प्पैं श्यामबिक्रममा ! सर्प्पैंमा श्यामबिक्रम । गुडुल्किपरेको श्यामबिक्रमलाई कक्रिएर उभिएका श्यामबिक्रमले यसरी घेरेका थिए–जस्तो चटकीलाई तमासेहरूले घेर्छन् " यी हरफले एउटा बाबुको एउटा गरीव छोराको कथाप्रतिमात्र संकेत नगरेर एक समानको एउटा समुह (वर्ग) लाई देखाउँदै छन । त्यो लेखकको आफ्नो कमजोरी छ यदि श्यामबिक्रमको त्यस प्रकारको चरित्र वर्णनलाई नै नेपाली मध्यम वर्गीय जीवनमा देख्छ भने । तर 'यति' को पुस्तक परिचयले आदि कुराहरू पैल्याउनतिर ध्यान दिएको छैन, एकैपल्ट मातृ भाषाका उपन्यासमा श्रेष्ट भन्न पुग्यो । पुस्तक समीक्षक र आलोचकको लेखकलाई सफलताको बाटो हिडाउनमा कति ठूलो हात हुन्छ यसैबाट बुझ्न सकिन्छ ।

यता अरू पनि सामाजिक सन्दर्भलाई लिएर लेखिएका उपन्यासहरूछन्, तर म यहाँ उपन्यासहरूको अध्ययनमा नभएकोले आफ्नो चर्चाको विषयको पुष्टिकोलागि मात्र यी पुस्तकहरूको उल्लेख गर्न पुगेको हुं । हामी बसेको समाज (वर्गीय समाज) को अन्तरद्वन्दीय चरित्रको साहित्य भित्र पूर्ण अध्ययन नै 'यथार्थवाद' हो । तर यथार्थिक दृष्टिमा सफल नठहरिएका रचना उपेक्षित हुन्छन् भन्ने कुरा होइन, तर आजको समाज आफ्नो देशको साहित्य भित्र आफ्नो जीवनलाई सफल रूपमा नै हेर्न चाहन्छ ।

नेपाली प्रगतिशील आलोचना भित्र यता जसरी स्वस्थ विचार र चिन्तन मननको कार्य शुरू हुन लागेको छ यसको अगाडिको विकासकोसंगै यथार्थिक दृष्टिमा सवक नेपाली उपन्यास पनि चिश्चय नै देखा पर्दै आउने छन् ।

("काफल", वर्ष ३, अंक ८ बाट साभार)

CC-0. In Public Domain. Digitization by eGangotri

प्रगतिशील साहित्य र आलोचना

म यहाँ गोबिन्द भट्टजीले प्रगतिशीलसाहित्यको सम्बन्धमा उठाएको केही कुरा लिएर चर्चा गर्न लागेको छु। मेरो पहिलो उपन्यास 'आशमाया' को भूमिकामा व्यक्त 'सामाजिक जीवन' 'यथार्थता' 'सत्यता' 'सामाजिक परिवर्तन भित्र निरन्तर संघर्ष गरिरहेको मान्छे' आदि अभिव्यक्तिलाई उठाएर प्रगतिशील साहित्य भित्र यिनीहरूको मान्यताको सम्बन्धमा छलफल गर्ने बिचार भट्टजीले❋ देखाउनु भएको छ। मेरो विचारमा साहित्य भित्र यी धेरैपल्ट छलफल भैसकेका कुरा छन्, यहाँ म यिनीहरूको साधारण परिचय दिने आवश्यकता मात्र देख्छु।

भट्टजी साहित्यमा प्रगतिशीलताको कुरा गर्दा गर्दै त्यहीं यथार्थवादलाई प्रगतिशीलता देखिको छुट्टैको बुर्जुवाहरूले मात्र बोल्ने कुरा हो भन्ने सम्झनु हुन्छ। तर जुन प्रगतिशीलताको यहाँ कुरा गर्नु हुन्छ त्यो दृष्टिकोण वहाँले कहाँबाट पाउँनुभयो? स्पष्टछ त्यो दृष्टिकोण यही यथार्थिक समाजकै भित्र निरन्तर भइरहने गतिको उसको आफ्नै निजी रूपछ। यो हाम्रो समाज यथार्थतः सधैं एउटा खास सम्बन्धमा बाँधिएर रहेको हुन्छ, समाजको यो सम्बन्धलाई उसको आफ्नै उत्पादन शक्तिले निर्धारण गरेको हुन्छ। तर हाम्रो समाजलाई विशेष सम्बन्धमा बाधेर राख्ने त्यो उत्पादन शक्ति सधैंको परिवर्तनशील भएकोले एउटाको ठाउँमा समाजमा अर्को नयाँ उत्पादन प्रणाली आउने गरिरहेको हुन्छ र यसको संगसंगै नयाँ-नयाँ वर्गहरू जन्मने पनि। यिनै नयाँ र पुराना उत्पादन प्रणालीसंग सम्बन्धित वर्गहरू आफ्ना-आफ्ना उत्पादन प्रणालीको प्रमुत्व कायम गर्नकोलागि एक दोश्रोको विरूद्धमा संघर्ष पनि गरिरहेका हुन्छन्। उत्पादन प्रकृयासंग सम्बन्धित वर्गहरूको यो आपसी संघर्षले

❋नवज्योति (२०२७-सामयिक संगालोमा आशमायालाई हेर्दा)

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दा पुरानो उत्पादनसंग सम्बन्धित वर्गहरू समाजमा एक्लो पर्ने र हार्ने गर्दछ, नयाँ वर्ग बिजयी हुने गर्दछ। नयाँ वर्गको पुरानो वर्गमाथिको बिजय पछि, विजयी वर्गले जुन नयाँ सामाजिक सम्बन्ध कायम गर्दछ यो त्यो समाजको परिवर्तनको कारण बन्दछ।

यसबाट बुझ्ने कुरा के भयो भने साहित्यलाई हेर्ने जुन प्रगतिशील दृष्टिकोण छ त्यो समाजभित्रका यिनै वर्गहरू र वर्गहरूको संघर्ष मार्फत समाजको सम्बन्धमा आउने परिवर्तनलाई हेर्न सक्ने दृष्टिकोण छ भने समाजभित्रका आदि प्रक्रियालाई स्वीकार गर्नु यथार्थ (वाद) छ। यस ठानेमा यथार्थवाद समाजलाई यस स्वरूपमा स्वीकार गर्नु हो जहाँ उत्पादन प्रक्रियासंग सम्बन्धित समाज भित्रका विभिन्न वर्ग र जनअंगहरू त्यही उत्पादनशक्ति माथि आफ्नो वर्गीय स्वार्थकोलागि अनवरत संघर्षमा जुटेका हुन्छन्। लेनिनको शब्दमा —'यथार्थता वास्तविकताका विभिन्न पहलूहरूका रूपको समष्टिता र सम्बन्ध हो।' यस हेराइमा प्रगतिशीलतालाई पनि सामाजिक यथार्थताको यही व्यापक सम्बन्ध भित्रको आदि प्रक्रियामा मात्र अध्ययन गर्न सकिन्छ, यसको छुट्टै प्रगतिशीलता पनि बुझ्न सकिने कुरा छैन, न त यो सामाजिक सम्बन्धबाट अलगराखेर कुनै रचनाको मनगढन्त किसिमले मूल्यांकन हुन सक्छ।

भट्टजी वर्गीय स्वार्थपक्षी साहित्यको जुन कुरा भन्नुहुन्छ ती वर्गहरू नै 'सामाजिक परिवर्तन' को संघर्षमा जुटेको हुन्छन्, जहाँ पुगेर मात्र शोषक र शोषित बीचको सम्बन्ध मेटिएर अर्को नयाँ समाजवादी सम्बन्ध कायम हुने गर्दछ। 'सामाजिक परिवर्तन' को महान उद्देश्यमा परिलक्षित संघर्षमा जुटेका वर्गहरूको स्वार्थको अध्ययन यही संदर्भभित्रको सक्रियतामा गर्नु पर्दछ, यसको छुट्टैमा कुनै कुरा देखाइदिने छैन। साहित्यको प्रगतिशीलताको काम यही निरन्तर परिवर्तन भइरहने समाज भित्रको त्यो व्यक्ति (प्रतिनिधि व्यक्ति) लाई खोजेर प्रकाशमा ल्याउने हो, जो सधैं आफ्नो खुशीयालीकोलागि सामाजिक परिवर्तनमा संघर्षशील रहिरहेको हुन्छ। साहित्यमा बोल्दा व्यक्ति विशेषनै बोलेको हुन्छ, त्यो आफ्नो वर्गको प्रतिनिधि चरित्रमा बोल्ने गर्छ। यस्ता अभिव्यक्तिमा कसैलाई भ्रम हुने जरूरत छैन।

भट्टजी यो सत्यतालाई बुझ्न नसकेर त्यहीं भन्नुहुन्छ त्यसो त बुर्जुवा

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकहरू पनि यथार्थवादको कुरा गर्छन्, तब प्रगतिशील लेखक र बुर्जुवा लेखकमा फरकनै के रह्यो ? मलाई लाग्छ कुरा माथिनै स्पष्ट भैसकेको छ । फेरि पनि, बुर्जुवा सिद्धान्तको प्रभावमा रहेका लेखकहरू यथार्थवादको कुरा गर्दछन् भने उनीहरूले समाजभित्रको त्यो व्यापक अन्तरद्वन्द र त्यसबाट समाजमा हुने परिवर्तनलाई आपनो ध्यानमा लिएर भनेका हुँदैनन् । समाज भित्रको शोषण, पूँजीवादी अत्याचार र अन्य विकृति उनीहरूको नजरमा नआउने हैन तर उनीहरू यसलाई सनातनदेखि चल्दै आएको र भविष्यमा पनि यस्तै रहिरहने रूपमा स्वीकार गर्दछन् । यिनीहरू समाज भित्रका आदि चरित्रलाई उठाएर यथार्थको नाममा कुरा गर्दछन् भने ती चरित्रहरू समाजको आम परिवर्तनको साथसाथै बदलिने स्वरूपमा छन् भन्ने कुरा उनीहरूको अध्ययनमा हुन्न । त्यसैले यी लेखकहरू एकापटिबाट पूँजीवादद्वारा समाज-भित्र ल्याइएको संकट र अन्यायको बिरूद्धमा कैले काहीं आपना रचनामा बोल्ने गरेपनि त्यसबाट मुक्ति पाउन सक्नेदृष्टिकोणको अज्ञानतामा त्यसलाई कैले ननेटिने ठानेर त्यसैसंग सम्झौता गर्ने गर्दछन्–शोषण र अत्याचारको बिरुद्ध लड्ने भन्दा समाजको त्यतापट्टि सहानुभूति जगाउने अथवा दया जगाउने जस्ता कार्यमा लाग्छन् । यहाँसम्म कि पूँजीवाद अन्तर्गत उत्पन्नहुँदो विकृतिलाई पनि शाश्वत रूपमा सम्झी त्यसको बर्णनगर्न पुग्छन् । समाजमा आज देखापर्ने प्रत्येक चरित्रलाई जथाभावीसंग साहित्यमा देखाउने कार्यलाई यिनीहरू यथार्थ-कोनाम दिने गर्दछन् । तर यसको उल्टो साहित्यको प्रगतिवाद समाजमा देखा पर्ने प्रत्येक स्वरूप र चरित्रलाई आलोचनात्मक दृष्टिले हेर्नको साथै यिनीहरू-लाई परिवर्तनीयरूपमा पनि लिने गर्दछन् । समाजभित्र आज देखापर्ने यौन बिकृति लगायत अरू फोहोरलाई समेत पूँजीवादी लेखक शाश्वत रूपमा हेर्छन् भने प्रगतिवाद यसलाई पूँजीवादद्वारा उपजाइएकोले यसको संगसंगै मेटिएर जाने रूपमा हेर्दछ । यथार्थवादको प्रगतिवाद समाजले लिएका राजनैतिक, सांस्कृतिक र अरू सबै प्रकारका विचारहरू उत्पादन शक्तिकोसंगै सम्बन्धित र उसैका प्रतिबिम्बका स्वरूपमा भएकाले त्यो उत्पादन प्रक्रयाको परिवर्तनको संगसंगै परिवर्तन हुने स्वरूपमा हेरी त्यसलाई त्यसरीनै चित्रण गर्ने गर्छ ।

लेखकहरूमा बर्नार्डश एउटा यस्ता व्यक्ति थिए जो पूँजीवादी शोषण

CC-0. In Public Domain. Digitization by eGangotri

र अन्य विकृतिलाई आफ्ना रचनाहरूमा धेरै सफलता साथ हेर्न सक्तथे, पूँजीवादको अधपतनलाई उनले राम्रोसंग देख्न सकेका थिए । फेरि पनि उनी पूँजीवादको अधपतनको संघर्षमा जुटेका शक्तिहरूसंग सम्मिलित हुन सकेनन्, बरू पूँजीवाद आफैं आफ अधपतन हुनेवेला छ भन्ने सान्त्वना दिदै हिंडेका हुन्थे । अंग्रेज लेखक क्रिस्टोफर फड्वेल ◈मार्क्स र शलाई तुलना गर्दै भन्छन् —'मार्क्स र श दुवै गहिरो आँखा भएका प्रतिभाशाली व्यक्ति हुन्, दुवैले आ–आफ्नो रचनामा पूँजीवादको अधपतन पनि देख्न सकेका छन् । फेरि पनि मार्क्स जसरी अगाडि भविष्यको निर्माणमा जुट्न सके शले बुर्जुवालाई गाली गर्दै गरे पनि त्यस भन्दा वाहिर आउन सकेनन् ।'

बुर्जुवा घेरामा रहेका लेखकमा रहने कमजोरीको यो एउटा राम्रो उदाहरण हो । आजका बुर्जुवा सिद्धान्तको प्रभावमा रहेका हाम्रा देशका लेखक पनि समाज भित्रको संघर्ष गर्दो शक्तिको क्षमताको अध्ययन र व्यवहारिक अनुभवको अभावमा कैलेकहीं क्रान्तिकारी कुरा गर्ने भए पनि बुर्जुवा परिधि नाघेर आउन सकेका छैनन् ।

प्रगतिशील दृष्टिको यथार्थवाद र बुर्जुवाहरूको वोल्ने यथार्थवादलाई लिएर यहाँ धेरै कुरा गरियो । तर प्रगतिवादीले यहाँ गहिरोसंग बुझने कुरा के छ भने साहित्यको प्रगतिवाद समाज भित्रको गतिको जुन कुरा गर्दछ, समाज भित्रकोत्यो गतिमय चरित्र सधैं एकनासले रहेको हुन्न । समाज भित्रको प्रत्येक गति पछि समाजको उत्पादन शक्ति र उत्पादन शक्तिसंग सम्वन्धित वर्गहरूको सम्वन्धमा जुन परिवर्तन आइरहेको हुन्छ, त्यो परिवर्तनलै समाजको भित्र भइरहने गति (आंशिक रूपमै भएपनि) ले लिएको प्रगतिकोरूपछ, जसको संगसंगै त्यहाँको वर्गीय चरित्र र त्यसको संघर्षीय स्वरूपमा पनि केही परिवर्तन आएको हुन्छ । समाज भित्रको उत्पादन शक्ति र त्यससंग सम्वन्धित वर्गहरूको सम्वन्धमा आइरहने यो परिवर्तनीय चरित्रलाई नवुझने साहित्य निश्चयनै एकहोरो एउटै कुरा वोलिरहेको हुन्छ, जसको समाजलाई अगाडि घचेडनमा कुनै भूमिका रहन्न । आजका हाम्रा प्रगतिशील नाउँले लेखिने धेरै जसो रचनाहरू अरूचीकर र नारावाजी देखिनुको कारण पनि यही छ । साथै

◈क्रिस्टोफर फडवेल–स्टडिज इन ए डाइङ कल्चर

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक उपरोक्त सम्बन्धहरूको व्यापक अध्ययनको अभावमा प्रगतिवादको कतिपल्ट गल्ती व्याख्या र प्रयोग पनि भइरहेको पाइएको छ। यसको राम्रो उदाहरण टी. आर. विश्वकर्माका पुस्तक परिचयका स्तम्भहरूमा हेर्न पाइन्छ। विश्वकर्मा एक ठाउँमा इन्द्रबहादुर राईको उपन्यास 'आज रमिताछ' ★लाई गोर्कीको विश्व प्रसिद्ध उपन्यास 'आमा' संग बराबरी दाँज्न पनि पुगेका छन्। राईजीको 'आज रमिता छ' भन्ने उपन्यास कुन दृष्टिमा लेखिएको हो भन्ने कुरा लेखकद्वारानै लिखित भूमिकाका हरफहरू यी हुन् —'… …मैले देखें जीवन चलिरहेछ, तर सुव्यवस्थित भई यो ठीक्क–ठीक्क मिलेर चलेको छैन। यो उपन्यासलाई मैले त्यसरीनै नमिलाएको छु। मैले जीवनलाई एक ध्येयता वा एक विषयताको रसायनिक शुद्धता तथा एकाग्र गति देखिनँ। प्रेम जम्मै भावनाहरूको माउ हो, त्यसलाई चलाए पछि जम्मै हाम्रा भावनाहरू जागेर सलबलाउँछन्… …।'

भूमिकाका उद्धृत हरपहरूले पनि उपन्यासको भित्री स्वरूपलाई धेरै छर्लङ्ग्याएको छ। राईजी जीवनको मूल आधार प्रेम हो भनेर मान्दछन् भने गोर्की त्यो प्रेम समेत सामाजिक जीवनलाई निर्धारण गर्ने उसको उत्पादन देखि प्रभावित हुने गर्दछ भन्ने कुरा मान्छन्। राईजीले भने झैं उपन्यास भित्रका उपस्थित पात्रहरू कुनैपनि एउटा अनुभवको र एउटा सम्बन्ध भित्र बसेर बोल्दैनन्, सबै विछिन्न छन् जसमा एक घटनाको अर्कोसंग कुनै सम्बन्ध छैन। त्यहाँ प्रेम, बिछोड, नोकरीको खोजी, आत्महत्या, स्वास्नीको मृत्यु, विवाह, जुलूस, मिटिङ्ग र पार्टी इत्यादि छन्। तर प्रत्येक घटनाहरूको पछाडि कुनै कारणरहेको हुँदैन, उपस्थित पात्रहरू आदि कार्यहरू अचानक गर्न पुगेका हुन्छन्। पैली स्वास्नी मर्दा विह्वल भएर फेरि विवाह नगर्ने प्रतिज्ञा गर्ने पात्रले पछि विवाह गरेको खबरलाई त्यहाँ देखाएर यो साबित गर्न खोजेको छ मानौं मान्छेले आजबोलेको कुराको भोलिको उसको कार्यसंग कुनै सम्बन्ध रहेको हुन्न, यस्तै–यस्तै।

अस्तित्ववादीहरू जीवनलाई यसरीनै विछिन्न रूपमा देख्ने गर्दछन्। अस्तित्ववादीको (Theory of committment) मुताबिक मान्छे कुनै

★मातृभूमि (२०२७ श्रावन २० मा)

CC-0. In Public Domain. Digitization by eGangotri

कुरा गर्छन् भने त्यो पछाडिको अनुभवको आधारमा होइन, अनुभव भन्ने कुरा नै छैन, उ कुनै कार्य गर्छ भने त्यसवेलाको इच्छाले, जसलाई अस्तित्ववादीहरू (Anguish) भन्दछन् । अस्तित्ववादी अनुभवलाई नमान्ने भएपछि सामाजिक परिवर्तनलाई पनि मान्दैनन्, परिवर्तन होइन समाजमा संख्यात्मक वृद्धि मात्र हुने गर्दछ । राईजीको यो उपन्यास अस्तित्ववादी दृष्टिमै लेखिएको छ । तर प्रगतिवादका समीक्षक, जो विचारत जीवनलाई अनुभवपूर्ण, संघर्षमय र परिवर्तनशील मान्दछन् 'आज रमिता छ' लाई कसरी गोर्कीको 'आमा' संग दाज्नपुगे ?

विश्वकर्माजी अर्को एक ठाउँमा पनि यसरीनै विश्वाससंग वोल्न पुगेका छन् । मेरो दोश्रो उपन्यास 'धरती अझै बोल्दैछ' को पुस्तक परिचयको 1 सिलसिलामा उनी विश्वास साथ भन्दछन् —'स्वाभाविक चित्रण र वर्णन इतिहास बन्दछ, तर औपन्यासिक कला र मान्यता साहित्यमा। त्यसको सशक्त स्थान विशेषलाई हेर्दा आजका जुनसुकै उपन्यासमा हामीलाई विद्रोही पात्र-पात्राको आवश्यकता पर्दछ…… ।'

स्वाभाविक चित्रण र वर्णन इतिहास बन्दछ भन्नुको अर्थ जेसुकै होस्, तर एउटा यो कुरा भने विगत सांस्कृतिक जीवनलाई लिएर लेखिने उपन्यासलाई उनी इतिहास भन्दछन् र यस्तो उपन्यासको आवाश्यकता छैन भन्ने कुरा देखाउँछन् । 2यहाँ म विश्व ख्यातिप्राप्त मार्क्सवादी आलोचक राल्फ फक्सका यी पंक्ति उध्दृत गर्दछु: उनी भन्छन् —'त्यो जो आफ्नो विगत संस्कृतिलाई उपेक्षा गर्छ त्यसले इतिहासमा कुनै भूमिका खेल्न सक्दैन, जसरी हामी आफ्नो पछिल्लो राजनीतिलाई उपेक्षा गर्न सक्दैनौ ।' फक्सका उध्दृत हरफहरूलेनै उपन्यास र त्यसको चरित्रमाथि यथेष्ट प्रकाश पार्न सकेको छ । जसले भूतलाई हेर्न सक्दैन त्यसले वर्तमानलाई चिन्दैन र भविष्य वनाउन पनि जान्दैन । वर्तमान भूतबाट मुक्त भएको हुदैन, बरू अनेकौं किसिमले भूतबाट प्रभावित रहेको हुन्छ । साँच्चोमा भूतलेनै भविष्यकोलागि वर्तमानको बाटो

1 मातृभूमि (२०२८–वैशाख २८ गते)

2 राल्फ फक्स उपन्यास र लोक जीवन

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धारिण गर्ने गरेको हुन्छ । तर नेपाली साहित्य आफ्नो सांस्कृतिक परम्परालाई हेर्ने कुरामा रित्तो छ धेरै रित्तो । यसले गर्दा पनि आजको हाम्रो साहित्य आफ्नो राष्ट्रिय जीवनलाई व्यापक रूपले बोकेर आउन सकेको छैन । तर यसको अर्थ राष्ट्रिय परम्पराको नाउँमा अश्लिलता र सौन्दर्यपान गर्ने जस्ता रचनाहरूलाई यहाँ महत्व दिने कुरा आउँदैन ।

अब रह्यो उपन्यासमा विद्रोही पात्र तैयार गर्ने कुरा । उपन्यास यद्यपि समाजको व्यापक अध्ययन गर्ने गर्छ —यद्यपि यो सामाजिक परिवर्तनको महान उद्देश्यमा परिलक्षित रहेको हुन्छ, फेरि पनि यसभित्र बोल्ने चरित्रहरू तत्कालिन सामाजिक चेतना र सम्बन्ध भित्रै बसेर बोलिरहेका हुन्छन् । किनभने उपन्यासमा बोल्ने क्रान्तिकारी हिरो (नायक ?–सं) लेखकका मनका कोरा कल्पना मात्र नभई आफ्नो समाजभित्रका वर्गहरूको चेतना र उनीहरूको आपसी सम्बन्ध भित्रको जिउँदो प्रतीक बन्नसकेको हुनुपर्छ । त्यसैले उपन्यास देशका जनताको जागरण माथि बसेर रचिन्दैन, त्यो त एउटा कुरा नारा मात्र बन्दछ । त्यसको मूल्यांकन त्यही युगको परिधि भित्र राखेर गर्नु पर्ने हुन्छ । प्रत्येक उपन्यासका पात्रहरू क्रांतिकारी अथवा विद्रोही छन् वा छैनन् भनेर खोज्ने भन्दा पनि आदि चरित्रहरू आफ्नो ठाउँमा वलिष्ट, युग बोधक र गतिमान छन् छैनन् हेर्ने कुरा छन् ।

आजको प्रगतिशील साहित्यको पैलो कामछ, ओझेल पर्दा भित्र रहेका हाम्रा राष्ट्रिय जीवनहरूलाई भरमारसंग आफ्ना रचनाहरूमा उतार्ने । शहरीया जीवन भित्र मात्र सीमित रहेर जतिसुकै जनवादी साहित्य र प्रगतिशीलताको कुरा गरेपनि निश्चयनै शहर बाहिर टाढाटाढाको सामन्ती मध्ययुगी अन्धकार भित्र गुम्सिएको नेपाली जीवनलाई व्यापक रूपले हेर्नमा आँखा पुग्न सक्ने छैन । उपरोक्त आफ्नो राष्ट्रिय जीवनलाई व्यापक अध्ययनमा नलिई बोलिने साहित्य निश्चयनै जतिसुकै प्रगतिशीलताको लेबल लगाए पनि क्रान्तिकारी बन्न सक्ने छैन ।

चिनी सांस्कृतिक क्रान्तिका नारामा साहित्यलाई आफ्नो सम्पूर्ण राष्ट्रिय जीवनलाई अध्ययन गर्नमा व्यापक बनाउ भन्ने पनि एउटा थियो । सांस्कृतिक क्रांतिलाई सफल पार्नमा साहित्यको पनि प्रमुख हात रहन्छ । आजको हाम्रो साहित्य पनि राष्ट्रिय जीवनलाई व्यापकरूपले अध्ययन गर्ने यही अवस्थामा

CC-0. In Public Domain. Digitization by eGangotri

छ । व्यापक अध्ययन पछिनै गहन साहित्यिक रचनाहरू देखापर्ने गरेका छन् । त्यसअर्थ आजको प्रगतिवादी आलोचनाले नारालाई भन्दा त्यसता रचनाहरू-लाई प्रोत्साहित गर्ने र प्रकाशमा ल्याउनु पर्दछ, जुन रचनाहरू नेपाली जीवनका बहुपक्षी चरित्रहरू (वर्गीय शोषणका हुन्, अथवा देशको कुनाकाप्चामा रहेका मध्ययुगी कुंठाभित्रका, अथवा जातीय सांस्कृतिक सम्बन्धि, अथवा औपनिवे-शिक शोषणलाई देखाउने, आदि-आदि) लाई उदङ्ग्याउने गरेर आएका छन् । जीवनका विभिन्न पहलू र चरित्रहरूलाई उदाङ्ग्याउँदै आउने यस्ता रचनाहरू-लाई प्रकाशमा ल्याउनुनै ऐलेको क्रांतिकारी कदम मानिन्छ । आदि रचना-हरूको समुचित मूल्यांकन हुन सक्ता मात्र अर्कोलाई प्रोत्साहन हुन सक्छ । यस्ता रचनाको सामाजिक सम्बन्धलाई ध्यानमा राखेर तद्अनुसारको मूल्यांकन हुनुपर्छ । सामन्तवाद होस् अथवा साम्राज्यवाद अथवा अरू कुनै शोषण अथवा विकृति यिनीहरूको अध्ययन पनि हाम्रो जीवनमा परेको राजनैतिक, आर्थिक, तथा सांस्कृतिक चरित्रलाई उदंङ्ग्याउन सक्ने साहित्यिक रचनाहरूलाई जति कुशलता पूर्वक साहित्यिक बनोटमा उदङ्ग्याउन सकिन्छ त्यो ठाडो नारामा हुन्न ।

आजको प्रगतिवादी आलोचनाले अन्य केही लेखक समान विशेष लेखकलाई लिएर एकहोरो बखान गर्ने होडबाजीमा पस्ने भन्दा उसको रचना-को मूल्यांकन गर्ने र त्यसलाई आपसी छलफलमा ल्याउने गर्नुपर्दछ । यस्तो प्रयाशले कसैमा देशका नयाँ पुराना कुनै लेखकका बारेमा पनि भ्रम रहने छैन ।

प्रगतिशील साहित्यको कतिपय कमीले गर्दा एउटा व्यक्ति एकपल्ट प्रगतिशीलको नाममा कराउँदा कराउँदै केही समयपछि त्यही व्यक्ति उल्टो बाटो हिडन लागेको हुन्छ अथवा सस्ता रचनाहरूलाई उठाएर प्रचार गर्न लागेको हुन्छ । यस्ता उदाहरणहरू धेरै छन् । आलोचना स्वयमै एक रचनात्मक सृजना भएकोले यो सैद्धान्तिक परिभाषा मात्र गर्ने नभई रचना-माथि बसेर त्यसको सम्पूर्ण चरित्रमा बोल्दै गर्ने पनि गर्नुपर्दछ ।

("सक्-सक्", वर्ष-१, अंक २ बाट साभार)

CC-0. In Public Domain. Digitization by eGangotri

आजको एउटा कथा संग्रह

रमेश विकलको दोस्रो कथा–संग्रह आजको नेपाली कथा–साहित्यको एउटा प्रतिनिधि छ। यद्यपि ढिलो गरेर यो कथा–संग्रह मैले पढ्न सकें—म यही टुङ्गोमा पुगें, विकलको यस दोस्रो संग्रहका कथाले आफ्नो पहिलो संग्रहका कथाको परम्परालाई अघि बढाउन सकेको छैन। विकलको पहिलो संग्रह एउटा विचार र चिन्तन लिएर आएको थियो भने यो दोस्रो संग्रह एउटा सपाट चित्र मात्र छ। पहिलो संग्रहका 'मधुमालतीको कथा', 'तर कोपिला फक्रेन' र 'बमको छिर्काले' 'प्रेमको सम्बन्धमा तथा एउटा गरीब बाल कलाकार' र 'संहारकारी युद्धको सम्बन्धमा' एउटा नयाँ विचार दिनको साथै एउटा चिन्तन पनि तयार गर्न सकेको थियो भने 'भन्ज्याङको चौतारो' बिना विचार र बिना चिन्तनको एउटा सपाट चित्र छ।

'भन्ज्याङको चौतारो' को बले विदेशबाट घर फर्किदै गरेको एउटा फौजी सिपाहीको भन्ज्याङमा अचानक उसकी पोइल गइसकेकी स्वास्नी पातलीसंग भेट हुन्छ—पातली र बले दुवै एक पल्ट एक अर्कोदेखि हच्किन्छन्—बले एक छिन पातलीसंग भित्रै रिसाउँछ—दुवै भित्रभित्रै आफ्ना प्रेमका विगत कुरा सम्झन लाग्छन्—यत्तिकैमा बले पातलीप्रति भित्रै पग्लेर आउँछ—दुवैको कुराकानी हुन्छ—पुराना कुरा सम्झन्छन्—बले पातलीलाई फेरि लिने विचार देखाउँछ—पातली भित्रै खुसी भएर पनि प्रकटमा अनकनाएको देखाउँछे—यत्तिकैमा पातलीको लोग्ने आइपुग्छ, पातली अनकनाउँदै उसको पछि लाग्छे। बलेलाई छोड्न लाग्दा उसको छाती चिरिएर उठ्छ, यता बले पनि विरक्त हुन्छ।

यस्तो लाग्छ यो एउटा सपाट चित्रको जोल्टाइएको रिल मात्र हो, जुन चित्रहरू मुकुन्द ढुंगेलको 'आँखाको दूर्बीनमा★' दिनभर लगातार देखा परि-

★रचना पूर्णाङ्क ६ मा प्रकाशित

CC-0. In Public Domain. Digitization by eGangotri

रहन्छन् । यस प्रकारले जोल्ठाइएको चित्रको न कुनै विचार नै हुन्छ न त यसको भित्र कुनै चिन्तन । बलेलाई फोजी सिपाही बनाएर त्यहाँ उपस्थित गराउने प्रयोजनको पछाडि कथाको उद्देश्य के ? जुन प्रयोजनले लेखकले एउटा सिपाही बलेको चित्रण तयार गरेको छ त्यसको त्यही अनुसारले उपयोग पनि हुनुपर्छ—उसको कुनै खास प्रयोजनसंग मिल्ने एउटा चरित्र र प्रवृत्तिको निर्माण हुनैपर्छ । पातलीसंग भेटाएर दुई बिचमा गराइएको कुराबाट मात्र उसको पूर्ण चरित्रको निर्माण हुन सकेको छैन । बलेको उपस्थिति सर्वथा बिना प्रयोजनकै छ, यसैले यस कथाको कतै संघर्ष (Climax) पनि तयार हुन सकेको छैन । मानेर हिंड्नुपर्दा यसको संघर्षको सृजना त्यति बेला हुन लाग्छ जब बले पातलीलाई फेरि लिने इच्छा देखाउँछ, यता पातली आफ्नो लोग्नेसंग जान अनकनाएकी छे, तर यो त यहाँ कथाको अन्त्य बनेको छ ।

कथामा संघर्ष उपस्थित खास प्रवृत्तिले आफ्नो पुनर्वासको निम्ति गर्ने संघर्ष छ—यो छ जीवनमा पाइने द्वन्द्वात्मक-प्रणालीको रूप । समाजको कुनै समस्या होस् वा अरू नै कुनै सवाल त्यसको प्राप्तिमा ऊ एक पल्ट संघर्षी भएर उठ्छ, त्यसलाई प्राप्त गर्ने कुरा (कथाको समाधान) उसको आफ्नो चरित्रको साथै मौजुद बाह्य स्थितिले पनि त्यसमा प्रभाव पार्ने गर्छ । यस कहानीमा जतिसम्मका प्रस्तुत चरित्रलाई लिंदा बलेको मनोभावलाई बुझिसके-पछि पातली बलेप्रति भित्रैदेखि फेरि आकर्षित हुन्छे—आफ्नो लोग्नेसंग जान अनकनाएको तैपनि लुरू-लुरू पछि लाग्छे नै । तब यी सारा घटनाहरू जोड्नुको प्रयोजन के ? जब बले र पातलीको अचानकको संयोगले उत्पन्न गराएका प्रतिक्रियामा पनि यो कथा केन्द्रीभूत भएको छैन । छोडिसकेको पोइसंग फेरि जाँदा अरूले के भन्लान् भन्ने कुराले पातली रोकिन्छे, तर यति कारणले पातलीमा फेरि एक पल्ट जागेको प्रेम एउटा जत्रोसुकैको भए पनि संघर्ष नगरी आफै-आफ रोकिन्न । फेरि बले र पातली जस्ता संस्कृति र समाजका चरित्रका प्रतिनिधि बनेर उपस्थित छन् अरूले के भन्लान् भन्ने एउटा साधारण सोचाइले पातलीमा जागिसकेको प्रेम चुप बस्न सक्तैन ।

कथाले जरूर नै कुनै एउटा कुरा भन्नुपर्छ—के भने लेखकले उपस्थित गराएका पात्रहरूको जरूरै एउटा चरित्रको निर्माण भएको हुन्छ र त्यसलाई

CC-0. In Public Domain. Digitization by eGangotri

डोऱ्याउने उसैको आफ्नो एउटा प्रवृत्ति । प्रवृत्ति मानव प्रेरणा र उसको आकांक्षाको त्यो द्योतक हो जो आफ्नो उद्देश्य प्राप्तिकोलागि सदैव संघर्षशील रहने गरेको हुन्छ । यी छन् मानवीय स्वभाव र चरित्रमा पाइने लक्षणहरू । अतः साहित्यिक सृजना यिनै मानव आकांक्षा र उसको प्रेरणाको सृजनाकार छ, यसैले साहित्यिक सृजनालाई मानव–स्वभावको एउटा मूर्त्तरूपमा मानिन्छ । साधारण आँखाले एउटा घटनाक्रम मात्र देख्ने गरेको हुन्छ भने सृजनाको आँखा त्यसका भित्री गुणानिगुण कारणहरूलाई बटुल्नतिर हुन्छ ।

यस दृष्टिमा 'भञ्ज्याङको चौतारामा उपस्थित चरित्रहरू आफै–आफ अपूर्ण र असफल छन् भन्ने कुरा प्रस्ट छ । अब यस संग्रहमा प्रमुख स्थान पाएको कथा 'नयाँसडकको गीत' लाई यहाँ हेरौं । यो कथाको प्रवेश गराइ र यसभित्रका चरित्रको प्रारम्भ निश्चय नै अनौठो र आकर्षणपूर्ण रूपमा छन् । तर यसको सम्पूर्ण बनौटलाई साम्नेमा ल्याउँदा यसको प्रधान चरित्र कुन हो छुट्टिएर आएको पाइन्न । अन्धो र सानी विचको सम्वन्ध र नयाँ सडकको सभ्यता यी दुई विचमा एउटा प्रधान वन्न सक्ने चरित्र छन्, तर ती दुवै आफै-मा अपूर्ण रहेका छन् ।

यस कथामा प्रस्तुत दुईतर्फे चरित्रका प्रवृत्तिमा दुवैतिर सृजनाको एउटा प्रयास निश्चय नै रहेको छ—जस्तो कि अन्धो एउटा चरणमा पुगेर स्वाभाविक विद्वेषलाई जगाउँदै 'तैले पनि उनीहरूसंग आँखा झिम्क्याइस् कि' भन्ने उसको सानीसंगको सोधाइ एउटा चरित्र निर्माण गर्ने उद्देश्यमा देखिन आएको छ । तर यो यत्तिमै टुंगिएकोले यसको उद्देश्य पनि अन्धकारमै रह्यो । उतापट्टि अर्कोतर्फ नयाँसडकको सभ्यताको चरित्र लिएर सानीसित जिस्कन आउनेहरूको एकाङ्गी चरित्र मात्र पेश गरिएकोले बिस्तारै–विस्तारै त्यो पनि आफै कताको कता विलीन गराइएको छ । तव यस कथाको सृजनात्मक उद्देश्य के हो त ? यसमा प्रस्तुत पात्रहरूको सिधा रेखाचित्र उतार्ने काम छोडी अरू सृजनात्मक चरित्रमा आउन सकेको छैन । विकलको यस संग्रहका धेरैजसो कहानीहरू यही प्रकारले सपाट चित्रवाला अथवा रेखाचित्र गर्नेभन्दा बेसीमा पाइन्नन् ।

यसैवाट पनि आज लेखिएका नेपाली कथा–साहित्यको स्वरूपलाई साम्नेमा ल्याउन सकिन्छ । कतिलाई साहित्यमा एउटा विचारभन्दा विरोध

CC-0. In Public Domain. Digitization by eGangotri

होला—तर यो साहित्यिक कृतिको आफ्नो उद्देश्यमूलक विचार हो। साहित्यमा स्वस्थता तथा विकासशील विचार र यसमा गहनता आज सबैको मांग छ। त्यसैले साहित्यमा यथार्थबाद यो अति नै गहन र व्यापक स्वरूप छ। सामाजिक समस्यालाई लिई बोल्ने साहित्यले जनभावनामा निहित उनीहरूको आकांक्षा र प्रेरणालाई सजिलोसंग प्रकाशमा ल्याउन सक्नुपर्छ—उनीहरूको माथिको व्यवहार र कुराकानीलाई साधारण ढंगले माथि-माथिबाट टिप्दैमा काम पूरा हुन सक्तैन। आफ्ना आकांक्षाबाट प्रेरित मानवमा मात्र पाइने उसको प्रेरणा जसले सधैं उसलाई अभ्चालित गरेको हुन्छ कैले नमर्ने मानव-भित्रको यो अति ठूलो शक्ति छ, यसलाई चिन्ने अथवा चिन्ने प्रयासको साहित्यिक रचना पनि उसरी नै सधैंको सजीव मानिन्छ। नेपाली कथा-साहित्य यसतर्फको प्रयासदेखि अहिले टाढै रहेको छ—जसको परिणाम नेपाली कथा-साहित्यले आफ्नो समाजको भित्री-आत्मालाई गहिरिएर हेर्न नसकेको अवस्थामा बाहिरी विकसित साहित्यलाई लिन लाग्दा संग-संगै लस्सिएर आएको त्यसको खोक्रो आवरण समेत हाम्रो साहित्यमा जतातते छाउँदै गएको पाइन्छ। नजानिने गरेर यसरी साहित्यमा नकलबाजी सुरू हुन लाग्छ—यसले यता आफ्नो चिन्तनलाई सधैं निमोठिदीने गरेको हुन्छ।

यसको एउटा राम्रो उदाहरण म विकलजीकै 'हिमालयको छहरा समुद्रको छाल❋' भन्ने कथालाई यहाँ उपस्थित गर्छु। यस कथाको आफ्नो आत्मा छैन, जोडजाड गरेर तयार गरिएको एउटा शरीर सिधा नकलबाजीबाट छ। पहिला यसका पात्रहरूलाई हेरौं—कुनुरानी पाहाडका एक घरानियाँ परिवारको तरूनी जसको विवाह आधुनिक शिक्षाको सहरिया ठिटो कुमारसंग हुन्छ। जोन अमेरिकन एक युवक, कुमारको आत्मीय साथी जससंग कुनुरानी पछि गएर भाग्छिन्। कुनुरानी पाहाडकी अशिक्षित ठिटी परपुरूषको अगाडि पर्न डराउने, तर कुमार उनलाई पार्टीमा लैजाने तथा रक्सी पियाउने र अरू पुरूषसंग मिलाउने गर्छ। यसैमा जोन कुनुरानीप्रति मुग्ध भएर प्रेमको व्यवहार देखाउन लाग्छ—कुनुरानी तर्सिन्छिन्—कुमार उनलाई असभ्य

❋रचना पूर्णाङ्कः ६ मा प्रकाशित

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झी हाँस्छ—जोन प्रोत्साहित हुँदै जान्छ यता फ्जुरानी पनि—एक दिन दुवै अमेरिका भाग्छन् ।

अब ध्यान दिइयोस् यी सारा बयानात्मक घटना मात्र छन्, यसमा उपस्थित पात्रहरू कसैको पनि चरित्रको निर्माण गरिएको छैन । यी कुरा एउटा नेपाली ठिटो आफ्नो चरित्र निर्माणमा त्यसरी आउन सक्तैन जस्तो आत्मा नभएको एउटा पुतलाको समानको बयान गरिएको छ । कुमारलाई आधुनिक सभ्यताको नाममा जुन रूपमा उभ्याइएको छ यो उसले भरखरै ग्रहण गर्न लागेको सभ्यता छ, उसको परम्परागत चल्दै आएको संस्कृतिको उपज होइन । भन्दैमा एउटा छुट्टै परम्परामा हुर्केको कुमारमा छुट्टै त्यो गुणात्मक परिवर्तन आउन सक्ने कुरा थिएन । उसले भरखरै ग्रहण गर्न लागेको सभ्यता र उसको परम्परामा रहने द्वन्द्व सम्मको यसमा कतै अभिव्यक्ति पाइन्न । यस कथाको सुधारात्मक कुनै उद्देश्य रहेतापनि आज यसको कुनै उपयोगिता रहन सक्तैन, कारण यी सिधा नक्कल गरिएका घटनाको बनौटमा नेपाली नाम टाँसिएका मात्र छन् ।

सके यहाँ कतिलाई साहित्यमा यथार्थवाद तथा प्रगतिवाद भन्ने आदि संदर्भसंग नै राग हुन सक्ला— भरखरै छापिएको 'सृजित साहित्य सङ्कलित साहित्य*' भन्ने एउटा लेखमा भवानी भिक्षुले यथार्थवादी–साहित्यलाई सङ्कलित साहित्यको संज्ञा दिई यो प्रतिभा बिना श्रमबाट तयार गरिने साहित्य हो र दोस्रो सृजित भन्ने साहित्य कल्पनाबाट उब्जने साहित्य हो भन्ने देखाउनुभएको छ । यथार्थवाद र प्रगतिवादी साहित्यमाथि भिक्षुले जथाभावी बोलेको कुरापट्टि यहाँ नलागुँ—तर सृजित र सङ्कलित भनेर साहित्यिक कार्यालयलाई विभाजित गरी जस्तो समझ तयार गरिएको छ त्यो भिक्षुको आफ्नै स्वविवेकको घोषणा छ, साहित्यिक वास्तविकतासंग यसको कुनै सरोकार छैन ।

तर जहाँसम्म विषयको गहनतालाई हेर्ने कुरामा नेपाली साहित्यलाई त्यो सफलता मिलेको छैन अथवा त्यसप्रति त्यति ठूलो प्रयास नै रहेका छैन भने पनि हुन्छ । यस संग्रहभित्रका दुई तीन कहानीलाई छानबिन गरेर जे जति

*रचना पूर्णाङ्कः ६ मा प्रकाशित

CC-0. In Public Domain. Digitization by eGangotri

बुझयौं—अब फेरि यसका बाँकी कथालाई पनि हेरौं । कथामा 'प्रतिहिंसा' र 'विहानीपखको बत्ती' मुख्य गरेर मनोवैज्ञानिक उद्देश्यका छन् । 'प्रतिहिंसा' को हर्के सानो बालखलाई छोडेर पोइल गएकी आफ्नी स्वास्नी पुतलीसंग प्रतिहिंसा-को भावना लिएर उठ्छ । भनिएको छ हर्के आफ्नी स्वास्नीलाई अति मायाँ पनि गर्थ्यो—त्यसो भए त्यो प्रेमभित्रका प्रतिशोध हो जसमा प्रतिहिंसा एक मात्रको कल्पना गर्न सकिन्न । हर्केलाई प्रतिहिंसाको भावनामा जगाउने आधार पुतलीले छोडेर गएको सानो बालखलाई देखाइएको छ । हर्के एकाध पल्ट पुतलीसंगको प्रेमलाई सम्झेर क्षुब्ध पनि हुन्छ, तर यो ज्यादै हल्का रूपमा ल्याइएको छ । सुरूदेखि अन्त्यसम्म हर्के एउटै प्रतिहिंसाको भावनामा प्रबल रहेको देखाइन्छ ।

यो कुरा प्रस्टै छ हर्केको भित्र पुतलीप्रति प्रेम पनि छ—तर त्यसको बराबरी गरेर चित्रण गरेको पाइन्न । सानोलाई देखेर मानौं हर्के प्रतिहिंसामा आउँछ, तब प्रेमको पीडाले ऊ क्षुब्ध बनेको चित्रण पनि संगसंगै आउनुपर्ने । क्षुब्धता वेदनाको स्थिति छ, यति वेला उसले आफूलाई दुःखी र दुर्वल पनि देख्नुपर्छ । अन्त्यमा हर्केको रिस सुस्त भएर पुतलीप्रति स्नेही बनेको छ, यो छोराको आमाप्रतिको स्नेहलाई देखेर अनि पुतलीलाई निर्धो समेत देखी भन्ने देखाइएको छ । तर निर्धोलाई सहानुभूति र दया मात्र दिइन्छ, त्यहाँ फेरि सहवासको कुरा उठ्दैन । बालखकी अभागी आमा भन्ने हर्केका पुतलीप्रतिको यो सहस्नेहको नै अभिव्यक्ति छ । यो सबै झंझट पैदा हुनुको पछाडि यही कारण छ कथालाई समाधानमा लैजानकोलागि प्रतिहिंसात्मक भावनामा उठाइएको हर्केलाई कुनै उपायले फेरि पुतलीसंग मिलाउनु नै बन्यो, त्यसको-लागि यी अनेकौं बनावटी कारणहरू तयार हुन आएका छन् । जब हर्के पुतलीसंग फेरि मिल्न पुगेको छ भने उसको भित्रको पुतलीप्रतिको प्रेम नै प्रमुख कारण छ । हर्केको पुतलीप्रतिको त्यस स्नेहलाई बराबरी गरेर चित्रण गर्न छोडिदिएकोले कथाको स्वाभाविक आकर्षणलाई त मारेकै छ—यता हर्केको एकोहोरो प्रतिहिंसात्मक बकबकले एउटा निम्नताको प्रदर्शनलाई मात्र फैलाएको भान हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो 'विहानीपखको वत्ती' को शारदाको चित्रण जति सफलतासाथ प्रवेश गर्छ कथाको मध्यान्तरमा जव लेखक आफैं बयान गर्न लाग्छ फेरि शारदा अन्त्यसम्मै मनोवैज्ञानिक सृजनामा आउँदिन। निचोडमा,—मनोवैज्ञानिक सृजनाको साथ जसरी शारदा प्रवेश गरेकी छ पछि गएर उसका भावनाहरू स्वाभाविक खेल खेल्न छोडिदिन्छन् त्यहाँ लेखक आफैं बोलेको हुन्छ। अतः यी दुवै कथा मनोवैज्ञानिक चरित्रचित्रण गर्ने आफ्नो उद्देश्यमा सफलतासाथ गठित हुन सकेका छैनन्।

संग्रहका बाँकी कथामा 'लाहुरी भैंसी' सामाजिक चित्र तयार गर्ने काममा सफल रहेको पाइन्छ—यसभन्दा पनि 'सुवेदार रणे बूढो' को व्यक्तित्व-को वर्णन अति नै सुन्दरतासाथ आएको छ। अरू बाँकीमा 'विरेकी आमा' 'दुई रुपियाँ नोट' र 'सिङ्गारी बाखा' पहिले प्रकाशित भएका छन्—पछि लेखिएका कथाहरूलाई मात्र मैले यसको अध्ययनभित्र ल्याएको छु।

—❀—

G.NO. 1522

८९१.४९०१
अ ४२ने

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

Ag52

लेखक :- डी. पी. अधिकारी

मुद्रक :- कालिमाटी प्रिन्टिङ्ग प्रेस, कालिमाटी, (त्रिभुवनेश्वर), काठमाडौं